प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७७ को दफा ४२(१)

बमोजिमको

# प्रदेश सरकारको वार्षिक प्रतिवेदन

## आ.व. २०८०/०८१

बागमती प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, मकवानपुर

## विषय-सूची


परिच्छेद १ ......................................................................................................१

१.१ कार्यकारी सारांश ........................................................................................१

१.२ प्रतिवेदनको उद्देश्य........................................................................................१

१.३ प्रतिवेदनको सीमा........................................................................................१

१.४ प्रतिवेदन तयारी विधि....................................................................................१

१.५ प्रतिवेदनको संरचना......................................................................................१

परिच्छेद २ ......................................................................................................३

प्रदेश परिचयः ..................................................................................................३

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ............................................................ ४

२. कृषि तथा पशुपन्छी विकास मन्त्रालय.................................................................. ७

३. आर्थिक मामिला तथा योजना मन्त्रालय.................................................................१५

४. भौतिक पूर्वाधार विकास मन्त्रालय...................................................................... २०

५. आन्तरिक मामिला तथा कानून मन्त्रालयः..............................................................२६

६. वन तथा वातावरण मन्त्रालय............................................................................४०

७. खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय ...............................................................५१

८. स्वास्थ्य मन्त्रालय..........................................................................................५८

९. सामाजिक विकास मन्त्रालय .............................................................................७४

१०. श्रम, रोजगार तथा यातायात मन्त्रालय................................................................ ८६

११. युवा तथा खेलकुद मन्त्रालयः............................................................................ ९०

१२. उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय....................................................... ९२

१३. संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय ..............................................................१०१

१४. प्रदेश नीति तथा योजना आयोग........................................................................११२

१५. प्रदेश लोक सेवा आयोग ................................................................................ ११६

१६. मुख्यन्यायधिवक्ताको कार्यालय........................................................................१२०

परिच्छेद ३ ................................................................................................... १२३

३. सुशासन तथा सेवा प्रवाहमा सुधार ल्याउन भएका प्रयासहरू.......................................... १२३

परिच्छेद ४ ....................................................................................................१२५

४.सेवाप्रवाहमा देखिएको समस्या तथा सुधारका उपायहरू.................................................१२५

**४.१ सेवा प्रवाहमा आएका समस्याहरू**..........................................................................१२५

**४.२ समस्या समाधानका लागि सुझावहरूः** ........ १२७

५. उपसंहार ........ १२९

अनुसूची-१ ........ १३१

महत्वपूर्ण क्षेत्रगत सूचकहरु ........ १३१

परिच्छेद १

## १.१ कार्यकारी सारांश

नेपालको संवैधानिक व्यवस्था अनुसार बागमती प्रदेश सरकार प्रदेश तहको शासन सञ्चालन, विकास निर्माण तथा सेवा प्रवाहमा क्रियाशिल रहेको छ।स्थापनाको पहिलो सात वर्षको अवधिमा बागमती प्रदेश सरकारका निकायहरुको सांगठनिक संरचनाको व्यवस्था, आवश्यक नीतिगत तथा कानूनी प्रवन्धलगायतका कार्यमा महत्वपूर्ण उपलब्धि हासिल भएको छ। आगामी दिनमा वित्तीय तथा प्रशासनिक सुशासनमार्फत् स्रोतसाधनको दिगो तथा फराकिलो आर्थिक विकास, सामाजिक न्याय र समतामूलक समाजको विकासतर्फ केन्द्रित हुन आवश्यक रहेको छ।

प्रदेश सुशासन ऐन, २०७७ को दफा ४२ (१) मा प्रदेश सरकारले शासकीय सुधार र सुशासन प्रवर्द्धन कायम गर्न गरेका उल्लेखनीय कार्यहरूको प्रगतिसम्बन्धी प्रतिवेदन तयार गरी सोहि ऐनको दफा ४२(३) बमोजिमको प्रतिवेदन तयार गरी मुख्यमन्त्रीमार्फत् प्रदेश सभासमक्ष पेश गर्नुपर्ने व्यवस्था भएबमोजिम प्रस्तुत प्रतिवेदन आ.व. २०८०/०८१ मा बागमती प्रदेश सरकारले यससम्बन्धमा गरेका मुख्य कार्य तथा प्राप्त उपलब्धिहरू समेटी तयार गरिएको छ।

## १.२ प्रतिवेदनको उद्देश्य

प्रदेश सुशासन ऐन, २०७७ बमोजिम आ.व. २०८०/०८१ मा बागमती प्रदेश सरकारले शासकीय संयन्त्रहरू मार्फत गरेका सार्वजनिक सेवाप्रवाह, विकास निर्माण कार्य र अन्तरसमन्वयका माध्यमबाट सुशासन प्रबर्द्धन गर्न आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक क्षेत्रमा गरेका महत्त्वपूर्ण गतिविधिहरू, उदाहरणीय कार्यहरू तथा प्राप्त उपलब्धिहरूलाई प्रतिवेदनमार्फत् नागरिकस्तरसम्म पुर्‍याउने रहेको छ।

## १.३ प्रतिवेदनको सीमा

प्रदेश सरकारबाट मन्त्रालयगतरूपमा आ.व. २०८०/०८१ मा सम्पादन गरिएका नीतिगत, कानूनी, संस्थागत एवम् कार्यक्रमगत विषयका क्षेत्र र प्राप्त उपलब्धिहरूलाई यस प्रतिवेदनमा समावेश गरिएको छ।साथै, सेवा प्रवाह र विकास निर्माणका सम्बन्धमा देखिएका समस्याहरू र सुधारका उपायहरूलाई संक्षिप्त रूपमा समेत समावेश गरिएको छ।

## १.४ प्रतिवेदन तयारी विधि

यस प्रतिवेदन तयारीका लागि प्रदेश मन्त्रालयहरूबाट आ.व. २०८०/०८१ मा भएका मुख्यमुख्य कार्यहरू, नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्था, मन्त्रालयको समग्र जनशक्तिको अवस्थालगायतका विषयहरूसहितको ढाँचामा विवरण माग गरी एकीकृतरुपमा यस प्रतिवेदन तयार गरिएको छ।

## १.५ प्रतिवेदनको संरचना

प्रतिवेदनलाई कुल चार परिच्छेदमा विभाजन गरिएको छ जसअन्तर्गत परिच्छेद १ मा कार्यकारी सारांश, प्रतिवेदनको उद्देश्य, सीमा, तयारी विधि तथा संरचना, परिच्छेद २ मा प्रदेश सरकारका निकायबाट सम्पादन भएका प्रमुख कार्य र प्राप्त उपलव्धि, परिच्छेद ३ मा सुशासन तथा सेवा प्रवाहमा सुधार ल्याउन भएका नवीन

प्रयासहरू तथा परिच्छेद ४ मा बागमती प्रदेश सरकारको सेवाप्रवाहमा देखिएका समस्या तथा सुधारका लागि भएका प्रयासहरू उल्लेख भएका छन्।

परिच्छेद २

**प्रदेश परिचयः**

नेपालको कुल क्षेत्रफल १,४७,६४१.२८ वर्ग कि.मि. मध्ये २०,३०० वर्ग कि.मि. यस बागमती प्रदेशमा पर्दछ। पूर्वमा कोशी प्रदेश, पश्चिममा गण्डकी प्रदेश, उत्तरमा चीन र दक्षिणमा मधेश प्रदेश तथा भारतसँग यस प्रदेशको सीमाना जोडिएको छ।समुद्र सतहदेखि १४१ मिटरमा रहेको चितवनको गोलाघाटदेखि रसुवा जिल्लाको ७,२२९ मिटरको उचाईमा रहेको लाङटाङ हिमालसम्म फैलिएको यो प्रदेशमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए अनुसार हिमाली क्षेत्रमा पाँच जिल्ला (धादिङ, रसुवा, रामेछाप, सिन्धुपाल्चोक र दोलखा), पहाडी दुई जिल्ला (नुवाकोट र काभ्रेपलाञ्चोक), उपत्यकाका तीन जिल्ला (काठमाडौं, ललितपुर र भक्तपुर) र भित्री मधेशका तीन जिल्ला (सिन्धुली, मकवानपुर र चितवन) गरी कुल १३ जिल्ला रहेका छन्। नापी विभागका अनुसार यो प्रदेश २६.५५ डिग्री देखि २८.२३ डिग्री उत्तरी अक्षांशसम्म र ८३.५५ डिग्री पूर्वी देशान्तरदेखि ८६.३४ डिग्री पूर्वी देशान्तरसम्म फैलिएको छ। प्रदेशका १३ जिल्लामा ३ वटा महानगरपालिका, १ वटा उपमहानगरपालिका, ४१ वटा नगरपालिका तथा ७४ वटा गाउँपालिका गरी ११९ स्थानीय तह छन्। प्रदेशभित्र रहेका काठमाडौं, ललितपुर र भरतपुर तीन महानगरपालिकाहरू हुन् भने प्रदेशको राजधानी समेत रहेको हेटौंडा एकमात्र उपमहानगरपालिका हो।काठमाडौं र भक्तपुर जिल्ला गाउँपालिका विहिन छन् भने रसुवा जिल्लामा नगरपालिका छैन। मिति २०७६ साल पुस २७ गतेको प्रदेश सभाले प्रदेशको नाम बागमती र प्रदेश राजधानी हेटौंडा नामाङ्करण गरेको हो। यस प्रदेशअन्तर्गत प्रत्यक्षतर्फ ३३ प्रतिनिधि सभा निर्वाचन क्षेत्र रहेका छन भने प्रदेश सभाअन्तर्गत प्रत्यक्षतर्फ ६६ र समानुपातिक तर्फ ४४ गरी कुल ११० प्रदेश सभा सदस्य रहने व्यवस्था छ। बागमती प्रदेश सरकारअन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १३ वटा मन्त्रालय रहेको छ।साथै, लोक सेवा आयोग, प्रदेश नीति तथा योजना आयोग, महान्यायधिवक्ताको कार्यालय लगायतका कार्यालयहरु स्थापना र सञ्चालनमा रहेका।यस प्रदेश मन्त्रालय तथा निकायअन्तर्गत कुल स्वीकृत दरबन्दी ५१४३ रहको छ।

नेपालको कुल जनसङ्ख्या मध्ये यस प्रदेशको जनसङ्ख्याले २०.९७ प्रतिशत ओगट्दछ।बागमती प्रदेशको कुल जनसङ्ख्यामध्ये महिलाको सङ्ख्या ५०.२ प्रतिशत र पुरुषको सङ्ख्या ४९.८ रहेको छ भने लैङ्गिक अनुपात ९९.३६ रहेको छ। यस प्रदेशको कुल जनघनत्व ३०१ प्रतिवर्ग कि.मी. र जनसङ्ख्या बृद्धिदर ०.९७ प्रतिशत रहेको छ भने यस प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरुको जनसङ्ख्या २.० प्रतिशत रहेको छ।जातिगत रूपमा यस प्रदेशमा मुख्यतः तामाङ (२०.४२ प्रतिशत), पहाडी ब्राह्मण (१८.२८ प्रतिशत), क्षेत्री (१७.२८ प्रतिशत) र नेवार (१६.९२ प्रतिशत) समुदाय रहेका छन् भने १०४ वटा जातिहरू (अन्य समेत) को उपस्थिति १ प्रतिशतभन्दा कम छ।

प्रदेशको धरातलीय विविधताअनुसार यहाँको हावापानीमा पनि विविधता रहेको छ। समुन्द्र सतहदेखि १४१ मिटर उचाईमा रहेको चितवनको गोलाघाटदेखि ७२२७ मिटर उचाईमा रहेको रसुवाको लाङटाङ हिमालसम्म फैलिएकोले यहाँ सबै प्रकारको हावापानी पाइन्छ।यस प्रदेशमा हिन्दुहरुको आराध्यदेव पशुपतिनाथ (काठमाडौं), बूढानीलकण्ठ (काठमाडौं) ,स्वयम्भूनाथ (काठमाडौं), चाँगुनारायण (भक्तपुर), गोसाइकुण्ड (रसुवा), कालिञ्चोक भगवती (दोलखा), भिमेश्वर (दोलखा), लगायतका महत्वपूर्ण धार्मिक स्थलहरु मकवानपुर गढी, सिन्धुलीगढी, रसुवागढी लगायतका साँस्कृतिक सम्पदाहरु, लाङटाङ हिमश्रृंखला, गौरीशंकर हिमश्रृंखला, २० हजारीय ताल,

गोसाईकुण्ड, च्छोरोल्पा हिमताल, जटा पोखरी, पाँच पोखरी तथा बहुलाह पोखरीलगायत प्राकृतिक सम्पदा रहेका छन्।

यस प्रदेशको कुल जमिनको ५३.७ प्रतिशत अर्थात् १०९००८५ हेक्टर जमिन वनले र ७.५७ प्रतिशत १५३७५९ हेक्टर झाडी बुट्यानले गरी कुल ५९.२७ प्रतिशत अर्थात् १२४३८४४ हेक्टर जमिन वन क्षेत्रले ओगटेको छ भने २४.३४ प्रतिशत अर्थात् ४९४०८४ हेक्टर जमिनमा खेती भएको देखिन्छ। सबैभन्दा थोरै जमिन ३०७ हेक्टर अर्थात् ०.०२ प्रतिशत ताल पोखरीले ओगटेको देखिन्छ।

आर्थिक वर्ष २०८०/०८१ मा बागमती प्रदेशको कुल ग्राह्यस्थ उत्पादन मुलुकको कुल ग्राह्यस्थ उत्पादनको ३६.३६ प्रतिशत अर्थात रु.२० खर्ब ७४ अर्ब २७ करोड रहेको देखिन्छ। यस प्रदेशको कुल ग्राह्यस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान ७७.४ प्रतिशत, कृषि क्षेत्रको योगदान १२.० प्रतिशत र उद्योग क्षेत्रको योगदान १०.६ रह्यो। आर्थिक वर्ष २०८०/०८१ मा मुलुकको आर्थिक वृद्धिदर कुल ३.८७ प्रतिशत रहने अनुमान गरिएकोमा बागमती प्रदेशको आर्थिक बृद्धिदर ३.९६ प्रतिशत रहने अनुमान छ।यस प्रदेशमा निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसङ्ख्या १२.५९ प्रतिशत र बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या ७ प्रतिशत रहेको छ।त्यस्तै यस प्रदेशको बेरोजगारी दर ५.८४ प्रतिशत रहेको छ।बागमती प्रदेशको साक्षरता दर ८२.१ प्रतिशत रहेको छ भने कुल ९९.५ प्रतिशत जनसङ्ख्यामा विद्युत सेवाको पहुँच पुगेको छ।

आर्थिक वर्ष २०८०/०८१ मा बागमती प्रदेशको कुल अनुमानित बजेट रु.६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रहेकोमा आर्थिक वर्षको अन्त्य सम्ममा कुल रु.४५ अर्ब ६७ करोड ७ लाख ६५ हजार २१४ रुपैया (प्रारम्भिक) खर्च भई कुल बजेटको ७२.८३ प्रतिशतको वित्तीय प्रगती हासिल भएको छ। आर्थिक वर्ष २०८१/०८२ का लागि अनुमानित बजेट रु.६४ अर्ब ५४ करोड ४ लाख ३१ हजार रहेको छ।

## प्रदेश सरकारबाट सम्पादन भएका प्रमुख कार्य र प्राप्त उपलब्धि

### १. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्थापना वि.सं. २०७४ माघ १९ गते भएको हो।यो कार्यालय बागमती प्रदेशको प्रादेशिक प्रशासनको सर्वोच्च निकाय (Apex Body) को रुपमा रहेको छ।राजनीतिक तथा प्रशासनिक दुवै दृष्टिकोणले उच्च निर्णय लिने, निर्देशन दिने र समन्वय एवम् नियन्त्रण गर्ने कार्यालय हुदाँ यो प्रादेशिक प्रशासनको केन्द्रविन्दुको रुपमा रहेको छ।यस कार्यालयअन्तर्गत प्रदेश किताबखाना तथा प्रदेश सुशासन केन्द्र रहेका छन्। प्रदेश सरकारअन्तर्गतका सबै निकायहरूको मुख्य नियामक र नीतिगत निकायका रूपमा यस कार्यालयलाई लिइएको छ। यस मन्त्रालय तथा अन्तर्गत गरी कुल ८६ जनाको दरबन्दी रहेकोमा हाल ४७ जनाको मात्र पदपूर्ति भएको छ।यस  मन्त्रालय तथा अन्तर्गतको स्वीकृत दरबन्दी तथा पदपूर्तिको अवस्था निम्नानुसार रहेको छ।

| स्वीकृत दरबन्दी | | | पदपूर्ति विवरण | | |
|---|---|---|---|---|---|
| अधिकृत तह | सहायकस्तर | श्रेणीविहीन | अधिकृत तह | सहायकस्तर | श्रेणीविहीन |
| ३७ | २७ | २२ | २१ | २६ | २२ |

**आ.व २०८०/०८१को प्रदेश सरकारको नीति तथा कार्यक्रमअन्तर्गत प्रगति विवरण**

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/ उपलब्धि |
|---|---|
| कार्यबोझ, आवश्यकता र औचित्यताका आधारमा प्रदेश सरकारअन्तर्गतका मन्त्रालय तथा निकायहरुको संगठन तथा संरचना पुनरावलोकन गरी कार्यजिम्मेवारीको अन्तरनिकाय तथा अन्तरतह दोहोरोपना अन्त्य गरिनेछ। संगठन तथा व्यवस्थापन सर्वेक्षणबमोजिम जनशक्ति आपूर्तिको व्यवस्था मिलाईनेछ। | प्रदेश सरकार र अन्तर्गतका निकायहरूको संगठन तथा संरचना पुनरावलोकनको कार्य सम्पन्न भएको। विभिन्न तहका रिक्त दरबन्दीहरुमा प्रदेश लोक सेवा आयोगमार्फत् पदपूर्ति गरिएको। |
| एकीकृत मानव संशाधन विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ। प्रदेश मन्त्रालय तथा कार्यालयहरुको व्यवस्थापन परीक्षण गरी व्यवस्थापकीय सुधार गरिनेछ। | मानव संशाधन विकास योजनाका सम्बन्धमा प्रदेशको दोस्रो आवधिक योजनामा आन्तरिकीकरण गरिएको। |
| प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका कर्मचारीहरुको सिटरोल, सम्पत्ति विवरणलगायतका अन्य वैयक्तिक अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ। | प्रादेशिक PIS Portal सम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन गरी प्रदेश मन्त्रालय/निकायका कर्मचारीको क्षमता विकास गरिएको। प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका कर्मचारीहरुको सिटरोल, सम्पत्ति विवरणलगायत अन्य वैयक्तिक विवरणहरुको अभिलेख व्यवस्थापन व्यवस्थित बनाईएको। |
| भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिईनेछ। आम नागरिकलाई छिटोछरितो सेवा प्रदान गरी सुशासनको अनुभूति दिलाउन सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउँदै थप सहज, सरल र प्रभावकारी बनाइनेछ। कर्मचारीहरुको मनोबल बढाउन थप अभिप्रेरित गर्ने नीति अवलम्बन गरिनेछ। | भ्रष्टाचारविरूद्ध प्रदेश सरकारले भ्रष्टाचार निवारण ऐन तथा नियमावलीमार्फत् प्रदेशस्तरमा सदाचार प्रवर्द्धनका निरोधात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रममार्फत् अभियान सञ्चालन गरिएको छ। सुशासन तथा सेवाप्रवाहका सम्बन्धमा स्थानीय तह, जिल्लास्थित सरकारी कार्यालयहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको। कर्मचारीहरुका लागि तनाव व्यवस्थापन तथा सकारात्मक सोच विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरिएको। |
| स्थानीय तहको संस्थागत सुदृढीकरण र सबलीकरणका लागि सङ्घीय सरकार तथा स्थानीय तहसँगको समन्वय तथा सहकार्य गरिनेछ। स्थानीय तहको जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिमा जोड दिइनेछ। प्रदेश समन्वय परिषद्को भूमिकालाई थप प्रभावकारी बनाउदैं लगिनेछ। | तहगत सरकारको अधिकारका सम्बन्धमा सबै प्रदेशका मुख्यमन्त्रीको सम्मेलनमार्फत् कार्यविस्तृतीकरण प्रतिवेदन सम्माननीय प्रधानमन्त्री समक्ष पेश गरिएको। प्रदेश सुशासन केन्द्रमार्फत् जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धमा तालिम तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको। |
| प्रदेश लोक सेवा आयोग, मुख्यन्यायधिवक्ताको कार्यालय, प्रदेश नीति तथा योजना आयोग र प्रदेश | प्रविधिमा आधारित सार्वजनिक सेवा प्रवाहमा जोड दिइएको। निकायका भौतिक पूर्वाधार विकाससम्बन्धी |

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/ उपलब्धि |
|---|---|
| सुशासन केन्द्रको संस्थागत सुदृढीकरण गरिनेछ। | विभिन्न कार्यक्रम सम्पन्न गरिएको। |

**चालू तथा पूँजीगत खर्चको अवस्था**

आ.व. २०८०/०८१मा यस कार्यालयको प्रादेशिक तथा सङ्घीय स्रोत गरी कुल विनियोजित बजेटको १२.०३ प्रतिशत खर्च भएको छ जसमा चालूतर्फ ११.६५ प्रतिशत र पूँजीगततर्फ ५४.२२ प्रतिशत खर्च भएको छ। मन्त्रालय तथा अन्तर्गतको बजेट उपशीर्षकअनुसारको खर्चको प्रगति विवरण देहायअनुसार छ। **(रू. हजारमा)**

| क्र.सं. | बजेट उपशीर्षक | चालू खर्च | खर्च प्रतिशत | पूँजीगत खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ३०१०००११ | १५०४८६.९८ | ७.९७ | ९१२९ | ५१.७२ | |
| २. | ३०१९१११२० | ५०४३६ | ३४.४७ | ९८१.१३३ | ६५.४१ | |
| ३. | ३०१९११२१ | १४२६ | ६७.९ | | | |
| कुल | | १८९६२० | ५२.०८ | १७९६८ | २४.४४ | |

**आ.व. २०८०/०८१मा यस कार्यालय तथा अन्तर्गत गरी क्षेत्रगत रूपमा भएका मुख्य-मुख्य कार्यक्रमहरूको विनियोजन तथा प्रगति विवरण देहायअनुसार रहेको छः-**

| क्र.सं. | क्षेत्र | कार्यक्रमको नाम | विनियोजित बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १. | प्रशासन | प्रदेश संगठन तथा व्यवस्थापन सर्वेक्षण | २३०००००.०० | २०४०४०१.०० | ८८.७१ |
| २. | सुशासन | प्रदेश समन्वय परिषद्को बैठक | १००००००.०० | ८३१०००.०० | ८३.१० |
| ३. | सुशासन | मन्त्रिपरिषद्का निर्णयहरु तथा कागजातहरु डिजिटाईजेशन | ५००,०००.०० | १८९०००.०० | ३७.८ |
| ४. | प्रशासन | कर्मचारी क्षमता विकाससम्बन्धी (सिप विकास, सकरात्मक सोच तथा तनाव व्यवस्थापन) | ५००,२१६.०० | ४०६,९४४.०० | ८१.३५ |

**राजस्व सङ्कलनको अवस्था**

आ.व. २०८०/०८१मा मन्त्रालय तथा अन्तर्गत गरी कुल रु. १५ हजार २ सय राजस्व सङ्कलन भएको छ। शीर्षकगत रूपमा संकलित राजस्वको विवरण तपसिलबमोजिम रहेको छः-

| क्र. सं. | राजश्व शी. नं. | राजश्व शीर्षक | सङ्कलित रकम (रु.हजारमा) |
|---|---|---|---|
| १ | १४२२९ | अन्य प्रशासनिक सेवा शूल्क | १२ |
| २ | १५१११ | बेरूजू | १.७ |
| ३ | १४२२४ | परीक्षा शूल्क | १.५ |
| जम्माः | | | १५.२ |

## २. कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्रदेशस्तरीय कृषि तथा पशुपन्क्षीसम्बन्धी नीति कार्यन्वयन गर्ने मन्त्रालय हो। यसअन्तर्गत ३६ वटा कार्यालय रहेका जसअन्तर्गत ५८३ वटा स्वीकृत दरबन्दी रहेकोमा ३३९ जनाको दरबन्दी पूर्ति भएको अवस्था रहेको। मन्त्रालयको दरबन्दी तथा पदपूर्तिको विस्तृत विवरण निम्नानुसार छः-

| स्वीकृत दरबन्दी | | | पदपूर्ति विवरण | | |
|---|---|---|---|---|---|
| अधिकृत तह | सहायकस्तर | श्रेणीविहीन | अधिकृत तह | सहायकस्तर | श्रेणीविहीन |
| १८१ | २४२ | १६० | ११७ | १८५ | ३७ |

**आ.व. २०८०/०८१को प्रदेश सरकारको नीति तथा कार्यक्रमअन्तर्गत मन्त्रालयको प्रगति विवरण**

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/ उपलब्धि |
|---|---|
| प्रदेशवासी नागरिकलाई खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति गरिनेछ। कृषि क्षेत्रको व्यावसायीकरणमार्फत् कृषि उपज दूध, मासु, अण्डा, लसुन, प्याज र तरकारीमा प्रदेशलाई आत्मानिर्भर बनाउने नीति अवलम्बन गरिनेछ। सङ्घीय सरकारबाट तोकिए बाहेकका कृषि उपजहरूको न्यूनतम समर्थन मूल्य तोक्ने कार्यलाई निरन्तरता दिइनेछ। | प्रदेशमा विभिन्न कृषि जन्य बालीको १० तथा पशुजन्य वस्तुको २ वटा गरी जम्मा १२ वटा ब्लक स्थापना भई व्यावसायिक कृषि उत्पादन कार्य भइरहेको।<br>उत्पादन प्रवर्द्धन कार्यक्रमअन्तर्गत व्यावसायिक तरकारी खेती ९७६ हे., मकै २०९ हे., धान १४५ हे., तेलहनबाली ७० हे., किवी ९६ हे., चैते धान २० हे. क्षेत्र विस्तार गरिएको। |
| उत्पादन र उत्पादकत्व वृद्धि गर्न समुदायमा आधारित सामूदाहिक कृषि व्यवसायलाई प्रोत्साहन गरिनेछ। कृषि तथा पशुपंक्षीजन्य उत्पादन वृद्धि गर्न "वडा र पालिकाहरूलाई पकेट क्षेत्र" घोषणा गरी कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेश सरकारद्धारा कृषि क्षेत्रमा प्रदान गरिदै आएको अनुदान र प्रोत्साहनको व्यवस्थालाई पुनरावलोकन गरी सबै किसानको पहुँच सुनिश्चित गरिनेछ। | स्थानीय तहसँगको सहकार्यमा समुदायमा आधारित खेती प्रणालीमार्फत् कृषि उत्पादनमा स्वनिर्भर वडा निर्माण गर्न समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम ५ वर्षसम्म सञ्चालन हुने गरी प्रदेश सरकारबाट कार्यविधि स्वीकृत गरी  कार्यक्रमको सुरुवात गरिएको, चालू आ.व. मा कृषितर्फ ४० तथा पशुपन्छीतर्फ १० गरी ५० वडा छनौट कार्य सम्पन्न गरिएको।<br>कृषितर्फ जम्मा १८ जना कृषकलाई रु. २ करोड २३ लाख निर्ब्याजी बिउपूँजी प्रदान गरिएको। त्यसैगरी पशुपन्छी क्षेत्रतर्फ जम्मा २८ जना कृषकलाई ६ करोड ५ लाख ६८ हजार रुपैयाँ निर्व्याजी बिउपूँजी प्रदान गरिएको।<br>खाद्य प्रणाली रुपान्तरणको लागि जीविकोपार्जन सुधार कार्यक्रमअन्तर्गत कृषि व्यवसायको प्रवर्द्धन गरी गरिब, विपन्न किसानको आयआर्जन वृद्धि गर्न २३९ जना कृषकलाई रु. १ करोड ५४ लाख २५ हजार अनुदान उपलब्ध गराइएको। |
| बाँझो जग्गाको सदुपयोग गर्न वैज्ञानिक नीति तयार गरी करार खेती कार्यक्रमलाई निरन्तरता दिइनेछ। फलफूलको व्यावसायीक | सामुदायिक फलफुल बगैंचा स्थापना कार्यक्रमअन्तर्गत ६ हेक्टर जमिनमा आँप र लिचिको बगैंचा स्थापना भएको। जग्गा भाडा लिई व्यावसायिक केरा खेती गर्ने कृषकहरुलाई |

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/ उपलब्धि |
|---|---|
| उत्पादनको लागि आधुनिक नर्सरी स्थापना गरी सम्भाव्य क्षेत्रहरूमा समुदायमा आधारित फलफूल विकास कार्यक्रम सञ्चालन गरिनेछ। | प्रोत्साहन गर्न ६०४ हेक्टर केरा खेतीमा रु. ९९ लाख ९९ हजार जग्गा भाडामा प्रोत्साहन उपलब्ध गराइएको।<br>उच्च प्रविधियुक्त संरक्षित संरचनामा च्याउ उत्पादन प्रवर्द्धन कार्यक्रमतर्फ् १० वटा साझेदारसँग सम्झौता भई निर्माण कार्य सम्पन्न भएको। |
| प्रदेश कृषि विकाससम्बन्धी कानून निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ। "परिचय पत्र अभियान, किसानको पहिचान" लाई सार्थक बनाउन प्रदेशमा रहेका किसानहरूलाई व्यावसायिकताको आधारमा वर्गीकृत परिचय पत्र वितरण कार्य शुरूवात गरिनेछ। | सङ्घ तथा स्थानीय तहसँगको समन्वयमा कृषक सूचीकरण कार्य भैरहेको। |
| माटोको स्वच्छता कायम गर्दै गुणस्तर सुधार गर्न प्राङ्गारिक मलको उपयोगलाई प्रोत्साहन गरिनेछ। स्थानीय तह र निजी क्षेत्रसँगको साझेदारीमा "एक प्रदेश निर्वाचन क्षेत्र, एक प्राङ्गारिक मल उत्पादन कारखाना" स्थापना गर्ने नीति लिइनेछ। | कृषि विकास कार्यालय धादिङ्ग, चितवन, सिन्धुली, रामेछाप, नुवाकोट र काभ्रेपलाञ्चोक अन्तर्गतका कृषकहरुलाई ६०८ मे.टन. प्राङ्गारिक मलमा प्रति के.जी रु. १० को दरले जम्मा रु. ६० लाख ८० हजार सहुलियत प्रदान गरिएको। स्थानीय तहसँगको साझेदारीमा एक प्रदेश निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल कारखाना स्थापना कार्यक्रमअन्तर्गत ७ वटा कारखाना निर्माण कार्य प्रारम्भ भएको। |
| "कृषि रूपान्तरणको आधारः प्रविधि र पूर्वाधार" भन्ने अभियानका साथ कृषिजन्य वस्तुहरूको व्यावसायिक उत्पादन अभिवृद्धिका लागि आवश्यक पर्ने प्राविधि र औजार उपलब्ध गराउँदै कृषि पूर्वाधार निर्माणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। | प्रविधि र पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गत २४५ रोपनी क्षेत्रफलमा उच्च प्रविधियुक्त संरचनामा निर्माण गरी तरकारी खेती गरिएको। त्यसैगरी तरकारीमा मल्चिङ्ग तथा किवीमा हेलनेट र थाँक्रा व्यवस्थापन कार्यक्रमतर्फ २५ वटा साझेदारलाई ६७ हेक्टर जमीनमा तरकारी खेतीमा मल्चिङ र २२ हेक्टरमा किवी खेतीमा थाँक्रा व्यवस्थापनमा सहयोग गरिएको। |
| कृषिजन्य उत्पादनको प्रशोधन, ब्राण्डिङ्ग र बजारीकरणलाई प्रोत्साहन गरिनेछ। उत्पादक समूह, सहकारी, स्थानीय तह र निजी क्षेत्रसँगको लागत साझेदारीमा मूल्य श्रृङ्खला प्रवर्धन तथा कृषि उपजको सहज बिक्री वितरणका लागि आवश्यकताको आधारमा कृषि बजार निर्माण गरिनेछ। | कृषि उपजहरुको मुल्य श्रृङ्खला विकास कार्यक्रमअन्तर्गत १० वटा कृषि सहकारी तथा कृषि फर्महरुलाई कृषि उपजहरुको प्रशोधन तथा बजारीकरणका लागि सहयोग भएको। पशुपन्छी उपजहरुको मुल्य श्रृङ्खला विकास कार्यक्रमअन्तर्गत २ वटा कृषि फर्महरुलाई पशुपन्छी उपजहरुको प्रशोधन तथा बजारीकरणका लागि सहयोग भएको। ५ बिगाभन्दा बढी तरकारी खेती गर्ने कृषक, कृषि फर्म, कृषक समुह, सहकारीलाई कोल्ड चेम्बर कार्यक्रमअन्तर्गत ४ वटा कोल्ड चेम्बर निर्माण कार्य सम्पन्न भएको।<br>काठमाडौं उपत्यकाभित्र एक आधुनिक कृषि बजार स्थापनाका |

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/ उपलब्धि |
|---|---|
| | लागि डिपिआर गर्न स्थान उपलब्ध गराउन तिनै जिल्लाका जिल्ला समन्वय समितिलाई पत्राचार गरिएकोमा स्थान उपलब्ध हुन नसक्दा कार्यक्रम गर्न नसकिएको। |
| प्रदेशमा खेती भइरहेका रैथाने जातका बालीको पहिचान, प्रयोग, संरक्षण र प्रवर्धन गर्दै उत्पादन, उपभोग तथा बजारीकरणलाई प्रोत्साहन गर्ने नीति लिइनेछ। | कृषि विकास कार्यालय नुवाकोटबाट ११ हेक्टर क्षेत्रफलमा विभिन्न रैथाने जातका बालीको प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको। |
| "प्रदेश सरकारको साथ, कृषकलाई राहत" अभियानका साथ प्राकृतिक र गैर प्राकृतिक विपद्बाट प्रभावित कृषकहरूलाई राहत उपलब्ध गराउने र पुनर्स्थापना गर्ने व्यवस्था मिलाईनेछ। | कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट क्षति पुगेका ७५ जना किसानलाई राहत रकमस्वरुप रू. १ करोड १६ लाख ९३ हजार ४ सय ४३ उपलब्ध गराइएको। |
| माछापालन व्यवसायलाई व्यवस्थित र विस्तारित गर्दै मत्स्य क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। | माछापालन व्यवसायलाई व्यवस्थित र विस्तारित गर्दै मत्स्य क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न चितवन, मकवानपुर र सिन्धुली जिल्लामा गरी ४ हेक्टर थप क्षेत्रफलमा माछापोखरी निर्माण गरी मत्स्यपालन गरिएको। |

**आर्थिक वर्ष २०८०/०८१को बजेट उपशीर्षकअनुसारको प्रगति विवरणः**

मन्त्रालयको आ.व. २०८०/०८१मा कुल विनियोजित बजेटको ६५.३१ प्रतिशत खर्च भएको छ जसमध्ये बजेट उपशीर्षक गत रूपमा चालू तथा पूँजीगत खर्च निम्नानुसार रहेको छः-

| क्र.सं. | ब.उ.शी.न. | चालू खर्च | खर्च प्रतिशत | पूँजीगत खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३१२०००११ | ७६७८२.२८९ | ४३.१४ | १३९६२४.३६७ | ४३.५२ |
| २ | ३१२०००१२ | ४८२८६ | ६९.९९ | १२५१४३ | ९३.१४ |
| ३ | ३१२०१०११ | ११६६२३ | ५४.८९ | ५७२४३ | ७०.१५ |
| ४ | ३१२०२०११ | ८२९७४ | ४१.२१ | ४६४८ | ९८.८९ |
| ५ | ३१२०१०१२ | २१२३० | ७७.९१ | ३२५१ | ९९.१२ |
| ६ | ३१२०१०२३३ | ७१२५२.३९२ | ८२.०२ | ८६६.८५१ | ९६.३२ |
| ७ | ३१२०१०२३३ | ६८००० | ८५.३२ | ३१८२ | ९९.४४ |
| ८ | ३१२०१०२३३ | ६२७४५.३३३ | ७९.३३ | ३७०७.६६९ | ९०.४३ |
| ९ | ३१२०१०२३३ | ७९९९७.२९३ | ७८.२८ | २९७.९९ | ९९.३३ |
| १० | ३१२०१०२३३ | ६५५९५ | ८४.१४ | ५४१ | ९८.३६ |
| ११ | ३१२०१०२३३ | ४९२१९ | ७८.२७ | ८४१ | ९८.९४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | ३१२०१०२३३ | १०८९७६.७४ | ८४.०१ | १२२९.५ | ९९.९६ |
| १३ | ३१२०१०२४३ | १२०१८ | ७७.१० | ३५५० | ९९.५८ |
| १४ | ३१२०११०१३ | १७४१९ | ८२.६५ | १२३८ | ९९.०४ |
| १५ | ३१२०१०१३३ | १३१७७ | ७८.१३ | २६४३ | ९८.९९ |
| १६ | ३१२०१०१४३ | १७०३४ | ८४.८६ | २६४९ | ९७.७५ |
| १७ | ३१२०१०२५३ | १४११६ | ८२.५९ | १७३७ | ९९.२६ |
| १८ | ३१२०१०१७३ | १३११३ | ७६.०२ | १४८९ | ९९.२७ |
| १९ | ३१२०१०१५३ | २६७९७ | ९४.५३ | १६२१० | ९८.५४ |
| २० | ३१२०१०१८३ | १७६०० | ७४.७४ | ३४१७ | ९९.०४ |
| २१ | ३१२०१०१९३ | १३९२५ | ७३.३३ | १२८२ | ८५.४७ |
| २२ | ३१२०१०१६३ | १४६०६ | ७६.५२ | २४५२ | ९८.०८ |
| २३ | ३१२०१०२०३ | १२०६० | ६८.१२ | २७९० | ९३.०० |
| २४ | ३१२०१०२१३ | ३१४३१ | ६३.६३ | ३४६९ | ९९.११ |
| २५ | ३१२०१०२२३ | १३००९ | ८२.७० | १९८ | ९९.०० |
| २६ | ३१२०२०१५३ | ३५३९३.१९१ | ७१.५२ | २१९१.२२३ | ९९.६० |
| २७ | ३१२०२०१५३ | ३८६५०.४९ | ८८.९४ | १३४२.३ | ९९.४३ |
| २८ | ३१२०२०१५३ | ५०५७७.६७५ | ८३.३१ | ७२८ | ९९.७३ |
| २९ | ३१२०२०१५३ | ४०८२०.५१६ | ७०.६८ | १७४.१ | ९९.४९ |
| ३० | ३१२०२०१५३ | ३२६५०.३७ | ६७.१३ | २११४.५२ | ९८.८१ |
| ३१ | ३१२०२०१५३ | ४५४७५.४४६ | ७०.६४ | १५३२ | ९८.८४ |
| ३२ | ३१२०२०१५३ | ३८०६३.००२ | ६८.१२ | २९९ | ९९.६७ |
| ३३ | ३१२०२०१५३ | ३६९३८.८०९ | ७३.०० | १५२२.६ | ९५.७६ |
| ३४ | ३१२०२०१२३ | २५२४१ | ९०.९० | १८४४ | ९५.३० |
| ३५ | ३१२०२०१३३ | २५४५१ | ८९.८२ | ६२४७ | ९४.५९ |
| ३६ | ३१२०२०१४३ | १२१५३.८७८ | ७८.८६ | १५४२ | ९६.३८ |
| ३७ | ३१२०२०१४३ | २२७२२.५७६ | ९१.४३ | ६६९२.८८ | ८९.२४ |
| | जम्मा | १४७२१२४.०० | ६९.६२ | ४०९९२९.०० | ६५.३१ |

क्षेत्रगत मुख्य कार्यक्रमको प्रगति र आम्दानीको विवरणः

आर्थिक वर्ष २०८०/०८१को क्षेत्रगत रुपमा सम्पादित मुख्य कार्यक्रमहरुको उपलब्धि सूचकको विवरणः

| क्र.सं. | क्षेत्र | कार्यक्रमको नाम | एकाई | उपलब्धि विवरण |
|---|---|---|---|---|
| १ | कृषि विकास | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | ३५ |
| २ | | मकै बाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | २०९ |
| ३ | | व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | हेक्टर | ९७६ |
| ४ | | आलु बाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | २१ |
| ५ | | धान प्रवर्द्धन कार्यक्रम | हेक्टर | १४५ |
| ६ | | तेलहनबाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | ७० |
| ७ | | किवी प्रवर्द्धन कार्यक्रम | हेक्टर | ९६ |
| ८ | | मसलाबाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | १६.५ |
| ९ | | मसलाबाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | १६.५ |
| १० | | सयपत्री फूल खेति प्रवर्द्धन कार्यक्रम | हेक्टर | ११.२ |
| ११ | | उच्च प्रविधियुक्त संरचनामा तरकारी खेती प्रवर्धन कार्यक्रम | हेक्टर | १०२.०५ |
| १२ | | चैते धान प्रवर्द्धन कार्यक्रम | हेक्टर | २० |
| १३ | पशुपन्छी विकास | खोरेत रोग नियन्त्रणका लागि खोप | संख्या | १५१५८५ |
| १४ | | पि.पि.आर्. रोग नियन्त्रणका लागि खोप | संख्या | ९०२३५७ |
| १५ | | भ्यागुते-चरचरे रोग नियन्त्रणका लागि खोप | संख्या | २५०० |
| १६ | | C.S.F रोग नियन्त्रणका लागि खोप | संख्या | ३५५६० |
| १७ | | रानीखेत रोग नियन्त्रणका लागि खोप | संख्या | २२८००० |
| १८ | | पशुपन्छी उपचार सेवा | संख्या | ७२२६४ |
| १९ | | पशु स्वास्थ्य शिविरमा सेवा पुर्याएको संख्या | संख्या | ५१९२ |
| २० | | पशु प्रजनन सेवा कृतिम गर्भधान गाई | संख्या | ११६२०४ |
| २१ | | पशु प्रजनन सेवा कृतिम गर्भधान भैंसी | संख्या | १८१९६ |
| २२ | | घाँस क्षेत्र विस्तारको लागि बिउ बिरुवा वितरण | हेक्टर | ३०३ |
| २३ | मत्स्य विकास | मत्स्यपालन क्षेत्र विस्तार कार्यक्रम | हेक्टर | ३.९०७ |

| | | | | |
|---|---|---|---|---|
| २४ | पूर्वाधार विकास | साना सिंचाइ कार्यक्रम | संख्या | ४३१ वटा साना सिंचाइ मार्फत ५५५ हे. सिंचित क्षेत्र विस्तार |
| २५ | सामाजिक विकास | खाद्य प्रणाली रुपान्तरणका लागि मागमा आधारित जिविकोपार्जन सुधार कार्यक्रम | कृषक संख्या | २१७ |

**आर्थिक वर्ष २०८०/०८१को आम्दानीः**

| क्र.सं. | राजश्व ख.शी.नं. | राजश्व शीर्षक | सङ्कलित रकम (रु. हजारमा) |
|---|---|---|---|
| १ | १४२११ | कृषि उत्पादन बिक्री आम्दानी | ३८५८६.६५ |
| २ | १४२१२ | सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम | १६३.०४ |
| ३ | १४२२९ | अन्य प्रशासनिक सेवा शूल्क | १६३१.६३ |
| ४ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ६९.७६ |
| ५ | १४५११ | बीमा दावी प्राप्ति | ४८४.६८ |
| ६ | १५१११ | बेरुजू असुल | ९४२.३९ |
| **जम्मा** | | | **४१८७८.१५** |

प्रदेश सुशासन ऐन, २०७७ को दफा ४२(२) बमोजिम मन्त्रालय/निकाय तथा मातहतका कार्यालयहरुमा सुशसान कायम गर्न गरेका सुधारका कार्यक्रम र त्यसबाट प्राप्त परिमाणः

| क्र.सं. | सुधारका क्षेत्र | सुधारका कार्यक्रमहरु | प्राप्त परिमाणको विवरण |
|---|---|---|---|
| १ | प्रशासनिक सुधारको क्षेत्र | ई -हाजिरी लागु<br>मन्त्रालयमा हटलाईन सेवा विस्तार | नेपाल सरकारको केन्द्रीकृत हाजिरी प्रणालीको प्रयोग मन्त्रालय र मातहतको निकायमा गरिएको। कृषकहरुको गुनासो दर्ता भई समस्या समाधान गर्न सहज भएको। |
| | | गुनासो पेटिकाको व्यवस्थापन | गुनासो पेटिकामा उजुरी नपरेको। |
| | | मातहतका कार्यालयको नियमित अनुगमन | कार्यालयहरुबाट सम्पादन हुने कार्यक्रमहरुमा गुणस्तरियता प्रवर्द्धन भएको। |
| | | कार्यसम्पादन करार | मन्त्री र सचिवबिच कार्यसम्पादन करार भएको। |
| | | कार्यालयको आफ्नै वेबसाईट<br>नेपाल सरकारको केन्द्रीकृत इमेल लागु | मन्त्रत्रालयको सूचनाहरु सार्वजनिकीकरण भई पारदर्शिता प्रवर्द्धन भएको।<br>तथ्याङ्क सुरक्षा तथा व्यवस्थापनमा सहजता भएको। |

| | | | |
|---|---|---|---|
| | | नियमित कर्मचारी बैठक सञ्चालन | कर्मचारीको गुनासो सुनुवाई भएको। |
| २ | वित्तिय सुधारको क्षेत्र | कार्यक्रम सार्वजनिकिकरण | सरोकारवाला निकायहरुबिच कार्यक्रम सार्वजनिकीकरण गरिएको। |
| | | मासिक, चौमासिक, अर्धवार्षिक तथा बार्षिक प्रतिवेदनको व्यवस्था | कार्यक्रमगत प्रगति/वित्तिय प्रगति प्रतिवेदन प्रणाली चुस्त रहेको। |
| | | नियमितरुपमा जिन्सी निरिक्षण | जिन्सी सामग्रीको सुरक्षा एवं मितव्ययी प्रयोग भएको। |
| ३ | प्रक्रियागत सुधारको क्षेत्र | शीघ्र निर्णय प्रणाली अपनाईएको | |

**मन्त्रालय/निकायगत सबल पक्षहरु, कमीकमजोरीहरु, मन्त्रालयगत/निकायगत अवसरहरु र चूनौतीहरुः**

| सबल पक्षहरु | कमीकमजोरीहरु | अवसरहरु | चूनौतीहरु |
|---|---|---|---|
| संरचनागत सुधारमार्फत् बागमती प्रदेशका ७ वटा जिल्लामा कृषि विकास कार्यालयहरु र ८ वटा जिल्लामा पशु सेवा कार्यालयहरु स्थापना भई सेवा प्रवाह भईरहेको। | बागमती प्रदेशका १३ वटै जिल्लामा कार्यालयहरु स्थापना नहुँदा, सो जिल्लाहरुमा प्रभावकारी सेवा प्रवाह गर्न कठिनाई। | सेवा प्रवाहलाई प्रभावकारी बनाउन virtual माध्यमहरुको प्रयोग। | सम्पूर्ण कृषकहरुले Virtual माध्यमको प्रयोग गर्न नसक्ने। |
| | | थप संरचनात्मक सुधार गरी १३ वटा जिल्लामा कार्यालय स्थापना भएको। | कार्यालय स्थापनाको अनुमती प्राप्त गर्न कठिनाई भएको। |

**सेवा प्रवाह सुधारका लागि गरेका प्रयासहरुः**

| | |
|---|---|
| १ | नागरिक वडापत्र/सूचना पाटी, सूचना अधिकारी, उजुरी पेटीका राखी सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित बनाइएको। |
| २ | पुष्प विकास केन्द्र गोदावरीमा तन्तु प्रजनन् प्रयोगशाला स्थापना गरी Tissue culture बाट विरुवा उत्पादन गरिएको। |
| ३ | व्यावसायिक कीट विकास केन्द्रको आयोजनामा रानु मौरीमा कृत्रिम गर्भाधान तालिम कार्यक्रम सञ्चालन गरिएको। यस केन्द्रमा विदेशी विज्ञबाट सञ्चालन गरी कृत्रिम गर्भाधानसम्बन्धी अभ्यास भएको। |
| ४ | पशु उपचारको लागी भेटेरीनरी एम्बुलेन्सको व्यवस्था गरिएको। |
| ५ | पशु सेवा कार्यालयहरुमा पशु उपचारको लागी डिस्पेन्सरी (Dispensary) र प्रयोगशाला (Laboratory) को व्यवस्थाको प्रबन्ध गरिएको। |
| ६ | बागवानी विकास केन्द्र, पाँचखालमार्फत् तरबुजा र वर्णशंकर जातको काँक्रोको बिउ उत्पादन |
| ७ | बागवानी विकास केन्द्रमार्फत् किवीको Varietal Characterization र Genetic Characterization कार्यको थालनी भएको। |

| | |
|---|---|
| ८ | कृषि विकास कार्यालय, काभ्रे मार्फत अनुदानका लागी अनलाईनमार्फत् निवेदन दिन सकिने र जिल्लाभरीका अनुदानग्राहीको विवरण Web मा जोडिने व्यवस्था रहेको। |

**<u>आगामी दिनमा गर्नुपर्ने कानूनी, नीतिगत, संस्थागत प्रणालीगत लगायतका सुधारका विषयहरुः</u>**

| क्र.सं. | विषय | हाल सम्मका प्रयास |
|---|---|---|
| १ | प्रदेश कृषि ऐन तर्जुमा गर्नु पर्ने। | विषयगत समितिमा छलफल भएको। |
| २ | प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन तथा नियमावली तर्जुमा गर्नुपर्ने। | आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रममा समावेश गरिएको। |
| ३ | प्रदेश विउबीजन नियमावली तयार गर्नुपर्ने। | |
| ४ | प्रदेश कृषि व्यावसाय प्रवर्दन नियमावली तयार गर्नुपर्ने। | |

## ३. आर्थिक मामिला तथा योजना मन्त्रालय

आर्थिक मामिला तथा योजना मन्त्रालय यस प्रदेशको आर्थिक नीति योजना तथा बजेट व्यवस्थापनसम्बन्धी कार्य गर्ने महत्त्वपूर्ण निकाय हो। यस मन्त्रालयअन्तर्गत प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेशको प्रत्येक जिल्लामा प्रदेश लेखा एकाई कार्यालय रहेका छन्। यस मन्त्रालयअन्तर्गत जम्मा ४८ जनाको दरबन्दी रहेकोमा हाल ४५ जना कर्मचारीहरू मात्र कार्यरत रहेका छन्। जिल्लास्थित प्रदेश लेखा एकाई कार्यलयअन्तर्गत ७८ दरवन्दी रहेकोमा ५४ जना कर्मचारी कार्यरत रहेका छन्। मन्त्रालय तथा अन्तर्गतको स्वीकृत दरबन्दी तथा पदपूर्तिको अवस्था देहायबमोजिम रहेको छः-

| क्र.सं. | स्वीकृत दरबन्दी | | | पदपूर्ति विवरण | | |
|---|---|---|---|---|---|---|
| | अधिकृत तह | सहायकस्तर | श्रेणीविहीन | अधिकृत तह | सहायकस्तर | श्रेणीविहीन |
| १. | २५ | १२ | ११ | २३ | ११ | ११ |

**आर्थिक वर्ष २०८०/०८१को प्रदेश सरकारको नीति तथा कार्यक्रमअन्तर्गत मन्त्रालयको प्रगति विवरणः**

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/ उपलब्धि |
|---|---|
| बागमती सभ्यतालाई अनुदान प्रदान गर्ने। | अनुदान प्रदान गरिएको। |
| उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण प्रवाह कार्यक्रमलाई थप प्रभावकारी बनाउनेसम्बन्धी कार्य गर्ने। | उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी सम्बन्धी कार्य भएको। |
| आ.व. ०८०/०८१ को राजस्व र व्ययसम्बन्धी अनुमानको विवरण तयार गरी २०८१ अषाढ १ गते प्रदेश सभामा पेश गर्ने। | राजस्व र व्ययको अनुमान तयार गरी प्रदेश सभामा पेश भएको। |
| राजस्व र व्ययको अनुमानसहित, अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, विनियोजित मध्यकालीन खर्च संरचना, आर्थिक सर्वेक्षणलगायतका दस्तावेजहरुलाई तयार गरी प्रदेश सभामा पेश गर्ने। | अर्थ विधेयक, विनियोजन विधेयक, मध्यमकालीन खर्च संरचना, आर्थिक सर्वेक्षणलगायतका दस्तावेज तयार भई प्रदेश सभामा पेश भएको। |

**आर्थिक वर्ष २०८०/०८१ को बजेट उपशीर्षकअनुसारको प्रगति विवरणः**

मन्त्रालयको आ.व. २०८०/०८१मा कुल विनियोजित बजेटको ७०.१५ प्रतिशत खर्च भएको छ जसमध्ये बजेट उपशीर्षक गत रूपमा चालू तथा पूँजीगत खर्च निम्नानुसार रहेको छः-

| क्र.सं. | बजेट उपशीर्षक | चालू खर्च | खर्च प्रतिशत | पूँजीगत खर्च | खर्च प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|
| १. | ३०५०००११३ | ११८३१०४३७.६० | ७०.४२ | | | |
| २. | ३०५०००११४ | | | ७२०५४८९ | ६५.५० | |

**क्षेत्रगत मुख्य कार्यक्रमको प्रगति र आम्दानी विवरणः**

बागमती प्रदेश सरकारको आ.व. २०८०/०८१मा राजश्व सङ्कलन गरेको शीर्षकगत विवरण निम्नअनुसार रहेको छ।

| राजस्व संकेत | राजस्व शीर्षक | २०८०/८१ को अनुमान | २०८१ असार मसान्त सम्मको आय | प्राप्त प्रतिशत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ६,७५०,०००,०००.०० | ५,४८९,३३८,४२०.०९ | ८१.३२% |
| ११४११ | बाँडफाँडभई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७,७९८,८०८,०००.०० | ६,७५३,७६६,०५०.२३ | ९४.७७% |
| ११४२१ | बाँडफाँडभई प्राप्त हुने अन्त शूल्क | ३,३४२,३४४,०००.०० | २,३२१,२०५,७७५.५२ | ७३.०८% |
| ११४५६ | बाँडफाँड प्राप्त हुने सवारी साधन कर | ७,२५०,०००,०००.०० | ६,११५,७३८,११५.१६ | ८४.३६% |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | १३,५००,०००.०० | ७,००४,२१६.९३ | ५१.८८% |
| ११४७२ | बाँडफाँटबाट प्राप्त विज्ञापनकर | १७,५००,०००.०० | १७,७६५,७५६.९६ | १०१.५२% |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | ३९,६१२,०००.०० | ७७,५१३,०६५.५१ | १९५.६८% |
| १४१५४ | बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ५८,००६,०००.०० | ४१,१३१,९६३.४९ | ७०.९१% |
| १४१५६ | बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ४०२,५८८,०००.०० | ३५६,७५३,६५०.०९ | ८८.६२% |
| १४१५७ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १,०००,०००,०००.०० | ६४३,१८१,७५६.२७ | ६४.३२% |
| १४१५८ | बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | १४,४८२,०००.०० | १८,८०१,६३५.२३ | १२९.८३% |
| **बाँडफाँटबाट प्राप्त राजश्व जम्मा** | | **२६,६८६,८४०,०००.००** | **२१,८४२,२००,४०५.४८** | ८१.८५% |
| १३३११ | समानीकरण अनुदान | ८,०१३,५००,०००.०० | ५,९३८,८०४,८५०.०० | ७४.११% |
| १३३१२ | सशर्त अनुदान चालु | २,४२२,४००,०००.०० | २,४७६,९६१,५४२.०० | १०२.२५% |
| १३३१३ | विषेश अनुदान चालु | २८०,०००,०००.०० | २११,२३५,५००.०० | ७५.४४% |
| १३३१६ | समपुरक अनुदान चालु | ०.०० | १,३००,०००,०००.०० | ०.००% |
| १३३२१ | सशर्त अनुदान पूँजीगत | ३,३४६,४००,०००.०० | ३,४४८,०२५,०००.०० | १०३.०४% |
| १३३२२ | विषेश अनुदान पुँजी | ४५०,०००,०००.०० | ३४२,०००,०००.०० | ७६.००% |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | १,३००,०००,०००.०० | ०.०० | ०.००% |
| १३३१८ | अन्य अनुदान चालू ( सङ्घ सरकार पछि प्राप्त हुनेसक्ने शर्शत अनुदान) | २,०००,०००,०००.०० | ०.०० | ०.००% |
| **सङ्घीय सरकारबाट प्राप्त अनुदान जम्मा** | | **१७,८१२,३००,०००.००** | **१३,७१७,०२६,८९२.००** | ७७.०१% |
| ११११३६ | कृषि आयमा कर | ५००,०००.०० | ८,०५५.०० | १.६१% |
| ११४५१ | सवारी साधन कर (साना सवारी) | ०.०० | ३००.०० | ०.००% |
| ११६११ | व्यवसायले भुक्तानी गर्ने | ०.०० | ३००.०० | ०.००% |
| १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २,०००,०००.०० | १,९१९,३३९.१७ | ९५.९७% |
| १४१५९ | अन्य स्रोतबाट प्राप्त  बाँडफाँड नहुने रोयल्टी | ४,५००,०००.०० | १,८२०,५५८.६० | ४०.४६% |
| १४१९१ | पर्यटन शूल्क | ०.०० | १३९,३००.०० | ०.००% |
| १४१९२ | पदयात्रा शूल्क | ०.०० | १,७००.०० | ०.००% |
| १४२११ | कृषिउत्पादनको विक्रीबाट प्राप्त रकम | ३८,०००,०००.०० | ३८,८११,२३३.९० | १०२.१३% |
| १४२१२ | सरकारीसम्पतीको विक्रीबाट प्राप्त रकम | २,०००,०००.०० | ५,६५६,७८७.०० | २८२.८४% |
| १४२१३ | अन्य विक्रीबाट प्राप्त रकम | ५००,०००.०० | २५६,३२५.०० | ५१.२७% |
| १४२१७ | नहर तथा कुलो उपयोगवापतको शूल्क | ०.०० | ३००.०० | ०.००% |

| | | | | |
|---|---|---|---|---|
| १४२१९ | अन्यसेवा शूल्क तथा विक्री | १००,०००,०००.०० | १२७,३६०,००३.०० | १२७.३६% |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ५००,०००.०० | ५६९,३४०.०० | ११३.८७% |
| १४२२४ | परीक्षा शूल्क | ३०८,६९३,०००.०० | १७१,०६२,७५०.०० | ५५.४२% |
| १४२२५ | यातायातक्षेत्रको आम्दानी | ८५०,०००,०००.०० | ७३५,१९३,५१३.०० | ८६.४९% |
| १४२२९ | अन्य प्रशासनिक सेवा शूल्क | ७५,०००,०००.०० | ५९,०८७,४१४.०० | ७८.७८% |
| १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५२५,०००,०००.०० | ३०७,४१६,०२८.०० | ५८.५६% |
| १४२५४ | रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | २,७००,०००.०० | ३,३६०,८४६.०० | १२४.४८% |
| १४२५५ | टेलिभिजन सञ्चालन दस्तुर | ७,२००,०००.०० | २,६८७,७३६.०० | ३७.३३% |
| १४२५६ | चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | १,७६५,५९२,०००.०० | २,१३४,२२८,६४८.२५ | १२०.८८% |
| १४२६३ | जलस्रोतसम्बन्धी अन्य दस्तुर | | ३००.०० | ०.००% |
| १४२६४ | वन क्षेत्रको अन्य आय | ५९,०००,०००.०० | ३६,३४१,२४३.०९ | ६१.६०% |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ०.०० | ५७,६९४.०० | ०.००% |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ९,५००,०००.०० | ३४,०३५,८७०.४३ | ३५८.२७% |
| १४३१३ | धरौटी सदरस्याहा | १,०००,०००.०० | ८१,४५३.९१ | ८.१५% |
| १४५११ | बीमादावी प्राप्ति | ५०,०००.०० | ४८४,६७५.०० | ९६९.३५% |
| १४५२९ | अन्य राजस्व | ३,५००,०००.०० | १,४३८,८१०.७५ | ४१.११% |
| **प्रदेश सरकारको आफ्नो स्रोतबाट संकलित राजश्व जम्मा** | | **३,७५५,२३५,०००.००** | **३,६६२,०२०,५२४.१०** | ९७.५२% |
| १५१११ | बेरूजू | ४५,०००,०००.०० | १०५,४७४,९२६.९२ | २३४.३९% |
| १५११२ | निकासा फिर्ता | ४,५००,०००.०० | २,१२८,८६८.०० | ४७.३१% |
| १५११३ | अनुदान फिर्ता | १,०५०,०००,०००.०० | ६४०,०६४,३०७.७४ | ६०.९६% |
| ३२१२१ | गत बर्षको नगद मौज्दात | १३,३५५,२०३,०००.०० | २६,१५८,००४,४८४.७५ | १९५.८६% |
| **बेरुजु तथा गत वर्षको नगद मौज्दात जम्मा** | | **१४,४५४,७०३,०००.००** | **२६,९०५,६७२,५८७.४१** | १८६.१४% |
| | **कुल जम्मा** | ६२,७०९,०७८,०००.०० | **६६,१२६,९२०,४०८.९९** | १०५.४५% |

**सुशासन ऐन, २०७७ को दफा ४२(२) बमोजिम मन्त्रालय/निकाय तथा मातहतका कार्यालयहरुमा सुशासन कायम गर्न गरेका सुधारका कार्यक्रम र त्यसबाट प्राप्त परिमाणः**

| क्र.सं. | सुधारका क्षेत्रहरु | सुधारका कार्यक्रमहरु | प्राप्त परिमाणको विवरण |
|---|---|---|---|
| १. | वित्तीय अनुशासन | PLMBIS तालिम | विभिन्न मन्त्रालयका ४० जना सहभागीलाई तालिम प्रदान गरिएको |

**मन्त्रालय/निकायगत सबल पक्षहरु, कमीकमजोरीहरु, अवसरहरु र चूनौतीहरु**

| सबल पक्षहरु | कमीकमजोरीहरु | अवसरहरु | चूनौतीहरु |
|---|---|---|---|
| बजेट तर्जुमाको चरणमा | बजेट तर्जुमा गर्दा छलफल | नेपाल सरकारबाट | अन्तरसरकारी वित्तीय |

| | | | |
|---|---|---|---|
| विनियोजन विधेयक सिद्धान्त तथा प्राथमिकता, MTEF, बजेट वक्तव्य, अन्तरसरकारी वित्त हस्तान्तरण , कार्यक्रम विवरण, चैत्र मसान्त सम्मको प्रगति विवरण लगायतका पुस्तिकाहरु सार्वजनिक गरियो। | भई तय भएका कार्यक्रम/आयोजनाबाट नाम तथा उद्देश्य फरक हुने गरी कार्यक्रम संशोधन तथा रकमान्तर प्रस्ताव हुने गरेको। | हस्तान्तरित समपूरक अनुदानका योजनाहरुका लागि Matching Fund को सुनिश्चितता गरेर मात्र अन्य योजनाका लागि बजेट प्रस्ताव। | हस्तान्तरण अन्तर्गत स्थानीय तहलाई प्रदान गरिने अनुदान रकम बजेट पारित गर्दा नै निक्यौंल गरी विनियोजन ऐन बमोजिम भदौ १५, कात्तिक १५, माघ १५ र बैशाख १५ गते गरी चार किस्तामा निकासा गर्ने व्यवस्था रहेकोमा वर्षको बीचमा स्थानीय तहलाई सशर्त अनुदानका योजना हस्तान्तरणका लागि मन्त्रालयहरुबाट प्रस्ताव हुने गरेक। |
| विभिन्न सरोकारवालाहरुसँग पूर्व बजेट छलफल गरी बजेटलाई बनाउने अभ्यासको सुरुवात। | दोहोरिएका कार्यक्रमहरुको समर्पण गर्नुको सट्टा बोलपत्र आह्वान गरी कार्यक्रम सञ्चालनार्थ संशोधन तथा रकामान्तरका लागि आउने गरेको। | सङ्घीय सशर्तबाट सञ्चालन हुने योजनाको स्रोत सुनिश्चितताको लागि आउने गरेको। | वार्षिक बजेट तर्जुमा गर्दा मन्त्रालयहरुले बहुवर्षीय योजनाहरुलाई प्राथमिकतामा राखी पर्याप्त बजेट छुट्याएर मात्र अन्य योजनामा बजेट प्रस्ताव गर्नुपर्नेमा सो नगरी अन्य कार्यक्रमबाट रकमान्तर गरी स्रोत सुनिश्चितको लागि अनुरोध हुन गरेको। |
| विभिन्न ऐन,कानून, कार्यविधि लगायतका कानूनी दस्तावेजमा राय/सहमति प्रदान गर्ने गरिएको। | विकास आयोजनाहरु प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ बमोजिम पूर्वतयारी पश्चात स्वीकृत गरी/गराई मात्र बजेट प्रस्ताव गर्नुपर्नेमा बजेट कार्यान्वयनका चरणमा जग्गा प्राप्ति, डि.पि.आर. निर्माण लगायत नभइसकेको कारण देखाई | आ.व. २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार कार्यक्रम कार्यान्वयन हुन सक्ने अवस्था र राजस्वको प्रवृतिको आँकलनका आधारमा मात्र स्रोत सुनिश्चितता दिने। | प्रदेशको PLMBIS मा बेला बेलामा देखापर्ने समस्याका कारण बजेटसम्बन्धी काममा अवरोध हुने गरेको छ। |

| | | | |
|---|---|---|---|
| | विनियोजित बजेट अन्यत्रै रकमान्तर हुन अनुरोध हुने गरेको। | | |

**कानूनी, नीतिगत, संस्थागत, प्रणालीगतलगायतका सुधारका विषयहरुः**

- आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति विना दायित्त्व सिर्जना गरी कार्यक्रम सञ्चालन नगर्ने।
- ठूला तथा महत्त्वका आयोजनाबाट साना टुक्रे आयोजनाहरुमा रकमान्तर/कार्यक्रम संशोधन प्रस्तावमा सहमति दिन नहुने।
- परियोजना बैंकको अवधारणा अनुरुप छनोट गरी बजेट प्रस्ताव गर्नु पर्नेमा नगरेको।
- बजेट तर्जुमा गर्दा छलफल भई तय भएका कार्यक्रम/आयोजनाबाट उद्देश्य एवं कार्यक्रम फरक हुने गरी कार्यक्रम संशोधन तथा रकमान्तर नगर्ने।
- दोहोरिएका कार्यक्रमहरु मध्ये कुनै एउटा मात्र कार्यक्रम सञ्चालन गर्न दिने र अरु दोहोरिएका कार्यक्रमलाई समर्पण गराई अर्थ विविधमा रकमान्तर गर्ने।
- चालू आ.व. २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार कार्यक्रम कार्यान्वयन हुन सक्ने अवस्था र राजस्वको प्रवृतिको आंकलनका आधारमा मात्र स्रोत सुनिश्चितता दिने।
- अवण्डा रकम राखी बजेट विनियोजन भएको अवस्थामा सम्बन्धित निकायहरुबाट सो अवण्डा बजेट समयमै बाँडफाँट गर्न पहल गर्ने।
- स्वीकृत कार्यक्रम भन्दा फरक उद्देश्य रहेको कार्यक्रमका लागि रकमान्तर नगर्ने।
- कार्यक्रम संशोधन तथा रकमान्तर गर्दा प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ तथा विनियोजन ऐनमा उल्लेख भएबमोजिमको प्रक्रिया पूरा गरेको हकमा मात्र संशोधन गर्ने।
- योजना/कार्यक्रम कार्यान्वयनमा दोहोरोपना आउन नदीन सङ्घीय सरकार र स्थानीय सरकारसँग समन्वय गर्नुपर्ने।
- गैरकर राजश्व वा संभावित क्षेत्रहरुको पहिचान गरी सङ्कलनको अवस्थाबारे अनुगमन गर्ने।
- ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको स्थानीय तहले सङ्कलन गरेको राजस्वको ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा नगर्ने स्थानीय तहसँग तत्काल सम्पर्क गरी जम्मा गर्न लगाउने।
- मनोरञ्जन कर र विज्ञापन कर वापतको प्रदेश सञ्चित कोषमा जम्मा हुनुपर्ने रकम प्राप्त गर्न सम्बन्धी स्थानीय तहसँग अन्तरक्रिया/छलफल गर्ने।

## ४. भौतिक पूर्वाधार विकास मन्त्रालय

बागमती प्रदेशमा भौतिक पूर्वाधार र विकास निर्माणसम्बन्धी नीतिगत कार्य गर्ने निकायका रूपमा रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत निर्देशनालय र आयोजनासमेत गरी २० वटा कार्यालय/आयोजनाहरू रहेका छन्। मन्त्रालय तथा अन्तर्गत गरी कुल ३२१ दरबन्दी रहेकोमा हाल २२१ पदपूर्ति रहेको अवस्था छ। मन्त्रालयको स्वीकृत दरबन्दी तथा पदपूर्तिको विस्तृत विवरण देहायअनुसार रहेको छः-

**आ.व. २०८०/०८१को प्रदेश सरकारको नीति तथा कार्यक्रम अन्तर्गत मन्त्रालयको प्रगति विवरण**

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलब्धि |
|---|---|
| एकीकृत विकास गुरुयोजना तर्जुमा गरी सहरी विकास आयोजना र सहरी पूर्वाधार निर्माणको कार्य योजनाबद्ध रूपमा लागु गरिनेछ। प्रदेशभित्रका उदीयमान सहरहरू तथा स्थानीय तहका केन्द्रहरूलाई मौलिक पहिचानसहितको व्यवस्थित सहरीकरण गर्न प्रोत्साहन गरिनेछ। | कार्यन्वयनका लागि आ.व २०८१/०८२ मा अध्ययन तथा परामर्शका कार्यक्रममा समावेश गरिएको। |
| ठूला बस्ती तथा सडकको पहुँचबाट टाढा छरिएर रहेका एकल तथा असुरक्षित बसोबासलाई सुरक्षित र एकीकृत बस्तीमा रुपान्तरण गर्ने नीति लिइनेछ। प्रदेश गौरवको आयोजनाको रूपमा रहेको रुवी भ्याली एकीकृत विकास आयोजना लगायतमानव विकास सूचाङ्कमा पछाडि परेका अन्य स्थानीय तहमा भौतिक पूर्वाधार सहितको एकीकृत विकास आयोजना सञ्चालन गरिनेछ। खरको छानामुक्त बागमती प्रदेश अभियानलाई विस्तार गरिनेछ। | खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम अन्तर्गत ४९१ आवास सम्पन्न भएको र आ.व. २०८१/०८२ मा समेत कार्यन्वयनमा रहेको। |
| प्रदेश सरकारको प्रशासनिक केन्द्रको भवन लगायत अन्य पूर्वाधारहरूको निर्माण कार्य यथाशीघ्र शुरु गरिनेछ। प्रदेशका सरकारी कार्यालयहरूलाई सरकारी भवनमै राख्ने व्यवस्थाकालागि उपयोगमा नआएका सङ्घीय सरकारको स्वामित्वमा रहेका भवन तथा अन्य सरकारी भवन प्राप्त गर्ने र नयाँ भवन निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ। | प्रशासनिक केन्द्रको भवनका लागि जग्गा प्राप्तिका लागि राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा संलग्न गर्न प्रस्ताव पेश भई स्वीकृत भएको। |

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलब्धि |
|---|---|
| भौगोलिक अवस्थिति र विविधता अनुसारको सडक तथा पुल निर्माण प्रविधिसम्बन्धी अध्ययन र विकास गरिनेछ। प्रदेश सडक यातायात गुरुयोजना (Provincial Road Transport Master Plan) लाई कार्यान्वयनमा लगिनेछ। गुरुयोजनाको प्राथमिकताका आधारमा प्रदेश लोकमार्ग तथा प्रदेश मार्गलाई क्रमशः स्तरोन्नति गरिनेछ। | प्रदेश सडक यातायात गुरुयोजना (Provincial Road Transport Master Plan) स्वीकृत भएको । २९० कि.मि. सडक पक्की स्तरमा स्तरोन्नति भएको । ११० कि.मि. सडक ग्रावेल स्तरमा स्तरोन्नति भएको । |
| प्रदेश लोकमार्ग तथा प्रदेश मार्गको सडक अधिकार क्षेत्र (Right of Way) तोकी राजपत्रमा प्रकाशित गर्ने कामको सुरुवात गरिनेछ।प्रदेश लोकमार्ग तथा प्रदेश मार्गलाई सर्वयाम (All Weather) सडकको रूपमा विस्तार गर्न त्यस्ता सडकमा पर्ने सडक पुलहरूको निर्माणलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।सडक पुल डिजाइन तथा निर्माण प्रक्रियालाई प्रभावकारी तथा छिटोछरितो बनाउन Design and Build विधि अपनाइने नीति लिइनेछ। | ३३ वटा सडक पुल सम्पन्न भएको। Design and Build विधिबाट एउटा पुल निर्माणाधीन रहेको तथा अर्को एउटा पुल खरिद प्रक्रियामा रहेको। |
| सडक दुर्घटना न्यूनीकरण गर्न प्रदेश लोकमार्ग तथा प्रदेश मार्गमा आधुनिक प्रविधिको प्रयोग गरी सडक सुरक्षा कार्यलाई प्रभावकारी बनाइनेछ। | ४०५ कि.मि. सडकको नियमित मर्मत सम्भार भएको। |
| प्राकृतिक तथा भौगोलिक रूपले भू-क्षय तथा बाढी पहिरोको उच्च जोखिममा रहेका प्रादेशिक सडकहरूको अध्ययन गरी थप सडक सुरक्षा संरचनाहरूको निर्माण तथा बायोइन्जिनियरिङ गरिनेछ। सडक निर्माणको क्रममा भू-क्षय रोकथाम तथा बाढीपहिरो नियन्त्रणलाई उच्च प्राथमिकता दिइनेछ। | ठेक्का व्यवस्थापनमै समावेश गरिएको। |
| लामो तरीको झोलुङ्गे पुल (Long Span Trail Bridge) को निर्माण कार्यलाई निरन्तरता दिंदै स्थानीय तहबाट निर्माण गरिने झोलुङ्गे पुलमा प्रदेश सरकारबाट प्राविधिक सहयोग उपलब्ध गराइनेछ। | प्रदेशतर्फ १५ वटा झोलुंगे पुल सम्पन्न भएको। स्थानीयतर्फ ८४ वटा झोलुंगे पुल सम्पन्न भएको। |
| सङ्घीय सरकारसँग समन्वय गरी बन्द अवस्थामा रहेको काठमाडौं-हेटौंडा रज्जुमार्ग (Rope Way) लाई यात्रु तथा मालसामान ओसारपसार गर्ने गरी पुनर्निर्माण गरिनेछ। | सङ्घीय सरकारसँग समन्वय भएको। |

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलब्धि |
|---|---|
| | |

**आ.व. २०८०/०८१को बजेट उपशीर्षकअनुसारको प्रगति विवरण:**

आ.व. २०८०/०८१ मा मन्त्रालय तथा अन्तर्गत गरी प्रदेश तथा सङ्घीय स्रोतको कुल विनियोजित बजेटमध्ये ७७.७७ प्रतिशत खर्च भएको छ जसमध्ये चालू खर्चतर्फ ६८.५९ प्रतिशत र पूँजीगत खर्चतर्फ ७७.९४ प्रतिशत खर्च भएको छ। मन्त्रालय तथा अन्तर्गतको प्रदेश तथा सङ्घीय स्रोततर्फको बजेट उपशीर्षकगत चालू तथा पूँजीगत खर्चको विवरण देहायअनुसार रहेको छः-

| | | | | | रु. हजारमा | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | बजेट उपशीर्षक | चालू खर्च | खर्च प्रतिशत | पुँजीगत खर्च | खर्च प्रतिशत | कै. |
| १ | ३३७०००११३ भौतिक पूर्वाधार विकास मन्त्रालय | ४३०८४ | ४७ | ० | ० | |
| २ | ३३७०००११४ भौतिक पूर्वाधार विकास मन्त्रालय | ० | ० | १७१८९४ | ६४ | |
| ३ | ३३७०००१५४ प्रादेशिक लोकमार्ग | ० | ० | २५८९६६५ | ७७ | |
| ४ | ३३७०००१६४ प्रादेशिक मार्ग | ० | ० | ४६७२४५९ | ८४ | |
| ५ | ३३७०००१७४ शहरी तथा स्थानीय सडक | ० | ० | ३७९४५५१ | ८२ | |
| ६ | ३३७०००१८४ प्रादेशिक सडकपुल तथा झोलुङ्गेपुल | ० | ० | २१०८३४५ | ८३ | |
| ७ | ३३७०००१९४ सडक मर्मत सम्भार, सुरक्षा तथा अन्य पूर्वाधार | ० | ० | २१०९७३ | ६९ | |
| ८ | ३३७०१०११३ यातायात पूर्वाधार निर्देशनालय | १६५९५ | ६३ | ० | ० | |
| ९ | ३३७०१०११४ यातायात पूर्वाधार निर्देशनालय | ० | ० | १६९६८५ | ९७ | |
| १० | ३३७०१०१२३ पूर्वाधार विकास कार्यालयहरु | १३३८६५ | ८० | ० | ० | |
| ११ | ३३७०१०१२४ पूर्वाधार विकास कार्यालयहरु | ० | ० | ५२९२३ | ६५ | |
| १२ | ३३७०४०११३ शहरी विकास तथा भवन कार्यालयहरु | ७८४७९ | ७७ | ० | ० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | ३३७०४०११४ शहरी विकास तथा भवन कार्यालयहरु | ० | ० | २०७४३३१ | ७६ | |
| १४ | ३३७९११३८४ सम्भावित प्रादेशिक सडकहरु(सङ्घ शसर्त अनुदान) | ० | ० | २६९२५४ | ८४ | |
| १५ | ३३७९११३९४ आवास व्यवस्था कार्यक्रम(सङ्घ शसर्त अनुदान) | ० | ० | १३४८० | २२ | |
| १६ | ३३७९११४०४ झोलुंगे पुल क्षेत्रगत कार्यक्रम(सङ्घ शसर्त अनुदान) | ० | ० | ४९६७ | ८३ | |
| १७ | ३३७९११४१४ स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना(सङ्घ शसर्त अनुदान) | ० | ० | १९३७०६ | ६८ | |
| १८ | ३३७९११४२४ बैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम(सङ्घ शसर्त अनुदान) | ० | ० | ० | ० | |
| १९ | ३३७९११४५३ ग्रामीण सडक सञ्जाल सुधार आयोजना -ए एफ(सङ्घ शसर्त अनुदान) | ७५७५ | ३९ | ० | ० | |
| २० | ३३७९११४५४ ग्रमिण सडक सञ्जाल सुधार आयोजना -ए एफ(सङ्घ शसर्त अनुदान) | ० | ० | ५९००० | १० | |
| २१ | ३३७९११४६४ बस्ती विकास कार्यक्रम(सङ्घ शसर्त अनुदान) | ० | ० | २०१८२७ | ८२ | |
| | **कुल खर्च** | **२७९५९८** | ६८.५९ | **१६५८७०६०** | **७७.९४** | |

**<u>क्षेत्रगत मुख्य कार्यक्रमको प्रगति र आम्दानीको विवरण:</u>**

**<u>आर्थिक वर्ष २०८०/०८१को क्षेत्रगतरुपमा सम्पादित मुख्य कार्यक्रमहरुको प्रगति/उपलब्धी सूचकको विवरण:</u>**

| क्र.सं | क्षेत्र | कार्यक्रमको नाम | एकाई | उपलब्धि विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार | सडक | | | |
| १.१ | | सडक निर्माण/स्तरोन्नति/पुनःस्थापना | | | |
| १.१.१ | | नयाँ ट्र्याक निर्माण | कि.मि. | १०१.७३ | |
| १.१.२ | | ग्राभेल स्तरमा सडक स्तरोन्नति | कि.मि. | ११६.२२ | |
| १.१.३ | | कालोपत्रे स्तरमा सडक स्तरोन्नति | कि.मि. | १९३.१४ | |
| १.१.४ | | ढलान स्तरमा सडक स्तरोन्नति | कि.मि. | १०२.३४ | |
| १.२ | | सडक मर्मत/सम्भार | | | |
| १.२.१ | | नियमित मर्मत सम्भार (सडक हेरालु द्वारा) | कि.मि. | ४०५.०० | |
| १.२.२ | | आवधिक मर्मत सम्भार | कि.मि. | | |
| क. | | पक्कि | कि.मि. | २०.१६ | |
| ख. | | ग्राभेल | कि.मि. | १८.९० | |
| १.२.३ | | पटके मर्मत सम्भार | कि.मि. | | |
| क. | | पक्कि | कि.मि. | १६.०० | |
| ख. | | ग्राभेल | कि.मि. | २०.०० | |
| ग. | | धुले | कि.मि. | १५०.१३ | |
| २ | | सडक पुल | गोटा | ३७.०० | |
| ३ | | झोलुंगे पुल | गोटा | १२.०० | |
| ४ | | सरकारी भवन | गोटा | १४ | सम्पन्न भएको |
| ५ | | सामुदायिक भवन | गोटा | ९४ | सम्पन्न भएको |
| ६ | | अन्य भवन | गोटा | २६ | सम्पन्न भएको |
| ७ | | पार्क निर्माण | गोटा | ५ | सम्पन्न भएको |
| ८ | | अन्य सार्वजनिक निर्माण | गोटा | ३७ | सम्पन्न भएको |
| ९ | | सरकारी कार्यालय मर्मत | गोटा | ५६ | सम्पन्न भएको |

**आर्थिक वर्ष २०८०/०८१को आम्दानी विवरणः**

आ.व. २०८०/०८१मा मन्त्रालय तथा अन्तर्गत गरी कुल रू. ६ करोड ६४ लाख ९३ हजार राजस्व सङ्कलन भएको छ। शीर्षकगत रूपमा संकलित राजस्वको विवरण देहाय अनुसार रहेको छः-

| क्र.सं. | राजश्व शीर्षक | आम्दानी (रु. हजारमा) |
|---|---|---|
| १ | १४२२९ अन्य प्रशासनिक सेवा शूल्क | १४३२३.०२ |
| २ | १५१११ बेरुजु | ४३७८०.२३०६७ |
| ३ | १४५२९ अन्य राजश्व | १४९.४१५ |
| ४ | १४३१२ प्रशासनिक दण्ड जरिमाना र जफत | ७५२८.७४४ |
| ५ | १५११२ निकासा फिर्ता | ७१२ |
| | **जम्मा** | **६६४९३** |

## ५. आन्तरिक मामिला तथा कानून मन्त्रालयः

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश कार्यविभाजन नियमावलीअनुसार प्रदेशको शान्ति सुरक्षामा समन्वय तथा विपद् व्यवस्थापनको कार्यसमेत गर्ने गरी जिम्मेवारी तोकिएको छ। यस मन्त्रालयअन्तर्गत सञ्चार रजिष्ट्रारको कार्यालय रहेको छ। यस मन्त्रालयमा कुल ३८ जना कर्मचारीको दरबन्दी रहेकोमा हाल २६ जना कर्मचारी कार्यरत रहेका छन्। सञ्चार रजिष्ट्रारको कार्यालयतर्फ प्रदेश सरकारबाट सालबसाली कुल १० जना कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा हाल १० जना कर्मचारी कार्यरत रहेका छन्।

**आ.व. २०८०/०८१को प्रदेश** सरकारको **नीति तथा कार्यक्रमअन्तर्गत मन्त्रालयले गरेका कार्य तथा प्राप्त उपलब्धिहरूको विवरण यसप्रकार रहेको छः-**

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलब्धि |
|---|---|
| विषयगत मन्त्रालयको संरचनागत सुधार गरी विपद् व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाइनेछ। | प्रदेश मन्त्रिपरिषद्को मिति २०८०/०७/२२ को निर्णयानुसार साविकमा शाखाको रुपमा रहेको संगठन संरचनालाई हाल महाशाखामा रुपान्तरण गरिएको। |
| "**विपद्बाट बचौं; उत्थानशील समाज निर्माण गरौं**" भन्ने नारालाई आत्मासाथ गर्दै विपद् सचेतना, क्षमता विकास र कृत्रिम अभ्यास कार्यलाई सहभागितामुलक बनाउँदै सुरक्षा र संस्कारको रुपमा (Cultivation of Safety Culture) विकास गर्न जोड दिइनेछ। | स्थानीय तहका जनप्रतिनिधि ,स्थानीय जनसमुदाय ,विद्यार्थी लगायतका सरोकारवालाहरुको सहभागितामा चितवनको माडी, रत्ननगर क्षेत्रमा विपद् व्यवस्थापनसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन<br>हेटौंडा औद्योगिक क्षेत्रमा आगलागी तथा भू-कम्पसम्बन्धी कृत्रिम अभ्यास सञ्चालन गरिएको। |
| अपाङ्गता भएका व्यक्तिहरुलाई "सिप र क्षमता, आत्मसम्मानका लागि उत्पादनमा सहभागिता" भन्ने नारालाई मूर्तरुप दिन जनआन्दोलन, जनयुद्ध र विपद्का कारण अपाङ्गता भएका व्यक्तिहरुलाई सिप, बिउ, पूँजी र प्रविधि प्रदान गरी उत्पादित सेवा र वस्तुको बजारीकरणका लागि कार्यक्रम सञ्चालन गरिने छ। | द्वन्द पीडित सबलीकरण कार्यक्रम कार्यान्वयनसम्बन्धी कार्यविधि स्वीकृत गरी कार्यविधि अनुरुप सम्बन्धित व्यक्तिले आफै सञ्चालन गरेका व्यवसाय र आबद्ध पेशालाई सहयोग पुग्ने गरी कुल १ सय १३ जनासँग अभिमुखीकरण तथा सम्झौता गरिएको। उक्त सम्झौताबमोजिम एक लाखका दरले ११२ जनालाई रकम प्रदान गरिएको। |
| "सभ्य विरोध, सभ्य संस्कृति" भन्ने सोचका साथ प्रदर्शन, धर्ना जस्ता विरोधका कार्यलाई व्यवस्थित र सभ्यताका साथ सञ्चालन गरी लोकतन्त्रलाई थप जिवन्त बनाउन सार्वजनिक नागरिक प्रदर्शन स्थलको व्यवस्थापन गरिने छ। | नागरिक प्रदर्शनलाई व्यवस्थित र मर्यादित बनाउन प्रत्येक जिल्लामा सुरुमा १/१ सार्वजनिक नागरिक प्रदर्शनी स्थल निर्माणका लागि जिल्ला प्रशासन कार्यालयमा २ लाखका दरले अख्तियारी प्रदान गरिएको। |
| "प्रविधिमैत्री सुरक्षा प्रणाली" भन्ने नाराका साथ प्रदेश भित्रको सुरक्षा व्यवस्थापनलाई प्रभावकारी बनाइने छ। | प्रदेश प्रहरी र ट्राफिक प्रहरी सुरक्षा उपकरण खरिद गरिएको। आधुनिक सुरक्षा जाँच चौकी निर्माणका लागि IEE गरिएको। सुरक्षा व्यवस्थाको प्रभावकारीता अभिवृद्धि गर्न |

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलब्धि |
|---|---|
| | जिल्लास्तरीय र प्रदेशस्तरीय सुरक्षा गोष्ठी सम्पन्न भएको। |
| प्रदेशमा पहिचान भएका तर तर्जुमा हुन बाँकी कानून तर्जुमा गर्ने कार्यलाई प्राथमिकतामा राखिने छ। विद्यमान कानूनको समसामयिक संशोधन र परिमार्जन गर्दै लगिने छ। "बागमतीको कानून सबैले जानुन" भन्ने मान्यताका साथ कानूनी सचेतना अभियान सञ्चालन गरिनेछ। | कानून मस्यौदा समितिको बैठक बसी विषयगत मन्त्रालय/निकायहरुबाट तर्जुमा हुन बाँकी कानूनहरुको विवरण अद्यावधिक गरिएको। बाँकी कानून तर्जुमाका लागि विषयगत मन्त्रालयसँग समन्वय भईरहेको।<br>प्रदेश तथा स्थानीय तहमा कानून निर्माणसँग प्रत्यक्ष रुपमा सम्बन्धित जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको। |
| प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा कानूनसँग सम्बन्धित जनशक्तिको क्षमता अभिवृद्धिका लागि सञ्चालित कार्यक्रम तथा असमर्थ पक्षको सहयोगका लागि कानूनी सहायता कार्यक्रमलाई निरन्तरता दिइने छ। न्यायिक समितिका कामकारवाहीहरु डिजिटलाइज गर्न प्रोत्साहित गरिनेछ। | कानून तर्जुमा लिखित जवाफ कानूनी राय तथा राजपत्रसम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न भएको। स्थानीय न्यायिक समितिका पदाधिकारी र जनप्रतिनिधिहरुलाई न्यायिक समितिको कार्यजिम्मेवारी लगायतका विषयमा क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको। जिल्ला कानूनी सहायता अन्तरगत कानूनी सहायता समितिलाई सामाग्री हस्तान्तरण गरिएको। बागमती प्रदेशका ४ स्थानीय तहमा सञ्चालन गर्ने गरी स्थानीय विद्युतीय न्याय व्यवस्थापन प्रणाली निर्माण गरिएको। |
| "बहुसंस्कृति नेपालको पहिचान, मौलिक चलचित्रलाई हाम्रो प्रोत्साहन" भन्ने नारालाई मूर्त रुप दिन मौलिक चलचित्र र प्रदेश सरकारले तोकेका स्थलमा छायाङ्कन गर्ने चलचित्रलाई प्रोत्साहन गरिनेछ। | बागमती प्रदेशमा छायाँङकन भएको अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा सहभागी एक लघु चलचित्र "साक्षी रुख" चलचित्रलाई कार्यविधि बमोजिम एक लाख रुपैया भ्रमणबृत्ति प्रदान गरिएको। लघु चलचित्र र वृत्तचित्र निर्माता आठ जनालाई गणतन्त्र दिवसका अवसरमा प्रशंसापत्र प्रदान गरिएको। दुई वटा चलचित्र महोत्सवका लागि दुई-दुई लाख प्रोत्साहन स्वरुप सहयोग प्रदान गरिएको। माननीय प्रदेश प्रमुख र मानीय मन्त्रीज्यूहरुको उपस्थितिमा लघु चलचित्र, एप्रोन, फाइट फर आइडिन्टीटी, आकाश, घटेरो र साक्षी रुख, त्यसैगरी वृत्तचित्र लुकेको स्वर्ग, बापाचा, काठमाडौं उपत्यकाको बाजा संस्कृति तथा सम्पदा हेटौंडामा प्रदर्शन गरिएको। |
| "सूचना तथा सञ्चारको सुरक्षित प्रयोग गरौं, साइबर अपराधबाट बचौं" भन्ने मान्यताका साथ साइबार अपराध न्युनीकरण गर्ने कार्यक्रम सञ्चालन | साइबर कानून, इन्टरनेट अपराध र सामाजिक सञ्जालसँग सम्बन्धित पुस्तक तयार गरी बिक्री गरिएको। मल्टिमिडिया तथा मोबाइल पत्रकारिता तालिम, रेडियो |

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलब्धि |
|---|---|
| गरिनेछ। सञ्चार क्षेत्रको गुणस्तर र सञ्चारकर्मीको क्षमता अभिबृद्धिका लागि कार्यक्रम सञ्चालन गरिनेछ। | प्राविधिकहरुलाई तालिम, धादिङको गल्छीमा बजार व्यवस्थापन तथा विज्ञापन कला तालिम, चितवनमा ३१ जना पत्रकार महिलाका लागि समाचार लेखन कार्यशाला सञ्चालन गरिएको हेटौंडामा पत्रकारिता सरोकारवालासँग छलफल जस्ता कार्यक्रम सञ्चालन गरिएको। |
| नागरिकको सूचना नागरिकसम्म पुर्‍याउन प्रदेश सूचना बैंकको विस्तार गरिनेछ। | सूचना बैंकसम्बन्धी कार्यविधि स्वीकृत नहुँदा कार्यक्रम सञ्चालन नभएको। |

यस मन्त्रालयको आ.व. २०८०/०८१मा कुल बजेटको ६३.३४ प्रतिशत मात्र खर्च प्रगति भएको देखिन्छ। जसमा चालूतर्फ ६४.९५ प्रतिशत तथा पूँजीगततर्फ ६२.६५ प्रतिशत रहेको छ। मन्त्रालय तथा अन्तर्गतको कार्यालयगत खर्चको अवस्था निम्न बमोजिम रहेको छः-

| क्र.सं. | बजेट उपशीर्षक | चालू खर्च | खर्च प्रतिशत | पूँजीगत खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ८६१७३ | ६२.४ | २७९८३२ | ६२.६४ |
| २. | सञ्चार रजिष्ट्रारको कार्यालय | ३६५५० | ७१.२६ | ३०४ | ७५.९७ |

**क्षेत्रगत मुख्य कार्यक्रमहरुको प्रगति र आम्दानी विवरण**

**आ.व. २०८०/०८१ को क्षेत्रगत रुपमा सम्पादित मुख्य कार्यक्रमहरुको प्रगति/उपलब्धि सूचकको विवरण**

| क्र.सं. | क्षेत्र | कार्यक्रमको नाम | एकाई | उपलब्धि विवरण | कै. |
|---|---|---|---|---|---|
| १. | प्रशासन, योजना | प्रदेशस्तरमा सार्वजनिक समारोह, विदा, उत्सव, उर्दी आदिको व्यवस्थापन | ४वटा दिवस, २ सा.वि. | संविधान दिवस, सहिद दिवस, प्रजातन्त्र दिवस, गणतन्त्र दिवस का समारोहको प्रदेशस्तरीय मूल समारोह समिति गठन गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको।<br>चोनाम, लदी पर्व लगायतमा सार्वजनिक विदा प्रदान गरिएको। | |
| २. | | मन्त्रालयको वार्षिक प्रतिवेदन सम्पादन तथा प्रकाशन | २०० थान | मन्त्रालयको आ.व. २०७९।०८० को वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको। | |
| ३. | | कर्मचारी क्षमता वृद्धि कार्यक्रम | १ पटक | हेटौंडामा तनाव व्यवस्थापन कार्यक्रम, कुलेखानीमा Team Building कार्यक्रम सम्पन्न गरिएको, मन्त्रालयका कर्मचारीलाई सवारी प्रशिक्षण तथा फोटोग्राफीसम्बन्धी | |

| क्र.सं. | क्षेत्र | कार्यक्रमको नाम | एकाई | उपलब्धि विवरण | कै. |
|---|---|---|---|---|---|
| | | | | तालिम सञ्चालन। | |
| ४. | | विपद् व्यवस्थापन सम्बन्धी सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम | १/ १ पटक | विपद् व्यवस्थापनसम्बन्धी सरोकारवालाहरुसँग रसुवा र दोलखामा अन्तरक्रिया कार्यक्रम सम्पन्न। | |
| ५. | | अन्तरप्रदेश सहयोग | १ पटक | कर्णाली प्रदेशमा प्रभावित भुकम्प पीडितलाई अन्तरप्रदेश सहयोग स्वरुप खोज उद्धार, उपचार, राहत तथा पुनर्स्थापनाको लागि रु. १ करोड ५० लाख प्रदान गरिएको। | |
| ६. | विपद् व्यवस्थापन | न्यानो सिरक वितरण कार्यक्रम | ६६६थान | बढ्दै गएको चिसो मौसमलाई मध्यनजर गर्दै क्रमशः घ्याङ्लेख, मरिण, हरिहरपुरगढी, सुनकोशी र मनहरी गाँउपालिका तथा कमलामाई नगरपालिकाका लोपन्मुख, सिमान्तकृत तथा विपन्न परिवारलाई स्थानीय तहको समन्वयमा न्यानो फाईबर सिरक वितरण गरिएको। | |
| ७. | | विपद् उद्धार सामाग्री खरिद | ६४ प्रकार | विपद् खोज तथा उद्धार कार्य प्रभावकारी बनाउन झन्डै रु. ३ करोड बराबरको लागतमा ६४ प्रकारका विपद् उद्धार सामाग्री खरिद गरी प्रदेशस्तरीय सुरक्षा निकायहरुलाई हस्तान्तरण गरिएको। | |
| ८. | | विपद् व्यवस्थापनका लागि पूर्वाधारको निर्माण | १/१ वटा | विपद् गुल्म भवन निर्माण सम्पन्न भई सञ्चालनमा रहेको। सुरक्षाकर्मीहरुको लागि धुलिखेलमा गोदामघर आवास निर्माणको कार्य समेत सम्पन्न भएको। | |
| ९. | | प्रदेश गोदामघर कार्यकक्ष व्यवस्थापन | १/ १वटा | प्रदेश गोदामघर नुवाकोट, काभ्रेपलाञ्चोक र हेटौंडाको कार्यकक्ष व्यवस्थापन तथा सुदृढीकरण गरिएको। | |

| क्र.सं. | क्षेत्र | कार्यक्रमको नाम | एकाई | उपलब्धि विवरण | कै. |
|---|---|---|---|---|---|
| १०. | | विपद् व्यवस्थापनका लागि कृत्रिम अभ्यास कार्यक्रम | १ पटक<br><br>१९जना | मन्त्रालयको आयोजना र प्रदेशस्तरीय सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी लगायतका सरोकारवाला निकायहरुको समन्वयमा आगलागी तथा भुकम्प लगायतका विपद्जन्य घटनासम्बन्धी कृत्रिम अभ्यास कार्यक्रम सम्पन्न गरिएको।<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि दक्ष जनशक्तिको उत्पादनका लागि गोताखोर तालिम सञ्चालनका लागि सशस्त्र प्रहरी बल नेपाल नं.३ गढीमाईलाई रु. ३० लाख रकम प्रदान गरिएकोमा उक्त कार्यक्रमबाट कुल १९ जना गोताखोर तालिमबाट प्रशिक्षित भएको। | |
| ११. | | विपद् उद्धार तथा राहत सामग्री हस्तान्तरण | २८ वटा निकाय | विभिन्न स्थानीय तह तथा जिल्ला प्रशासन कार्यालयलाई विपद् सामग्री हस्तान्तरण गरिएको। | |
| १२. | | विपद् व्यवस्थापनका लागि स्वयंमसेवक समुह निर्माण तथा परिचालन | ११ स्थानीय तह | विपद् व्यवस्थापनका लागि स्वंयमसेवक समूह निर्माण तथा परिचालनका लागि प्रदेश स्वयंसेवक व्युरो तथा स्वयंसेवक परिचालनसम्बन्धी कार्यविधि, २०८० तर्जुमा गरी बागमती प्रदेशका ११ स्थानीय तहका वडास्तरमा स्वयंसेवक समूह गठन गर्नका लागि कुल रु.४ लाख २५ हजारका दरले अख्तियारी प्रदान गरिएको। | |
| १३. | | विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सामुदायिक सचेतना कार्यक्रम | १/ १ पटक | चितवनको माडी क्षेत्रमा विद्यालयस्तरमा विद्यार्थी, जनप्रतिनिधि तथा स्थानीयहरुको उपस्थितिमा विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सामुदायिक सचेतना कार्यक्रम सञ्चालन गरिएको। | |
| १४. | **कानून तर्जुमा** | स्थानीय न्यायिक सहजकर्ताको छनौट, | ७२ जना | बागमती प्रदेश अन्तरगतका ७२ गाउँपालिकामा स्थानीय न्यायिक | |

| क्र.सं. | क्षेत्र | कार्यक्रमको नाम | एकाई | उपलब्धि विवरण | कै. |
|---|---|---|---|---|---|
| | तथा राजपत्र प्रकाशन तर्फ | अभिमुखीकरण लगायत | | सहजकर्ताको आवेदन, अन्तरवार्ता, छनौट तथा सम्बन्धित पालिकामा सिफारिस गरिएको। नियुक्ती ७२ स्थानीय न्यायीक सहजकर्ताहरुलाई अभिमुखीकरण तथा क्षमता अभिवृद्धिसम्बन्धी प्रशिक्षण कार्यक्रम ललितपुरमा सम्पन्न भएको। | |
| १५. | | कानून तर्जुमा पूर्वको छलफल कार्यक्रम | १ पटक | विद्युतीय अपराध नियन्त्रणसम्बन्धी विधेयक तर्जुमा गर्नुपूर्वको अन्र्तक्रिया कार्यक्रम मकवानपुरमा सम्पन्न भएको। | |
| १६. | | कानून तर्जुमा लिखित जवाफ कानुनी राय तथा राजपत्रसम्बन्धी क्षमता अभिवृद्धि तालिम | १/ १ पटक | प्रदेश सरकारका मन्त्रालयहरुका सचिवज्यू र कानून अधिकृतहरुलाई फैसला कार्यान्वयन र लिखित जवाफ सम्बन्धमा मकवानपुरमा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको।<br>मकवानपुरको हेटौंडामा चितवन र मकवानपुरका स्थानीय तहका कर्मचारीहरुका लागि कानून तर्जुमा लिखित जवाफ कानूनी राय तथा राजपत्रसम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न भएको। | |
| १७. | | स्थानीय तहमा विद्युतिय न्याय व्यवस्थापन प्रणाली सञ्चालन कार्यक्रम | १ वटा | बागमती प्रदेशका ४ स्थानीय तहमा सञ्चालन गर्ने गरि स्थानीय विद्युतीय न्याय व्यवस्थापन प्रणाली निर्माण गरिएको। | |
| १८. | | न्यायिक समितिका पदाधिकारी तथा जनप्रतिनिधिलाई प्रशिक्षण तथा क्षमता अभिवृद्धी तालिम | १/ १ पटक | रामेछाप, दोलखा, सिन्धुली,काभ्रेपलाञ्चोक, धादिङ तथा नुवाकोट जिल्लाका स्थानीय न्यायिक समितिका पदाधिकारी र जनप्रतिनिधिहरुलाई न्यायिक समितिको कार्यजिम्मेवारी लगायतका विषयमा क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको। | |
| १९. | | स्थानीय तहका कर्मचारीको लागि कानून निर्माण, | १/ १ पटक | स्थानीय तहका कर्मचारीको लागि कानून निर्माण मेलमिलाप तथा राजपत्र सम्बन्धी अभिमुखीकरण तालिम मकवानपुर र | |

| क्र.सं. | क्षेत्र | कार्यक्रमको नाम | एकाई | उपलब्धि विवरण | कै. |
|---|---|---|---|---|---|
| | | मेलमिलाप तथा राजपत्रसम्बन्धी अभिमुखीकरण तालिम | | सिन्धुपाल्चोक जिल्लामा सम्पन्न भएको। | |
| २०. | | कानून विषयक अन्य | ६५वटा र ५६वटा | ऐन- २, अध्यादेश-१ (संशोधन), नियमावली -५(संशोधन सहित), कार्यविधि-१७(संशोधन सहित), मापदण्ड-४ (संशोधनसहित), आदेश-१ (संशोधन), निर्देशिका-४, विधान-२ र सूचना-२९ जम्मा ६५ ओटा कानून राजपत्रमा प्रकाशन गरिएको।<br>नीति ६, अध्यादेश १, विधेयक ७, मापदण्ड ६, कार्यविधि २४, नियमावली ४ निर्देशिका ४ र विधान ४ गरी जम्मा ५६ वटा कानूनमा राय सहमती प्रदान गरिएको। | |
| २१. | शान्ति सुरक्षातर्फ | बहुबर्षीय आयोजनाहरु (प्रहरी भवन लगायत) | २४ वटा | प्रदेश प्रहरीका (क्रमागत भवन) १९ वटा र (नयाँ प्रहरी भवन) ५ वटा (गरी कुल २४ वटा प्रहरी एकाई भवन निर्माणका लागि कुल रु.२६ करोड ५५ लाख २९ हजार १ सय रकम बागमती प्रदेश प्रहरी कार्यालयलाई अख्तियारी प्रदान गरी कार्यान्वयनका लागि पठाईएको। | |
| २२. | | आत्महत्या न्यूनीकरणसम्बन्धी सचेतना कार्यक्रम | १/ १ पटक | आत्महत्या न्यूनीकरण मनोरोग रोकथाम तथा तनाव व्यवस्थापन कार्यक्रम सिन्धुली र रामेछाप जिल्लाका सम्पूर्ण गाँउपालिका तथा नगरपालिकाका अध्यक्ष, उपाध्यक्ष/मेयर-उपमेयर सम्पूर्ण जिल्लास्थित कार्यालयका प्रमुख तथा प्रतिनिधीहरुको सहभागितामा सम्पन्न भएको। | |
| २३. | | सडक दुर्घटना न्यूनीकरण कार्यक्रम | १० जिल्लामा | ट्राफिक सप्ताह कार्यक्रममा उपत्यका बाहेकका १० जिल्लास्थित सुरक्षा निकायका प्रतिनिधी तथा जिल्ला ट्राफिक कार्यालयका प्रहरी कर्मचारी, सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको सहभागितामा सम्पन्न भएको। | |

| क्र.सं. | क्षेत्र | कार्यक्रमको नाम | एकाई | उपलब्धि विवरण | कै. |
|---|---|---|---|---|---|
| २४. | | कैदीबन्दीलाई सिप विकास तालिम | २ वटा | चितवन र काभ्रे जिल्लाका कारागारका कैदीबन्दीलाई सिप विकास तालिम प्रदान गर्न सम्बन्धित कारागारसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिएको। | |
| २५. | | कैदीबन्दीलाई प्रविधि/यन्त्र उपकरण सहयोग कार्यक्रम | ८ वटा | कैदीबन्दीलाई प्रविधि/यन्त्र उपकरण सहयोग कार्यक्रम अन्तरगत सिलाईबुलाई मेसिन, राईस स्टिमर खरिद गरि हस्तान्तरण गरिएको। | |
| २६. | | द्वन्द्ध पीडित सबलीकरण कार्यक्रम | ११२जना | द्वन्द पीडित सबलीकरण कार्यक्रम कार्यान्वयनसम्बन्धी कार्यविधि स्वीकृत गरी कार्यविधि अनुरुप सम्बन्धित व्यक्तिले आफै सञ्चालन गरेका व्यवसाय र आबद्ध पेशालाई सहयोग पुग्ने गरी कुल १ सय १३ जनासँग अभिमुखीकरण तथा सम्झौता गरिएको। उक्त सम्झौत बमोजिम रु. एक लाखका दरले ११२ जनालाई रकम प्रदान गरिएको। | |
| २७. | | प्रदेश प्रहरी र ट्राफिक प्रहरी सुरक्षा उपकरण खरिद | | प्रदेश प्रहरी र ट्राफिक प्रहरी सुरक्षा उपकरण खरिद गरिएको। | |
| २८. | सूचना तथा सञ्चार तर्फ | सञ्चारकर्मीहरुलाई तालिम | ८ प्रकारका | डेटा ड्रिभन (पत्रकारिता तालिम) १७ जना सहभागी<br>अनलाइन (पत्रकारिता तालिम) २३ जना सहभागी<br>डिजिटल (पत्रकारिता तालिम) २८ जना सहभागी<br>अनलाइन (पत्रकारिता तालिम) २३ जना सहभागी<br>(हार्डवेयर र सफ्टवयर) पोडकास्टको तालिम २३ जना सहभागी<br>रामेछाप र धुलिखेलमा मोबाइल पत्रकारिता तालिम) २३/२३ जना सहभागी बजार व्यवस्थापन तालिम 18 | |

| क्र.सं. | क्षेत्र | कार्यक्रमको नाम | एकाई | उपलब्धि विवरण | कै. |
|---|---|---|---|---|---|
| | | | | जना(सहभागी समाचार लेखन कार्यशाला )३१ जना महिला सहभागी | |
| २९. | | पत्रकार बीमा | ४४० जना | पत्रकार बीमा अन्तरगत कुल ४४० जनाको बिमा गरिएको। | |
| ३०. | | प्रदेश गतिविधि प्रशारण कार्यक्रम | हप्ताको १ दिन | प्रदेश गतिविधि प्रसारण कार्यक्रम नेपाल टेलिभिजनसँग सम्झौता गरी हरेक हप्ताको मंगलबार साँझ ७:२५ बजे बागमती प्रदेश गतिविधि कार्यक्रम प्रसारण भई रहेको। | |
| ३१. | | पत्रकारिता पुरस्कार | ७ जना | पत्रकारिता पुरस्कार अन्तरगत विभिन्न सात विद्यामा सक्रिय रुपमा कार्यरत पत्रकारहरुलाई गणतन्त्र दिवसको अवसरमा प्रमाणपत्र र नगद पुरस्कार द्धारा पुरस्कृत गरिएको। | |
| ३२. | | मौलिक चलचित्र निर्माण तथा प्रवर्धनमा सहयोग कार्यक्रम | ६ वटा प्रोत्साहन वृत्ति र ८ जना प्रशंसा पत्र | मौलिक चलचित्रसम्बन्धी कार्यविधि स्वीकृत भई कार्यविधि बमोजिम निर्माण भएका चार वटा लघु चलचित्रलाई एक -एक लाखका दरले प्रोत्साहन बृत्ति प्रदान गरिएको। साथै, उक्त कार्यविधिबमोजिम निर्माण भएको तीन वटा वृत्तचित्रलाई एक -एक लाखका दरले प्रोत्साहन बृत्ति प्रदान गरिएको।<br>बागमती प्रदेशमा छायाँङकन भएको अन्तराष्ट्रिय चलचित्र महोत्सवमा सहभागी एक लघु चलचित्र “साक्षी रुख” चलचित्रलाई कार्यविधि बमोजिम एक लाख रुपैया भ्रमणबृत्ति प्रदान गरिएको।<br>मौलिक चलचित्रसम्बन्धी कार्यविधि बमोजिम दुई वटा चलचित्र महोत्सवका लागि दुई -दुई लाख प्रोत्साहन स्वरुप सहयोग प्रदान गरिएको।<br>लघु चलचित्र र बृत्तचित्र निर्माता (आठ जना) लाई गणतन्त्र दिवसका अवसरमा प्रशंसापत्र प्रदान गरिएको। | |
| ३३. | | साइबर सुरक्षा सचेतना | १ पटक | साइबर अपराधसँग सम्बन्धित पुस्तक | |

| क्र.सं. | क्षेत्र | कार्यक्रमको नाम | एकाई | उपलब्धि विवरण | कै. |
|---|---|---|---|---|---|
| | | पुस्तिका | | तयार गरिनुका साथै त्रिभुवन बिश्वबिद्यालय स्नातक तहको चौथो वर्षको पाठ्यक्रममा समावेश भएको अनलाइन पत्रकारिता हाते पुस्तक अद्यावधिक र परिष्कृत गरी मूल्य निर्धारण समेत भएको। | |
| ३४. | | जनचेतनामूलक प्रचार सामाग्री निर्माण तथा प्रसारण, लोक कल्याणकारी विज्ञापन | ३ वटा | जनचेतनामूलक प्रचार सामग्री निर्माण, प्रसारण तथा वितरणसम्बन्धी कार्यविधिबमोजिम संविधानमा प्रादेशिक अधिकार समेटिएको एक र भ्रमित सूचनाबाट बच्ने उपायसम्बन्धी एक गरी दुई वटा भिडियो, अडियो र अनलाइनको व्यानर तयार गरी सञ्चार माध्यमहरुबाट प्रकाशन तथा प्रसारण भएको। | |
| ३५. | | जेष्ठ पत्रकार अनुभव अभिलेखीकरण ५ जना | ५ जना | पाँच जना ज्येष्ठ पत्रकारको अनुभव अभिलेखीकरणका लागि शब्द र श्रव्यदृश्य सामग्री सङ्कलन भई पुस्तक तयार गरिएको। | |

आ.व. २०८०/०८१ मा आन्तरिक मामिला तथा कानून मन्त्रालयअन्तर्गत समग्रमा रू. ४० लाख ७८ हजार राजस्व सङ्कलन भएको छ। जसतर्फ मन्त्रालय र अन्तर्गत शीर्षकगत रूपमा सङ्कलित राजस्वको विवरण निम्नानुसार रहेको छः-

**आ.व .२०८०/०८१ को आम्दानीः**

| क्र.सं. | राजश्व शी.नं. | राजश्व शीर्षक | आम्दानी (रु .हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | १४२२९ | अन्य प्रशासनिक सेवा शूल्क | २९३.८५७ | मन्त्रालय अन्तर्गत |
| २ | १४५२९ | अन्य राजस्व | ५.७८० | |
| ३ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २०३.७६० | |
| ४ | १५१११ | बेरुजु | ६९५.१८१ | |
| ५ | १४२१३ | अन्यविक्रीबाट प्राप्त रकम | ८७.१७२ | |
| | | **मन्त्रालय तर्फको जम्मा** | **१२८५.७५** | |
| १ | १४१५९ | अन्यस्रोतबाट प्राप्त बाँडफाँट नहुने रोयल्टी | १८२०.५६ | सञ्चार रजिस्ट्रारको कार्यलय |
| २ | १४२२९ | अन्य प्रशासनिक सेवा शूल्क | १०८८.३० | |

| | | | | |
|---|---|---|---|---|
| ३ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १८४.८२ | |
| ४ | १४२५४ | रेडियो/एफ.एम .सञ्चालन दस्तुर | ३३६०.८५ | |
| ५ | १४५२९ | अन्य राजस्व | ३९७. ७३ | |
| ६ | १४२५५ | टेलिभिजन सञ्चालन दस्तुर | २६८७.७४ | |
| **सञ्चार रजिष्ट्रारको कार्यालय तर्फको जम्मा** | | | **९५३९.९९** | |
| **कुल जम्मा** | | | **१०८२५.७४** | **मन्त्रालय र सञ्चार रजिस्ट्रारको कार्यालयको कुल जम्मा** |

**प्रदेश सुशासन ऐन, २०७७ को दफा ४२(२) बमोजिम मन्त्रालय/निकाय तथा मातहतका कार्यालयहरुमा सुशासन कायम गर्न गरेका सुधारका कार्यक्रम र त्यसबाट प्राप्त परिणामः**

| क्र.सं. | सुधारका क्षेत्रहरु | सुधारका कार्यक्रमहरु | प्राप्त परिणामको विवरण |
|---|---|---|---|
| १. | प्रशासनिक कार्य/कार्यगत सुधार | वार्षिक प्रगति विवरण प्रकाशन | वार्षिक प्रगति विवरण प्रकाशन गरी सबै विषयगत मन्त्रालयहरुमा प्रेषित गरिएको। |

**प्रदेश सुशासन ऐन,२०७७ र नियमावली, २०७७ बमोजिम मन्त्रालय /निकायले गर्नुपर्ने जिम्मेवारी र सोसम्बन्धमा भएका प्रगतिः**

| क्र.सं. | ऐन तथा नियमावलीले तोकेका कार्यजिम्मेवारी | सम्पादन भएको काम/प्रगति | कैफियत |
|---|---|---|---|
| १ | मन्त्रालयको लक्ष्य हासिल गर्न संगठन विस्तार | मन्त्रालयअन्तर्गत सञ्चार रजिष्ट्रारको कार्यालय रहेको, मन्त्रालयको सञ्चार क्षेत्रसम्बन्धी कार्यहरु यसै कार्यालयबाट हुने गरेको, पत्रकारिता, रेडियो, टेलिभिजन जस्ता विषयमा कार्य गर्ने गरेको। | |
| २ | निर्णय कार्यान्वयन | प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ४५ बमोजिम प्रदेश विपद् व्यवस्थापन कोषको रकम परिचालन गर्न प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि, २०८० अख्तियारी गरिएको मन्त्रालयसँग सम्बन्धित निर्णयहरु गर्दा निर्णयको विषयानुसार मन्त्रीस्तरीय/सचिवस्तरीय निर्णय टिप्पणी आदेशमार्फत गर्ने गरिएको। निर्णय गर्दा तथ्य, सूचनाको आधारमा गरिने साथै निर्णय गर्दा पारदर्शी निर्णय गर्ने गरिएको। | |
| ३ | कार्यसम्पादन करार | मा. मन्त्रीज्यू र मा. मुख्यमन्त्रीज्यूसँग कार्यसम्पादन करार भएसँगै हरेक आर्थिक वर्ष कार्यालय प्रमुखले मन्त्रीज्यूसँग कार्यसम्पादन करार गर्ने गरेको। | |
| ४ | अधिकार प्रत्यायोजन | माननीय मन्त्रीज्यूबाट सचिवज्यू, सचिवज्यूबाट महाशाखा प्रमुखसम्म | |

| | | | |
|---|---|---|---|
| | | अधिकार प्रत्यायोजन हुने गरेको। | |
| ५ | न्यायोचित सेवा शूल्क निर्धारण | सञ्चार रजिष्ट्रार कार्यालयमार्फत सञ्चार संस्था र माध्यमहरुको दर्ता, नवीकरणमा शूल्क तोकि राजस्व सङ्कलन गरिएको।<br>अनलाईन पत्रकारिता, साईबर सचेतना, प्रदेश राजपत्र र प्रदेश कानूनसम्बन्धी सङ्ग्रहको मूल्य निर्धारण भई विक्री भईरहेको। | |
| ६ | गुनासो व्यवस्थापन | गुनासो व्यवस्थापनका लागि मन्त्रालयमा गुनासो पेटिकाको व्यवस्था गरिएको।<br>मन्त्रालयको आधिकारिक वेबसाईटमा राय सुझाव तथा टोल फ्री नं. को व्यवस्था गरिएको।<br>गुनासो सुन्ने अधिकारीको समेत व्यवस्था भएको। | |
| ७ | प्रवक्ता/सूचना अधिकारी | मन्त्रालयको सूचना प्रवाह गर्ने प्रयोजनका लागि प्रवक्ता तथा सूचना अधिकारी तोकिएको। | |
| ८ | सूचना प्रविधिको प्रयोग | सेवाग्राहीमैत्री डिजिटल बोर्ड राखिएको। मन्त्रालयको आफ्नै वेबसाईट रहेको।<br>Bagamati Law App को निर्माण गरिएको ,जसबाट बागमती प्रदेशको कानूनहरु सजिलै पाउन सकिने। कर्मचारीको हाजिरीका लागि ई-हाजिरीको व्यवस्था गरिएको। Bulk SMS मार्फत् प्रशासनिक कार्य सरलीकरण भएको। | |
| ९ | नागरिक बडापूर्ति (क्षतिपूर्ति सहितको) | मन्त्रालयको कार्यजिम्मेवारी अनूरुपका कार्यहरु विभिन्न महाशाखा/शाखा बाट हुने गरेको। (नागरिकलाई प्रत्यक्ष सेवाप्रवाह नगरिने हुँदा क्षतिपूर्तिको व्यवस्था नरहेको) | |

**मन्त्रालय/निकायगत सबल पक्षहरु, कमीकमजोरी तथा मन्त्रालयगत/निकायगत अवसरहरु र चुनौतीहरु**

| सबल पक्षहरु | कमीकमजोरीहरु | अवसरहरु | चुनौतीहरु |
|---|---|---|---|
| मन्त्रालयको कार्यजिम्मेवारी अनुरुप ५१ प्रकृतिका कार्य गर्न सक्ने। | मन्त्रालयको संगठन संरचना र दरबन्दी अनुरुप पदपुर्ति नहुँदा लक्ष्य अनुरुप प्रगति हुन नसक्नु। | प्रदेश लोक सेवा आयोगमार्फत कर्मचारीको पदपुर्ति गर्न सकिने। | |
| प्रदेशभित्रको सुरक्षा व्यवस्थाको सुदृढीकरण गर्न सकिने। | संविधान मार्फत प्रद्धत अधिकार प्रदेश सरकारलाई हस्तान्तरण नहुनु। | सङ्घीयताको सबल अभ्यासका लागि प्रदेश सरकारबाट प्रदेश प्रहरी समायोजन लगायतका विषयमा सङ्घीय सरकारसँग पहल भईरहेको। | प्रदेश प्रहरी समायोजन भई प्रदेशको शान्ति सुरक्षा प्रवर्द्धन गर्नु। |
| संविधानको अनूसूचीमा | मन्त्रालयको अधिकांश समय | कानूनहरुको राय/सहमति | तर्जुमा भएका |

| सबल पक्षहरु | कमीकमजोरीहरु | अवसरहरु | चुनौतीहरु |
| --- | --- | --- | --- |
| प्रदेशको एकल अधिकार सूची र साझा अधिकार सूचीका विषयमा कानून तर्जुमा गर्ने अधिकार प्रदेश सरकारलाई हुनु। | विषयगत मन्त्रालयबाट तर्जुमा भएका कानूनहरुको सहमति प्रदान र प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्ने कार्यमा उपयोग भएको हुँदा कानून मस्यौदाको कार्य लक्ष्य अनुरुप गर्न नसक्नु। | प्रदान गर्दा अन्य कानूनसँग बाझिएको/नबाँझीएको लगायतका विषयको अध्ययन भई सहमति प्रदान गरिने भएकोले प्रभावकारी कानून तर्जुमा हुने। | कानूनहरुको प्रभावकारी कार्यान्वयन र सार्वजनिक सरोकारका कानूनहरुको विषयमा जनस्तरमा सु-सुचित गर्नु। |
| प्रदेशभित्रको सञ्चार क्षेत्र हेर्न सकिने जिम्मेवारी रहेको। | सञ्चार संस्था तथा माध्यमहरुको प्रभावकारी नियमन हुन नसक्नु। | मन्त्रालय अन्तर्गत सञ्चार रजिष्ट्रारको कार्यालय रहेको। सञ्चार माध्यम दर्ता/नवीकरण मार्फत राजस्व सङ्कलन हुनु। | राजस्व सङ्कलन दिनानुदिन घटदो क्रममा रहेकोले सोको वृद्धि गर्न आवश्यक कार्ययोजना र सोही अनुरुप प्रदेश सरकारको आयमा योगदान पुर्याउनु। |

**उपसंहारः-**

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेशको एक प्रमुख मन्त्रालय अन्तरगत पर्दछ। प्रदेश कार्यविभाजन नियमावली, २०८० अनुसार यस मन्त्रालयको ५१ वटा कार्यजिम्मेवारी रहेको छ। यस मन्त्रालयले विशेषगरी प्रशासन, शान्ति सुरक्षा, प्रदेश सभा मामिला, कानून तर्जुमा, विपद् व्यवस्थापन तथा सञ्चार क्षेत्र सम्बन्धी कार्य गर्दछ। प्रदेश स्थापनाको ७ वर्ष बितिसक्दा यस मन्त्रालयले आफ्नो कार्यजिम्मेवारी अनुरुपका कार्यहरु गर्दै आएको छ भने तीनिहरुलाई थप प्रभावकारीताका साथ अगाडि बढाउनुपर्ने देखिन्छ।

यस मन्त्रालयको प्रकृति प्रशासनिक तवरको भएतापनि संविधान प्रदत प्रदेश प्रहरी समायोजन भएपश्चात सोको लागि आवश्यक पूर्वाधारको पूर्वतयारी गर्न प्रहरी भवनहरुको निर्माण लागि हालसम्म रकम विनियोजन गर्दै आएको व्यहोरा विदितै छ। सङ्घीय सरकारबाट हस्तान्तरण हुनुपर्ने अधिकारहरु हस्तान्तरण नहुँदा तथा सङ्घीय ईकाईहरुबीच अन्तरआबद्धता प्रभावकारी नहुँदा समेत संविधानले व्यवस्था गरेको समन्वय सहकार्य र सहअस्तित्वको सिद्धान्तको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।

साथै, प्रदेशमा परियोजना बैङ्क कार्यन्वयन हुन नसक्दा प्राथमिकता अनूरुपका आयोजना/कार्यक्रम कार्यान्वयन गर्न सकिएको छैन। आवधिक योजना, नीति र वार्षिक बजेट तथा कार्यक्रम बीच तादम्यता नहुनु अर्को समस्या

रहेको छ। प्रदेशस्तरमा रहेका सञ्चारमाध्यमहरुलाई प्रभावकारी बनाउन, सोको नियमन लगायतका क्षेत्रमा थप कार्य गर्नुपर्ने देखिन्छ। यस मन्त्रालयले विभिन्न समस्याका बाबजुद पनि कानून निर्माण, शान्ति सुरक्षा तथा सुव्यवस्था, विपद् व्यवस्थापन तथा सञ्चार क्षेत्रलाई प्राथमिकतामा राखि कार्यसम्पादन गरिरहेकोमा आगामी दिनमा यसलाई थप कार्यान्वयन योग्य र प्रभावकारी बनाउदै लैजान आवश्यक रहेको देखिन्छ।

## ६. वन तथा वातावरण मन्त्रालय

वन तथा वातावरण मन्त्रालय र अन्तर्गत कुल २४ वटा कार्यालय र सोअन्तर्गत कुल १०१५ दरबन्दी रहेकोमा ५८१जनाको पदपूर्ति भएको छ। मन्त्रालय तथा अन्तर्गतको स्वीकृत दरबन्दी तथा पदपूर्तिको अवस्था निम्नानुसार रहेको छः-

| **स्वीकृत दरबन्दी** | | | **पदपूर्ति विवरण** | | |
|---|---|---|---|---|---|
| अधिकृत तह | सहायकस्तर | श्रेणीविहीन | अधिकृत तह | सहायकस्तर | श्रेणीविहीन |
| २४२ | ४४५ | ३२८ | १९५ | १४४ | २४२ |

**आ.व. २०८०/०८१ को प्रदेश सरकारको नीति तथा कार्यक्रम अन्तरगत मन्त्रालयको प्रगति विवरणः-**

| **नीति तथा कार्यक्रम** | **कार्यान्वयनको अवस्था/उपलब्धि** |
|---|---|
| समुदाय र निजी क्षेत्रसँगको सहकार्यमा दिगो वन व्यवस्थापनका माध्यमबाट वन, जैविक विविधता, जलाधार तथा सिमसार क्षेत्रको संरक्षण गर्दै वन पैदावारको उत्पादन तथा उपयोग मार्फत् वातावरण संरक्षण, रोजगारी सिर्जना र आयआर्जनमा टेवा पुयाउने नीति लिइनेछ। | दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ को स्वीकृत भई कार्यान्वयनमा रहेको र यस अनुसार राष्ट्रिय वन क्षेत्रभित्र गुणस्तरमा ह्रास आइरहेका सुखड खडा र ढला पड़ा रूखहरूको सङ्कलन कटानी भईरहेको।<br>आ.व. २०८०/०८१मा २४ लाख ६० हजार ८ सय ९१ घनफिट गोलिया काठ (सरकारद्वारा व्यवस्थित वनबाट १,२२,०४७.४०, सा. व. बाट ३,७४,४८९.१२ र निजीबाट १९,६४,३५४.५५) र ३ हजार ३ सय ५६ चट्टा दाउरा (सरकारद्वारा व्यवस्थित वनबाट ८२.१०, सा.व.बाट ४१९.३५ र निजीबाट २,८५४.७९) विक्री वितरण गरी वन पैदावारको आपूर्ति भएको।<br>हैसियत बिग्रेको वन क्षेत्रमा पुनरोत्पादन प्रवर्द्धन तथा संरक्षण कार्य भईरहेको जसबाट जैविक विविधता, जलाधार तथा सिमसार क्षेत्रको संरक्षण कार्य भईरहेको।<br>वन तथा भू संरक्षणका विभिन्न कार्यक्रमहरुको कार्यान्वयनबाट ७९०३१२ श्रमदिन रोजगारी सिर्जना भएको। |
| वन डढेलो, वनक्षेत्र अतिक्रमण, वन पैदावारको गैरकानुनी कटानी, वन्यजन्तुको चोरी सिकारी जस्ता जैविक विविधतामाथिका जोखिमहरू न्यूनीकरणका लागि प्रभावकारी उपायहरू अवलम्बन गरिनेछ। उच्च प्रविधियुक्त वन नर्सरी स्थापनामार्फत् गुणस्तरीय बिरूवाहरूको उत्पादन गरी वृक्षारोपण कार्यलाई प्रभावकारी बनाइनेछ। एकीकृत जलाधार | १५ वटै डिभिजन वन कार्यालय मार्फत वन डढेलो नियन्त्रणका लागि लागि हरितस्वयम सेवक छनौट तथा परिचालन भएको।<br>क्लष्टर लेभलमा सामुदायिक वन उपभोक्ता समूहहरुको वन डढेलो व्यवस्थापन सञ्जाल निर्माण तथा वन डढेलो नियन्त्रण सम्बन्धि जनसचेतनाका कार्यहरु भएको।<br>वन अतिक्रमण नियन्त्रण, वन पैदावारको गैरकानुनी कटानी, वन्यजन्तुको चोरी सिकारीजस्ता जैविक |

| | |
|---|---|
| व्यवस्थापनको अवधारणा अनुरुप जलाधार क्षेत्रको संरक्षण गर्ने नीति लिइनेछ। | विविधतामाथिका जोखिमहरू न्यूनीकरणका लागि नियमित गस्ती भईरहेको।<br>वन अपराधसम्बन्धि १०४ वटा मुद्दा दायर भई कारवाही भएको<br>४२.२६ हेक्टर अतिक्रमण नियन्त्रण भएको।<br>६९६८६१ गोटा विरुवा उत्पादन भई ३४० हेक्टर क्षेत्रमा वृक्षारोपण भएको।<br>७७८ वटा स्थानमा पहिरो नियन्त्रण, खोला किनार संरक्षण, गल्छी, खहरे नियन्त्रण गर्ने संरचनाहरु निर्माण भएको |
| "मानवीय सभ्यताको उद्‌गमस्थल नदी प्रणालीलाई स्वच्छ र स्वस्थ बनाऊँ" भन्ने अभियानका साथ बागमती लगायत सबै नदी प्रणालीहरूको सरसफाइ तथा प्राकृतिक बहाव पुनर्स्थापना गर्ने नीति लिइनेछ। | चितवनमा खोला किनार संरक्षण कार्यक्रम अन्तरगत खगेरी खोलाको ५ कि.मि. क्षेत्रमा सरसफाईको कार्य भएको।<br>कर्मनाशा नदी किनार सरसफाईको कार्य भएको।<br>अन्य नदीहरुको स्वच्छताका लागि सा.व.उ.स .मार्फत जनचेतना अभिवृद्धिका कार्यहरु भएको। |
| जलवायु परिवर्तनका नकारात्मक असरहरूबाट बच्नका लागि कार्बन प्रशोचन, जलवायु उत्थानशीलता तथा अनुकूलन गर्ने नीति लिइनेछ। वातावरणीय ह्रासलाई न्यूनीकरण गर्नका लागि वातावरण संरक्षण तथा व्यवस्थापनमा जोड दिइनेछ। | जलवायू परिवर्तनको असर न्यूनीकरण र अनुकुलनको लागि रामेछाप जिल्लाको सुख्खा क्षेत्रमा वृक्षारोपण कार्य समपन्न भएको।<br>खाली, पर्ती, नदी उकास, निजी जग्गामा बाँस तथा अन्य वनजन्य प्रजातिको ३४० हेक्टर वृक्षारोपण भएको।<br>जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलन कार्यक्रम अन्तरगत ४० वटा जल पुर्नभरण पोखरी निर्माण/संरक्षण पोखरी निर्माण कार्य भएको। |
| स्थानीय तहसँगको साझेदारीमा जडिबुटी पहिचान, सङ्कलन, प्रशोधन र बजारीकरणको माध्यमबाट महिला र युवा लक्षित कार्यक्रम सञ्चालन गरी आयआर्जन र रोजगारी सिर्जना गर्ने नीति लिइनेछ यसका लागि वन उपभोक्ता समितिसँग सहकार्य गरिनेछ। | डिभिजन वन कार्यालयहरुबाट सामुदायिक वन, कबुलियति वन र नीजि वनमा टिमुर, अमला, सतुवा, चिराइतो, लौठसल्ला आदि जस्ता प्रजातीको जडीबुटी खेतीको लागि जडिबुटी रोपण तथा विरुवा वितरण भएको।<br>आ.व .०८०।८१ मा ३५७९१४ के.जी जडीबुटी सङ्कलन तथा निकासी भएको। |
| प्रदेशस्थित सरकारी कार्यालयहरूको भवन निर्माण गर्दा स्वदेशी काठको अनिवार्य प्रयोग गर्नुपर्ने र कार्यालय प्रयोजनका लागि स्वदेशी काठबाट निर्मित फर्निचरहरूको अनिवार्य प्रयोग गर्ने व्यवस्था मिलाइनेछ। | २२ वटा सबडिभिजन वन कार्यालयको निर्माण कार्यमा स्वदेशी काठ मात्र प्रयोग भएको।<br>यस मन्त्रालय र मातहतका कार्यलयहरुमा कार्यालय प्रयोजनका लागि स्वदेशी काठबाट निर्मित फर्निचरहरूको अनिवार्य प्रयोग गर्ने व्यवस्था मिलाईएको। |

| | |
|---|---|
| सामुदायिक र कबुलियती वन क्षेत्रमा जलवायु अनुकूलन र गरिबी न्यूनीकरणका लागि उत्पादन केन्द्रित कृषिवन प्रवर्धनमार्फत् आयआर्जन बढाउने नीति लिइनेछ। सामुदायिक वन क्षेत्रहरूमा पर्यटन प्रवर्धनको लागि दर्शनीय र मनोरञ्जनात्मक स्थानहरूको निर्माण गरी स्थानीय आयआर्जनलाई टेवा पु-याइनेछ। | मंगलादेवी हरित बाल उद्यान योजना तयार भएको।<br>विभिन्न २० स्थानमा पर्यटन प्रवर्धनको लागि वातावरणमैत्री पर्यटकीय पार्क निर्माण भएको।<br>कृषि वन व्यवस्थापन पद्धतीको कार्ययोजना लागु भएको स्थानमा वृक्षारोपण भएको क्षेत्रको गोडमेल तथा व्यवस्थापन कार्य सम्पन्न भएको।<br>कबुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रममा गरिबी न्यूनीकरणका लागि उत्पादन केन्द्रित उन्नतजातका फलफूलका विरुवा रोपण समेतका कार्यक्रमहरु सम्पन्न भएको। |
| मानव-वन्यजन्तु द्वन्द्वको न्यूनीकरण गर्नका लागि प्रवर्धनात्मक, उपचारात्मक र निरोधात्मक उपायहरू अवलम्बन गरिनेछन्। बाँदर, बँदेल, दुम्सी लगायतका वन्यजन्तुबाट कृषिबालीमा हुने क्षति न्यूनिकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। सालक संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ। | डि.व.का. काठमाडौंबाट वन्यजन्तु उद्दारको लागि र्यापिड रेस्पोन्स टीम परिचालन भई कार्य भई रहेको।<br>चितवनमा वन्यजन्तुको वासस्थान विकासको लागि घाँसे मैदान व्यवस्थापन कार्य भएको।<br>सव डिभिजनमार्फत wall/ stone/street site मा वन वन्यजन्तुको जनचेतना मुलक पेन्टीङ्ग कार्य भएको।<br>वन्यजन्तु उद्दार तथा Darting तालिम सम्पन्न भएको, सालकको वासस्थान संरक्षण र विकासका कार्य भएको।<br>मानव-वन्यजन्तु द्वन्द् न्यूनीकरण कार्यक्रम अन्तर्गत बरण्डाभार वन संरक्षण क्षेत्रमा Core area र Fringe area (सा.व./क.) सिमानामा अग्निरेखा निर्माण/मर्मत कार्य सम्पन्न भएको।<br>मानव-वन्यजन्तु द्वन्द् न्यूनीकरणका लागि विभिन्न प्रचार प्रसार तथा जनचेतनामूलमक कार्यक्रम र वनक्षेत्र भित्र फलफूलका विरुवा रोपण कार्य सम्पन्न भएको।<br>वन्यजन्तुबाट भएका क्षतिको राहत स्वरुप रु. २७,४५,२६९ रकम वितरण भएको। |
| "स्वच्छ वातावरण, स्वस्थ जीवन" भन्ने नाराका साथ गणेशमान सिंह शहरी वन तथा स्वच्छ वातावरण कार्यक्रममार्फत् काठमाडौं उपत्यका लगायतका प्रमुख शहरमा हरियाली प्रवर्धन, स्वच्छ, सुन्दर हराभरा शहर बनाउने अभियान सञ्चालनमा ल्याइनेछ। | स्थानीय तह र अन्य सङ्घ संस्थासँगको साझेदारीमा प्रदूषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र हरियाली प्रबर्द्धन कार्यक्रमका लागि प्रत्येक जिल्लाको एक धार्मिक तथा ऐतिहासिक स्थलहरुमा सरसफाईको कार्यक्रम अन्तर्गत १३ वटै जिल्लामा मुख्य स्थलहरुमा सरसफाई कार्य सम्पन्न भएको।<br>वातावरण संरक्षण तथा सरसफाईका लागि युवा विद्यार्थी, महिला समूह, आमा समूह, वन समूह लगायतलाई समावेश गरी स्वयम् सेवक परिचालन भई कार्य सम्पन्न भएको। |

| | |
|---|---|
| | गणेशमान सिंह हरित शहर योजना (शहर/नगर/सडक किनार क्षेत्रमा वृक्षारोपणको कार्य भएको। |
| "सामुदायिक वन, समुदायको धन"कार्यक्रम अन्तर्गत बँदेल, हरिण, मृग, कालिज जस्ता वन्यजन्तु र पंक्षीहरूको व्यावसायिक पालन आरम्भ गरिनेछ। | यस कार्यका लागि सम्पर्कमा आउने व्यक्ति/सङ्घ संस्थालाई बँदेल, हरिण, मृग, कालिजजस्ता वन्यजन्तु र पन्क्षीहरूको व्यावसायिक पालनको कानूनी प्रावधान बारे जानकारी गराउने कार्य भएको। |

आव २०८०/०८१मा प्रदेश तथा सङ्घीय स्रोत तर्फको कुल विनियोजित बजेटको तुलनामा मन्त्रालयको कुल ७६.५६ प्रतिशत खर्च भएको छ जसमा ६७.५० प्रतिशत चालू तथा ८३.३० प्रतिशत पूँजीगत खर्च भएको छ। मन्त्रालयको बजेट उपशीर्षक अनुसारको प्रगति विवरण निम्नानुसार रहेको छ।

| क्र.सं. | बजेट उपशीर्षक | चालू बजेट | चालू खर्च | खर्च प्रतिशत | पूँजीगत बजेट | पूँजीगत खर्च | खर्च प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|---|---|
| क) प्रदेशतर्फः- | | | | | | | | |
| १ | ३२९०००११ | ५२६०२ | ३२३४७ | ६१.४९ | ३६५० | १९६१ | ५३.७३ | |
| २ | ३२९००१०१ | ० | ० | ० | ९०११६३ | ७८३७४० | ८६.९७ | |
| ३ | ३२९००१०२ | १०६३५९ | ८५७६२ | ८०.६३ | ७०९२५ | ५८४२० | ८२.३७ | |
| ४ | ३२९००१०३ | ५६०९० | ४३३६६ | ७७.३२ | १४७७६० | १२९९६६ | ८७.९६ | |
| ५ | ३२९००१०४ | १५१८० | ११२५३ | ७४.१३ | २११६१ | २०८०८ | ९८.३३ | |
| ६ | ३२९०१०११ | ३०११५ | १६५९९ | ५५.१२ | ३०५० | २४६३ | ८०.७५ | |
| ७ | ३२९०१०१२ | ७८११९९ | ४७९६६४ | ६१.४० | ४४२०१६ | ३४५९४८ | ७८.२७ | |
| ८ | ३२९०१०१३ | ९१०४६ | ५९२१९ | ६५.०४ | ४७५० | ४५४१ | ९५.६ | |
| | जम्माः | **११३२५९१** | **७२८२१०** | **६४.३०** | **१५९४४७५** | **१३४७८४७** | **८४.५३** | |
| ख) सङ्घ सशर्ततर्फः- | | | | | | | | |
| १ | ३२९९११२० | ५९३०० | ५२८१५ | ८९.०६ | ० | ० | ० | |
| २ | ३२९९११२१ | ० | ० | ० | ५३९०० | ४६१५२ | ८५.६३ | |
| ३ | ३२९९११२२ | ४००० | ३३४३ | ८३.५८ | ५५५०० | ३५८७७ | ६४.६४ | |
| ४ | ३२९९११२३ | ५२२०० | ४१३४७ | ७९.२१ | ० | ० | ० | |
| ५ | ३२९९११२४ | ० | ० | ० | २३८०० | ८४६८ | ३५.५८ | |
| ६ | ३२९९११२५ | २१३०० | १८६०७ | ८७.३६ | ० | ० | ० | |
| ७ | ३२९९११२६ | ० | ० | ० | २९२०० | २२७५३ | ७७.९२ | |
| ८ | ३२९९११२८ | ३८६०० | ३८५५६ | ९९.८९ | ० | ० | ० | |
| | **सङ्घ सशर्त तर्फको जम्मा** | **१७५४००** | **१५४६६८** | **८८.१८** | **१६२४००** | **११३२५०** | **६९.७४** | |
| | **कुल जम्मा** | **१३०७९९१** | **८८२८७८** | **६७.५** | **१७५६८७५** | **१४६१०९७** | **८३.१६** | |

<u>**क्षेत्रगत मुख्य कार्यक्रमको प्रगति र आम्दानी विवरणः-**</u>

**आर्थिक वर्ष २०८०/०८१ को क्षेत्रगत रूपमा सम्पादित मुख्य कार्यक्रमहरूको प्रगति/उपलब्धि सूचकको विवरणः**

| क्रम | क्षेत्र | कार्यक्रमको नाम | विनियोजित बजेट (रु.हजारमा) | खर्च (रु.हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | भू-संरक्षण तथा जलाधार | भू तथा जलाधार संरक्षण कार्यक्रम /जलाधार संरक्षण तथा सीमसार ब्यवस्थापन कार्यक्रम | १०८९४५९ | ९३२२०८ | ८५.५७ |
| २ | वन तथा जैविक विवधता | राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम | १७२१०५७ | ११९७०७५ | ६९.५५ |
| ३ | वातावरण तथा जलवायु अनुकुलन | वातावरण संरक्षण तथ सहरी वन कार्यक्रम | २५४३५० | २१४६९२ | ८४.४१ |
| | | **जम्मा** | **३०६४८६६** | **२३४३९७५** | **७६.४८** |

**आर्थिक वर्ष २०८०/०८१ को आम्दानीः-**

| **क्र.सं** | **राजश्व शी.नं.** | **राजश्व शीर्षक** | आ.व.२०८०/०८१मा सङ्कलित रकम (रु. हजारमा) |
|---|---|---|---|
| १ | १४१५१ | सरकारी सम्पतिको बहालबाट प्राप्त आय | ८५४.४० |
| २ | १४२१२ | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ४४१३.४६ |
| ३ | १४२२९ | अन्य प्रशासनिक सेवा शूल्क | ७३६.३४ |
| ४ | १४२५३ | व्यसाय रजिष्ट्रेशन दस्तुर | ४६४.१५ |
| ५ | १४२६४ | वन क्षेत्रको अन्य आय | ३६२३४.२० |
| ६ | १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | ५७.६९ |
| ७ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ८२९२.३८ |
| ८ | १५१११ | बेरुजु | १६६९.०१ |
| ९ | ३३३६१ | वन क्षेत्रको रोयल्टी | १४७९४२.८१ |
| | | **कूल जम्मा** | **२००,६६४.४५** |

**सुशासन ऐन, २०७७ को दफा ४२ (२) बमोजिम मन्त्रालय/निकाय तथा मातहतका कार्यालयहरुमा सुशासन कायम गर्न गरेका सुधारका कार्यक्रम र त्यसबाट प्राप्त परिमाणः**

| क्र.सं. | सुधारका क्षेत्रहरु | सुधारका कार्यक्रमहरु | प्राप्त परिमाणको विवरण |
|---|---|---|---|
| १. | ऐन नियम | ऐन, नियम, कार्यविधि बनाउने कार्य | प्रदेश राष्ट्रिय वन ऐन २०७६,<br>वातावरण संरक्षण ऐन, २०७७<br>दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ को |

| क.सं. | सुधारका क्षेत्रहरु | सुधारका कार्यक्रमहरु | प्राप्त परिमाणको विवरण |
|---|---|---|---|
| | | | स्वीकृत भई कार्यान्वयनमा रहेको। |
| २. | सुशासन | सुशासन तथा कर्मचारी व्यवस्थापनमा | मातहतका सबै कार्यालहरुमा इ हाजरीको सुरुवात भएको। |
| ३. | वन वन्यजन्तु अपराध नियन्त्रण | उजुरीको छानबीन तथा मुदा दायरी | वन वन्यजन्तु अपराधका १०४ वटा मुद्दा दायर भएको।<br>५१ वटा उजुरीको छानबिन भईरहेको। |
| ४. | वातावरण | पूर्वाधार विकासलाई वातावरण मैत्री बनाउन वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई विकास निर्माण गर्न सम्बन्धित निकायहरुलाई सचेत गराएको | वातावरणीय अध्ययन प्रतिवेदन तयारी तथा स्वीकृती कार्यमा बढोत्तरी भएको। |
| ५. | अनुमगन तथा मूल्याङ्कन | अनुमगन तथा मूल्याङ्कन प्रभावकारी बनाउन जोड | अनुमगन तथा मूल्याङ्कनका लागि आवश्यक बजेट विनियोजन गरी मन्त्रालय र वन निर्देशनालयबाट अनुमगन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाईदै लगिएको। |

**प्रदेश सुशासन ऐन, २०७७ र नियमावली, ०७७ बमोजिम मन्त्रालय/निकायले गर्नुपर्ने कार्यजिम्मेवारी र सो सम्बन्धमा भएका प्रगतिः**

| क.सं. | ऐन तथा नियमालीले तोकेका कार्यजिम्मेवारी | सम्पादन भएको काम/प्रगति | कैफियत |
|---|---|---|---|
| १ | प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन | प्रदेश राष्ट्रिय वन ऐन २०७६, वातावरण संरक्षण ऐन, २०७७ र दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ को स्वीकृत भई कार्यान्वयनमा रहेको।<br>वातावरण संरक्षण नियमावली, मुख्यमन्त्री तथा मन्त्रिपरिद्को कार्यालयमा पेश भएको प्रदेश राष्ट्रिय वन नियमावलीको ड्राफ्ट तयार भएको।<br>वार्षिक योजना तर्जुमा भई कार्यान्वयन हुदैं आएको। | |
| २ | वन्यजन्तु र वन पैदावार ओसारपसारसम्बन्धी नियमन र अपराध नियन्त्रण | वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रणका कार्य भईरहेको।<br>आ.व. ०८०/८१ मा वन वन्यजन्तु | |

| क्र.सं. | ऐन तथा नियमालीले तोकेका कार्यजिम्मेवारी | सम्पादन भएको काम/प्रगति | कैफियत |
|---|---|---|---|
| | | अपराधका १०४ वटा मुद्दा दायर भएको। | |
| ३ | वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशीक सङ्ग्रहालय व्यवस्थापन | काम हुन बाँकि। | |
| ४ | प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन | २ वटा वन संरक्षण क्षेत्र (१२४८१.४१ हेक्टर) को व्यवस्थापन तथा चरन क्षेत्रको व्यवस्थापनमा वर्षेनी बजेट विनियोजन भई कार्यान्वयन भईरहेको। | |
| ५ | हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन | काम हुन बाँकि। | |
| ६ | जडिबुटी खेती प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्यांक सङ्कलन | जडिवुटी खेती प्रविधि प्रवर्द्धन, विस्तार, अध्ययन अनुसन्धान तथा तथ्यांक सङ्कलन का लागि वर्षेनी बजेट विनियोजन भई कार्यान्वयन भई रहेको।<br>हाल सम्म  ३,५७, ९१० के.जी .जडिबुटी सङ्कलन तथा निकासी भएको। | |
| ७ | वन तथा वातावरणसम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह | मन्त्रालय र मातहतका निकायबाट वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह भईरहेको। | |
| ८ | वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथामसम्वन्धी नीति, समन्वय र सहयोग | १५ वटै डिभिजन वन कार्यालयहरुबाट वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी समन्वय र सहयोगका कार्य कार्यान्वयनमा रहेको। | |
| ९ | प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरूको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरणसम्बन्धी नीति र व्यवस्थापन | यस सम्बन्धमा प्रदेश राष्ट्रिय वन ऐन, २०७६ स्वीकृत भई कार्यान्वयनमा रहेको र प्रदेश राष्ट्रिय वन नियमावलीको ड्राफ्ट तयार भएको। | |
| १० | प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवम लाभांश बाडफाँट | प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धानका कार्य भईरहेको, संरक्षण एवं व्यवस्थापनका लागि बजेट विनियोजन भई कार्यान्वयनमा रहेको। | |
| ११ | प्रदेशस्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीति, प्रविधि विकास, व्यवस्थापन | प्रदेशस्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीति, प्रविधि विकास, व्यवस्थापनका प्रारम्भिक कार्य भईरहेको। | |
| १२ | प्रदेशभित्र भूस्खलन नियन्त्रण | वर्षेनी बजेट विनियोजन गरी पहिरो तथा भूक्षय नियन्त्रणका कार्य गरिएको। | |
| १३ | प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग | यस सम्बन्धिका प्रारम्भिक कार्य | |

| क्र.सं. | ऐन तथा नियमालीले तोकेका कार्यजिम्मेवारी | सम्पादन भएको काम/प्रगति | कैफियत |
|---|---|---|---|
| | नीतिको तर्जुमा तथा कार्यान्वयन प्रविधि विकास तथा व्यवस्थापन | भईरहेको। | |
| १४ | जोखिमयुक्त क्षेत्र पहिचान, जोखिमयुक्त पूर्वाधारको संरक्षण तथा मर्मत सम्भार | जोखिमयुक्त क्षेत्र पहिचानका कार्य भईरहेको। | |
| १५ | प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन | वातावरणीय संरक्षण तथा स्वच्छतासम्बन्धी प्रविधि, विकास र व्यवस्थापनका कार्य भईरहेको। | |
| १६ | प्रदेशस्तरमा वातावरणसम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन | वातावरण संरक्षण ऐन, २०७७ स्वीकृत भई कार्यान्वयनमा रहेको।<br>वातावरण संरक्षण नियमावलीको ड्राफ्ट तयार भएको। | |
| १७ | प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना | काम हुन बाँकि। | |
| १८ | प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार | काम हुन बाँकि। | |
| १९ | प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन तथा वातावारण मैत्री शासकीय प्रवन्ध | वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन गर्न २०८१/०८२मा बजेट विनियोजन भएको। | |
| २० | प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा बिद्युतीय लगायत प्रदूषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण | काम हुन बाँकि। | |
| २१ | प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रकृया र हरित क्षेत्र प्रवर्द्धन | कार्वन उत्सर्जन न्युनीकरण र हरित क्षेत्र प्रवर्द्धनका लागि वार्षिक बजेट विनियोजन भई कार्यान्वयन भई रहेको।<br>वातावरणमैत्री विकासका लागि सम्बन्धित मन्त्रालय तथा निकायसंग समवन्य भईरहेको। | |
| २२ | प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन | वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धनका लागि वार्षिक बजेट विनियोजन भई कार्यान्वयन भई रहेको। | |
| २३ | प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण | वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षणका लागि वार्षिक बजेट विनियोजन भई कार्यान्वयन भई रहेको। | |

| क्र.सं. | ऐन तथा नियमालीले तोकेका कार्यजिम्मेवारी | सम्पादन भएको काम/प्रगति | कैफियत |
|---|---|---|---|
| २४ | भू-परिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन | काम हुन बाँकि। | |
| २५ | संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण | काम हुन बाँकि। | |
| २६ | अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन | नदी उकास जग्गामा बिउ छर्ने र वृक्षारोपण गर्ने तथा सडक किनार वृक्षारोपण व्यवस्थापनका लागि वार्षिक बजेट विनियोजन भई कार्यान्वयन भई रहेको। | |
| २७ | वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बिउ उत्पादन, बिउ बगैचा स्थापना र व्यवस्थापन | गुणस्तरीय बिउ उत्पादनका लागि Seed Stand को स्थापना भई व्यवस्थापनका कार्य भईरहेको। | |
| २८ | प्रदेशभित्र वृक्षारोपण तथा सम्भारसम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन | वृक्षारोपण तथा सम्भारसम्बन्धी कार्यको कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरी कार्यान्वयन भईरहेको। | |
| २९ | प्रदेशभित्र जडिवुटी तथा अन्य गैरकाष्ठ वन पैदावारसम्बन्धी व्यवस्थापन | वार्षिक बजेट विनियोजन भई जडिवुटी तथा अन्य गैरकाष्ठ वन पैदावारसम्बन्धी व्यवस्थापन भईरहेको।<br>हाल सम्म ३,५७,९१० के.जी. जडिबुटी सङ्कलन तथा निकासी भएको। | |
| ३० | वन्यजन्तु र चराचुरुंगीसम्बन्धी प्रादेशीक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन | यस सम्बन्धमा प्रदेश राष्ट्रिय वन ऐन, २०७६ स्वीकृत भई कार्यान्वयनमा रहेको। | |
| ३१ | प्रदेश राष्ट्रिय वन नियमावलीको ड्राफ्ट तयार भएको | | |

**मन्त्रालय/निकायगत सबल पक्षहरु, कमीकमजोरीहरु, मन्त्रालयगत/निकायगत अवसरहरु र चूनौतीहरु**

क) सबल पक्षहरु

- वन क्षेत्रमा काम गर्ने कर्मचारीको सङ्गठन तथा व्यवस्थापन भएको।
- ग्रामीणस्तरसम्म फैलिएको कार्यालय संरचना।
- स्रोत संरक्षण तथा व्यवस्थापनमा समुदायको सहभागिता।
- वन तथा वातावरण सम्बन्धी प्रदेश कानूनको निर्माण तथा कार्यान्वयन।
- वन तथा वातावरण संरक्षण तथा व्यवस्थापनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासो र सहयोग।

ख) अवसरहरु

- यस प्रदेशमा कूलक्षेत्रफलको ५३.७३ प्रतिशत वनक्षेत्र रहेको।

- समुदायमा आधारित वन व्यवस्थापनमा ४५३४ वटा सामुदायिक वन उपभोक्ता समूह र ३३३६ वटा कबुलियति वन समूह रहेको।
- वनमा आधारित उद्योगहरुको स्थापना तथा सञ्चालनका लागि कच्चा पदार्थको सहज उपलब्धता हुनसक्ने।
- जनशक्तिको आपूर्ति हुदै गएको ।
- काष्ठजन्य उत्पादनको बजार नजिक।

ग) चूनौतीहरु

- वन अतिक्रमण नियन्त्रण तथा ब्यवस्थापन।
- सडक लगायतका भौतिक पूर्वाधार निर्माणका लगानी मार्फत सिर्जित वातावरणीय क्षतिका कारण हरेक वर्ष विकासले विनास निम्ताएकाले खर्चको बढोत्तरी गरेको।
- भौतिक पूर्वाधारको कमी (भवन, सवारी साधन, मेशिनरी औजार आदि) तथा प्रभावकारी परिचालन हुन नसकेको।
- वन क्षेत्रमा सङ्कलन हुने ढुङ्गा, ग्राभेल तथा नदीजन्य निर्माण सामाग्रीको सङ्कलन तथा व्यवस्थापन।
- कर्मचारी सरुवा तथा व्यवस्थापनमा असहजता।

घ) कमीकमजोरीहरु

- कर्मचारी व्यवस्थापन।
- पुराना थोत्रा सवारी साधनहरु।
- पुराना  तथा अपुग भौतिक पूर्वाधार।
- हचुवाको भरमा बार्षिक योजना तर्जुमा।
- समन्वयमा अप्ठ्यारो।
- अनुमगन तथा मूल्याङ्कन प्रभावकारी हुन नसकेको।

**<u>सेवा प्रवाह सुधारका लागि गरेका प्रयासहरुः-</u>**

| क्र.सं. | प्रयास | उपलब्धि | कै. |
|---|---|---|---|
| | ऐन, नियम, कार्यविधि बनाउने कार्य | दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ को स्वीकृत भई कार्यान्वयनमा रहेको। | |
| १ | समन्वय प्रभावकारी बनाउन मिटीङ्ग, गोष्ठी, कार्यशाला, सञ्चालन | स्थानीय तह र अन्य सङ्घ संस्थासँगको साझेदारीमा प्रदूषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र हरियाली प्रबर्द्धन कार्यक्रमका लागि प्रत्येक जिल्लाको एक धार्मिक तथा ऐतिहासिक स्थलहरुमा सरसफाईको कार्य अन्तर्गत १३ वटै जिल्लामा १३ वटा उल्लिखित स्थलहरुमा सरसफाई कार्य प्रभावकारी रुपमा सम्पन्न भएको। | |
| २ | सुशासन तथा कर्मचारी व्यवस्थापनमा | मातहतका सबै कार्यालयहरुमा ई-हाजरीको सुरुवात गरिएको। | |

| क्र.सं. | प्रयास | उपलब्धि | कै. |
|---|---|---|---|
| ३ | उजुरीको छानबीन | ५१ वटा उजुरीको छानविन गरिएको। | |
| ४ | पूर्वाधार विकासलाई वातावरण मैत्री बनाउन वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई विकास निर्माण गर्न सम्बन्धित निकायहरुलाई सचेत गराएको। | वातावरणीय अध्ययन प्रतिवेदन तयारी तथा स्वीकृतीमा बढोत्तरी।<br>ऐन नियमको बर्खिलाप गर्नेलाई ७४ लाख जरीवाना गरिएको। | |
| ५ | अनुमगन तथा मूल्याङ्कन प्रभावकारी बनाउन जोड | अनुमगन तथा मूल्याङ्कनका लागि आवश्यक बजेट विनियोजन गरी मन्त्रालय र वन निर्देशनालयबाट अनुमगन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाईदै लगिएको। | |
| ६ | काठ दाउराको आपूर्तिमा सहजताका लागि काठ दाउरा उत्पादनका साथै जिल्ला आपूर्ति समितिबाट चिरान काठ बिक्री बितरण | दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ को स्वीकृत भई कार्यान्वयनमा रहेको र यस अनुसार राष्ट्रिय वन क्षेत्रभित्र गुणस्तरमा हास आइरहेका सुखड खडा र ढला पड़ा रूखहरूको सङ्कलन कटानी भईरहेको। आ.व. २०८०/०८१मा २४ लाख ६० हजार ८ सय ९१ घनफिट गोलिया काठ (सरकारद्वारा व्यवस्थित वनबाट १,२२,०४७.४०, सा.व.बाट ३,७४,४८९.१२ र निजीबाट १९,६४,३५४.५५) र ३ हजार ३ सय ५६ चट्टा दाउरा (सरकारद्वारा व्यवस्थित वनबाट ८२.१०, सा.व.बाट ४१९.३५ र निजीबाट २,८५४.७९) विक्रीवितरण गरी वन पैदावारको आपूर्ति भएको।<br>चितवन र मकवानपुर जिल्लामा जिल्ला वन आपूर्ति समितिबाट समेत चिरान काठ बिक्री बितरण भएको। | |
| ७ | वन क्षेत्र अतिक्रमण नियन्त्रण | अतिक्रमित ४२.२६ हेक्टर नियन्त्रण गरी वृक्षारोपण गरिएको। | |

**आगामी दिनमा गर्नुपर्ने कानूनी, नीतिगत, संस्थागत, प्रणालीगतलगायतका सुधारका विषयहरुः-**

- बाँझिएको कानूनहरुको संशोधन गरी कार्यान्वयनमा ल्याउनु पर्ने।
- कर्मचारी व्यवस्थापनका लागि निजामती ऐन छिटो भन्दा छिटो ल्याउनु पर्ने।
- आवश्यक स्रोत साधान तथा सवारी साधनको व्यवस्था हुनुपर्ने।
- कार्यालयको भवन तथा भौतिक पूर्वाधार निर्माण हुनुपर्ने।
- काठ दाउराको बिक्री बितरणमा स्थानीयस्तरमा हुने झमेला तथा विवाद समाधान गर्न ई बिडिङ्गको व्यवस्था।
- वास्तविक माग र आवश्यक्ताको आधारमा वार्षिक योजना तर्जुमा हुनुपर्ने।
- अनुमगन तथा मूल्याङ्कन प्रभावकारी बनाउनु पर्ने।
- वन क्षेत्र अतिक्रमण नियन्त्रणमा राजनैतिक एक्यबद्धता हुनुपर्ने।
- कानूनी प्रावधानको परिपालना हुनुपर्ने।

## ७. खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय

खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालयले प्रदेशअन्तर्गत खानेपानी, ऊर्जा तथा सिंचाइ क्षेत्रलाई व्यवस्थित गरी सेवाप्रवाहलाई प्रभावकारी बनाउन नीतिगत निर्णय, कार्यान्वयन तथा अन्तरनिकाय समन्वय गर्ने कार्य गर्दछ। यस मन्त्रालयअन्तर्गत कुल २१ वटा कार्यालयहरू रहेका छन्। जसतर्फ कुल ३४६ जनाको दरबन्दी रहेकोमा २०७ जनाको दरबन्दी पदपूर्ति भएको छ। मन्त्रालय तथा अन्तर्गत रहेको समग्र जनशक्तिको विवरण निम्नानुसार रहेको छः-

| स्वीकृत दरबन्दी | | | पदपूर्ति विवरण | | |
|---|---|---|---|---|---|
| अधिकृत तह | सहायक स्तर | श्रेणी विहीन | अधिकृत तह | सहायकस्तर | श्रेणीविहीन |
| ९१ | १५६ | ५३ | ५९ | ११६ | २२ |

आ.व. २०८०/०८१को नीति तथा कार्यक्रम तथा सोअनुसार खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालयतर्फको कार्यान्वयनको अवस्था तथा उपलब्धि निम्नानुसार रहेको छः-

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलब्धि |
|---|---|
| प्रदेशभित्र बसोबास गर्ने सबै नागरिकलाई स्वच्छ, गुणस्तरीय, सुरक्षित, भरपर्दो र व्यवस्थित खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराई जनस्वास्थ्य र वातावरणीय स्वच्छताको संरक्षण, संवर्धन र नियमन गर्न खानेपानी तथा सरसफाइ सम्बन्धी नीति र कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। | खानेपानी तथा गुणस्तर सुधारका विभिन्न १७९२ वटा योजनाहरु कार्यान्वयनको लागि रु. ३ अर्ब ४१ करोड खर्च भई १४२ वटा आयोजना र १४ वटा स्किम सम्पन्न भएको र सोबाट २००२८ घरधुरीमा धारा जडान भई ९५९०२ जना थप आधारभूत खानेपानी सेवाबाट लाभान्वित भएको। |
| सुख्खाग्रस्त क्षेत्रहरूको पहिचान गरी स्वच्छ खानेपानी सङ्कलन, भण्डारण, वितरण र सिँचाइको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। लिफ्ट तथा डिपबोरिङ्ग खानेपानी तथा सिंचाइ आयोजनाहरू विकास तथा विस्तार गर्ने नीति लिइनेछ। | प्राचीन ढुंगेधारा तथा श्रोत संरक्षण, पानी पुनर्भरण अन्तर्गत १९ वटा कार्यक्रमहरु कार्यान्वयन भएको। प्रदेश भित्रका सुख्खाग्रस्त क्षेत्र लक्षित गरी खानेपानी र सिँचाइ सम्वन्धी विशेष प्रकृतिका लिफ्ट आयोजना सञ्चालनमा रहेको। |
| स्थानीय तह तथा खानेपानी बोर्ड लगायतका निकायहरूसँगको सहकार्यमा "सहलगानी खानेपानी आयोजना" सञ्चालन गर्ने नीति लिइनेछ। | सहलगानी खानेपानी आयोजना अन्तर्गत हेटौंडाको थानाभरयाङ क्षेत्रमा खानेपानी बोर्डसँगको सहकार्यमा तीन हजार घरधुरी लाभान्वित हुने खानेपानी आयोजनाको निर्माण कार्य शुरू भई सो को लागि विनियोजित बजेटमध्ये रु. २ करोड ३१ लाख रकम खर्च भएको। साथै, धादिङ जिल्लाको बेनीघाट रोराङ्ग ग्रामीण खानेपानी व्यवस्थापन बोर्डसँगको सहलगानी खानेपानी आयोजनामा रु. १५ लाख ४२ हजार खर्च भई निर्माण कार्य सम्पन्न भएको। |

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलब्धि |
|---|---|
| "एक घर एक धारा, पूर्ण सरसफाइ हाम्रो अभिभारा" अभियान अन्तर्गत सबै नागरिकलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइको पहुँच पुर्‍याउन खानेपानी सेवा विस्तार तथा पूर्ण सरसफाइ कार्यक्रम एकीकृत रूपमा सञ्चालन गरिनेछ। मुख्य शहरहरूमा प्राथमिकताका आधारमा ढल प्रणालीलाई निर्माण र सुधार गर्दै व्यवस्थित गरिनेछ। | ढल निर्माणका विभिन्न ५६ वटा योजनाहरु कार्यान्वयनको लागि रु.१२ करोड ८८ लाख खर्च भएको र सो बाट १२ वटा ढल निर्माण योजना सम्पन्न भई १०.५ कि.मि. ढल निर्माण तथा ९ वटा सार्वजनिक शौचालय निर्माण सम्पन्न भएको। |
| "खाद्य सुरक्षाको लागि उत्पादन, उत्पादनको लागि सिँचाइ को मर्म अनुरूप प्रदेश स्तरमा साना, मझौला तथा ठूला सिँचाइ आयोजनाहरू सञ्चालन गरी सिँचाइ सुविधा विस्तार गरिनेछ। परम्परागत राजकुलो, मुहान, तालतलैया र पोखरी संरक्षण तथा पुनर्स्थापना गर्ने नीति लिइनेछ। | यस आ. व. मा ८८१ वटा सिंचाइ योजना सम्पन्न भइ थप २२०६ हे सिंचित क्षेत्र थप/विस्तार हुनुको साथै १६३१२ हे. सिंचित क्षेत्र सुधार भएको।<br>सम्पन्न भइसकेको।<br>सिंचाइ र खानेपानीको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरिने व्यवस्था मिलाइएको। |
| ऐतिहासिक ढुङ्गेधारा, पोखरी, कुवा, इनार र परम्परागत खानेपानीका स्रोतलाई सम्पदाको रूपमा संरक्षण र उपयोग गर्ने नीति लिइनेछ। निर्माण सम्पन्न भएका खानेपानी प्रणालीहरूको मर्मतसम्भार र दिगो सञ्चालनको व्यबस्था मिलाइनेछ। जल पुनर्भरणका लागि नदी प्रणाली तथा अन्य स्थानमा बाँध तथा अन्य संरचना निर्माण गरिनेछ। | धनेको बाँध सहले पोखरी सिचाई योजना, पाँचखाल नगरपालिका १ र ३ काभ्रे, सिमभञ्ज्याङ पोखरी निर्माण कार्य, थाहा नगरपालिका-४, मकवानपुर लगायतका बिभिन्न योजनाहरु प्रदेश राजधानी हेटौंडा, सङ्घीय राजधानीलगायत उपयुक्त स्थानमा जलपुनर्भरण समेत हुनेगरी कार्यान्वयन गरिएको।<br>पर्यटन प्रवर्द्धन तथा जलाधार व्यवस्थापनसँग सम्बन्धित प्रदेश गौरवको आयोजनाको रूपमा रहेको मानव निर्मित जिरी ताल आयोजना, दोलखाको वातावरण अध्यन कार्य भइरहेको र हिलेजलजले पर्यटकीय ताल निर्माण आयोजना, काभ्रेको ८०% भौतिक प्रगति भईसकेको र आ. व. ८१/८२ मा सम्पन्न हुने गरि कार्यान्वयन गरिएको। |
| जलउत्पन्न प्रकोपको जोखिममा रहेका क्षेत्रहरूमा प्राथमिकताका आधारमा जोखिम न्यूनीकरण र व्यवस्थापन गर्ने नीति लिइनेछ। नदी व्यवस्थापन सहित जमीन उकासको लागि गुरुयोजनामा समावेश भएका नदीहरूमा तटबन्धन निर्माणलगायत अन्य आधुनिक प्रविधिको प्रयोगलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ। | प्रदेश भरिमा बिभिन्न साना-ठूला गरी ६८८ नदी नियन्त्रण/ पहिरो व्यवस्थापन आयोजना सम्पन्न भइ ५२ कि. मि. खोला/नदी किनारमा तटबन्ध कार्य सम्पन्न भएको । मेलम्ची ईन्द्रावती एकीकृत संरक्षण कार्यक्रमको लागि रु. एक करोड बजेट व्यवस्था रहेकोमा ९७% वितिय तथा १००% भौतिक प्रगति भइसकेको । |
| सङ्घीय सरकारसँगको सहकार्य र समन्वयमा "पूर्ण उज्यालो बागमती प्रदेश कार्यक्रम" मार्फत् विद्युतको | आ. व. २०८०/०८१ मा प्रदेशभरीमा थप २३९ थान सौर्य बती/सडक जडान कार्य सम्पन्न भएको र |

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलब्धि |
|---|---|
| पहुँच नपुगेको क्षेत्रमा ग्रामीण विद्युतीकरण, सोलार मिनी ग्रीड वा अन्य वैकल्पिक ऊर्जाको प्रयोग गरी आगामी दुई वर्षभित्रमा सबै घरधुरीमा स्वच्छ ऊर्जा पुर्‍याउने नीति लिइनेछ। | ग्रामीण विद्युतीकरण कार्यतर्फ ५ कि. मि. थप विद्युत वितरण लाइन विस्तार भएको । |
| नवीकरणीय तथा वैकल्पिक ऊर्जाको अधिकतम प्रयोग गरी ऊर्जा खपत विस्तार गर्ने नीति लिइनेछ। घरायसी तथा संस्थागत वायोग्याँस र विद्युतीय चुल्होको प्रयोगमार्फत् पेट्रोलियम पदार्थ र एल. पि. ग्याँसको प्रयोगलाई क्रमशः विस्थापित गर्दै लगिनेछ। | आ. व. २०८०/०८१मा प्रदेश भरिमा थप २३९ थान सौर्य बती/सडक जडान कार्य सम्पन्न भएको र ग्रामीण विद्युतीकरण कार्यतर्फ ५ कि. मि. थप विद्युत वितरण लाइन विस्तार भएको । |
| प्रदेशस्तरका विद्युत आयोजनाहरूको विकास, अनुगमन तथा नियमन लगायत समग्र व्यवस्थापनको लागि आवश्यक कानून तर्जुमा गरिनेछ। बागमती प्रदेश ऊर्जा रणनीति तथा कार्ययोजना कार्यान्वयनमा ल्याइनेछ। | |

**<u>आर्थिक वर्ष २०८०/०८१को बजेट उपशीर्षकअनुसारको प्रगतिः</u>**

आ.व. २०८०/०८१मा मन्त्रालय तथा अन्तर्गत गरी प्रदेश तथा सङ्घीय स्रोतको कुल विनियोजित बजेटमध्ये ९१.१७ प्रतिशत खर्च भएको छ। जसमध्ये चालू खर्चतर्फ ७३.३७ प्रतिशत र पूँजीगत खर्चतर्फ ९२.१३ प्रतिशत खर्च भएको छ। मन्त्रालय तथा अन्तर्गतको प्रदेश तथा सङ्घीय स्रोततर्फको बजेट उपशीर्षकगत चालू तथा पूँजीगत खर्चको विवरण देहायअनुसार रहेको छः-

| क्र.सं. | बजेट उपशीर्षक | चालू खर्च | खर्च प्रतिशत | पूँजीगत खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १. | ३१३०००११खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय | २२७९४९९६.८९ | ३९.९३ | १२०७३००.०० | ३०.९६ |
| २. | ३१३०१०११ जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरू | १३७८४३५१३.४३ | ७९.८३ | २७४८८०३५९७.९ | ९३.०० |
| ३. | ३१३०१०१२ भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरू | २१९३५९०३.२ | ७५.९६ | १२०८१९८३०.९६ | ९३.९१ |
| ४. | ३१३०२०११ खानेपानी तथा सरसफाई डिभिजन कार्यलयहरू | १२५२१६४०९.२ | ७७.८१ | ३०७७७९३८१४.० | ९४.०४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | ३१३९११२० तराई-मधेश खानेपानी सुधार कार्यक्रम(सङ्घ शसर्त अनुदान) | | | ११२७८८५३.७० | ९८.०८ |
| ६. | ३१३९११२१ मर्मत संभार आयोजनाहरु(सङ्घ शसर्त अनुदान) | | | १९२६८९४३९.१८ | ८८.३९ |
| ७. | ३१३९११२२ नदी नियन्त्रण(सङ्घ शसर्त अनुदान) | | | २८८०५६४५४.२५ | ९४.७६ |
| ८. | ३१३९११२३ सिंचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड)(सङ्घ शसर्त अनुदान) | | | १४९८१८९७.०० | ४८.०२ |
| ९. | ३१३९११२४ खानेपानी तथा सरसफाई सह-लगानी कार्यक्रम(सङ्घ शसर्त अनुदान) | | | १९८८०४१.०० | ३९.७६ |
| १०. | ३१३९११२६ राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम(सङ्घ शसर्त अनुदान) | | | ११२४६२१४.०० | ८०.३३ |
| ११. | ३१३९११२७ एकीकृत ऊर्जा तथा सिंचाइ विषेश कार्यक्रम(सङ्घ शसर्त अनुदान) | | | ९८८४९८३.०० | २९.९५ |
| १२. | ३१३९११३० खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम(सङ्घ शसर्त अनुदान) | | | १४०८५३३०९.३४ | ८२.२३ |
| १३. | ३१३९११३२ जलवायु अनुकुलित वृहत खानेपानी आयोजना(सङ्घ | | | ३४०६८११३०.६० | ८८.१९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | शसर्त अनुदान) | | | | |
| १४. | ३१३९११३३ खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम(सङ्घ शसर्त अनुदान) | | | १८३३०४०.०० | ८७.२९ |
| १५. | ३१३९११३४ मझौला सिंचाइ आयोजना(सङ्घ शसर्त अनुदान) | | | १५६७५४०७०.२८ | ९०.७१ |
| १६. | ३१३९११३५ ढल निर्माण तथा प्रशोधन कार्यक्रम(सङ्घ शसर्त अनुदान) | | | ०.०० | ०.०० |
| १७. | ३१३९११३६ भुमिगत स्यालो तथा डिप ट्युववेल सिंचाइ आयोजना (सङ्घ शसर्त अनुदान) | | | २९३६००५७.१४ | ५९.९२ |
| | जम्माः | ३०७७९०८२५.७७ | ८१.२५ | ७१४८२३२०३२.४ | ९२.१३ |

**आर्थिक वर्ष २०८०/०८१को आम्दानी विवरणः**

| क्र.सं. | राजश्व शिर्षक | राजस्व विवरण | आम्दानी (रु.) |
|---|---|---|---|
| १ | १४२१२ | सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | २४००.०० |
| २ | १४२१३ | अन्य विक्रीबाट प्राप्त रकम | २५७५३.०० |
| ३ | १४२१७ | नहर तथा कुलो उपयोग वापतको शूल्क | ३००.०० |
| ४ | १४२२९ | अन्य प्रशासनिक सेवा शूल्क | ३४४८७७५.०० |
| ५ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ४१५५०.०० |
| ६ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ३००.०० |
| ७ | १४३१२ | प्रशासनिक दण्ड,जरिवाना र जफत | ७५२५९९.३८ |
| ८ | १४३१३ | धरौटी सदरस्याहा | ८१४५३.९१ |
| ९ | १५१११ | बेरूजू | १०२७२८०४.०० |

| कुल जम्मा | १४६२५९३५.२९ |
|---|---|

**सुशासन ऐन, २०७७ को दफा ४२ (२) बमोजिम मन्त्रालय/निकाय तथा मातहतका कार्यालयहरुमा सुशासन कायम गर्न गरेका सुधारका कार्यक्रम र त्यसबाट प्राप्त परिमाणः**

| क.सं. | सुधारका क्षेत्रहरु | सुधारका कार्यक्रमहरु | प्राप्त परिमाणको विवरण |
|---|---|---|---|
| १ | सुशासनसम्बन्धी | आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन | मन्त्रालय र मातहतको निकायहरुको आन्तरिक नियन्त्रण प्रणाली सुधार भएको |
| २ | बजेट तर्जुमा | प्रोजेक्ट बैंकको अवधारणा | बहुवर्षीय र क्रमागत योजनाहरुलाइ प्राथमिकतामा राखी प्रोजेक्ट बैंकको अवधारणा बमोजिम बजेट कार्यक्रम तयार भएको |
| ३ | सुशासनसम्बन्धी | ई-हाजिरी | ई- हाजिरीलाई मन्त्रालय र मातहतका कार्यालयहरुमा अनिवार्य रुपमा लागू गरिएको। |
| ४ | अनुगमन, मूल्याङ्कन | अनुगमन, मूल्याङ्कन | मातहतका कार्यालयहरुबाट कार्यान्वयन हुने। विभिन्न योजनाहरुको आवश्यकता अनुसार अनुगमन गरिएको। |

**<u>मन्त्रालय/निकायगत सबल पक्षहरु, कमीकमजोरीहरु, अवसरहरु र चुनौतीहरुः</u>**

| क.सं. | सबल पक्षहरु | कमीकमजोरीहरु | अवसरहरु | चुनौतीहरु |
|---|---|---|---|---|
| १ | मन्त्रालय तथा मातहतका कार्यालयहरुमा कार्य जिम्मेवारीहरु पुरा गर्नको लागि दक्ष तथा कर्तव्य निष्ठ कर्मचारीहरु रहेको। | अझै पनि रिक्त दरवन्दी धेरै रहेकोले जनशक्तिको अभाव रहेको/ मन्त्रालयमा ११औं तहको दरवन्दि नहुँदा वृत्तिविकास अनिश्चित भएको/ उत्प्रेरणामा कमी भएको। | लोकसेवा आयोगमा रिक्त दरवन्दि बमोजिम माग आकृति पठाइएकोले छिट्टै रिक्त दरबन्दिमा पदपुर्ति हु सक्ने। | बढुवाको संभाव्य उम्मेद्वार नभएको पदमा अझै पद रिक्त रहन सक्ने/ कर्मचारीहरुलाइ अन्यत्र सिफारिस भइ जानरोकी प्रदेशमा टिकाइराख्न। |
| २ | खानेपानी तथा सरसफाइ, ऊर्जा र सिंचाइ तथा तटबन्धन कार्यमा क्षेत्रगत वजेट विनियोजन भइ योजनाहरु सञ्चालन | योजना सम्पन्न गर्नसक्ने गरि वजेट विनियोजन हुन नसकेकोले इवजना सम्पन्न हुन धेरै समय लागेको | खानेपानी तथा सरसफाइ, ऊर्जा र सिंचाइ तथा तटबन्धन जस्ता क्षेत्रगत विकासका योजनाहरु सञ्चालन गरि सन्तुलित | खानेपानी तथा सरसफाइ, ऊर्जा र सिंचाइ तथा तटबन्धनका योजना संख्या धेरै तर योजनागत बजेटको न्युनताले योजनालाइ जनताले महशुस गर्नेगरि कार्य सम्पादन गर्न। |

| | | | | |
|---|---|---|---|---|
| | भएको। | | विकास तथा सेवा विस्तार गर्न सकिने। | |

**सेवा प्रवाह सुधारका लागि गरेका प्रयासहरु**

क. कार्यालयहरुको वेबसाइट अद्यावधिक गरिएको

ख. इ-हाजिरी प्रणालीलाइ अनिवार्य गरिएको

ग. गुनासो सुनुवाइ गरिएको

**आगामी दिनमा गर्नुपर्ने कानूनी, नीतिगत, संस्थागत, प्रणालीगतलगायतका सुधारका विषयहरु**

क. प्रोजेक्ट बैंक तयार गरी सोही बमोजिम योजना छनौट तथा बजेट तर्जुमा हुनुपर्ने।

ख. योजना कार्यान्वयनमा जनसहभागिताको हिस्सा सम्बन्धमा स्पष्टता हुनुपर्ने।

## ८. स्वास्थ्य मन्त्रालय

स्वास्थ्य मन्त्रालय र अन्तर्गत कुल ४६ वटा कार्यालय र कुल १५७१ जनाको दरबन्दी रहेकोमा ६१९ जनाको पदपूर्ति भएको छ। प्रदेशका प्रत्येक जिल्लामा प्रदेश मातहतका अस्पतालहरु, जनस्वास्थ्य कार्यालयहरु र आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरु रहेका छन्। यस मन्त्रालय तथा अन्तर्गतको स्वीकृत दरबन्दी तथा पदपूर्तिको अवस्था निम्नानुसार रहेको छः-

| स्वीकृत दरबन्दी | | | | पदपूर्ति विवरण | | | |
|---|---|---|---|---|---|---|---|
| **अधिकृत तह** | **सहायकस्तर** | **श्रेणीविहीन** | **जम्मा** | **अधिकृत तह** | **सहायकस्तर** | **श्रेणीविहीन** | **जम्मा** |
| ४७१ | ८८१ | २१९ | १५७१ | ३२४ | १९४ | २१९ | ६१९ |

**आ.व. २०८०/०८१को प्रदेश सरकारको नीति तथा कार्यक्रमअन्तर्गत मन्त्रालयको प्रगति विवरण**

| **नीति तथा कार्यक्रम** | **कार्यान्वयन अवस्था/उपलब्धी** |
|---|---|
| आधारभूत स्वास्थ्य सेवालाई निःशूल्क, सर्वसुलभ र गुणस्तरीय बनाउन स्थानीय तहलाई प्रोत्साहन गरिनेछ। सामुदायिक, सहकारी, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरूको नियमनलाई प्रभावकारी बनाइनेछ। | अति आवश्यक निःशूल्क औषधीहरु स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमार्फत् बागमती प्रदेशका १३ वटै अस्पताल, आयुर्वेद तथा वैकल्पिक चिकित्सालय तथा स्वास्थ्य कार्यालयमार्फत स्थानीय तहमा वितरण गरिएको।<br>धुलिखेल अस्पतालसँगको सहकार्यमा सिन्धुलीको तीनपाटन गाउँपालिकास्थित लाम्पानटार प्राथमिक स्वास्थ्य केन्द्र, रामेछापको मन्थली नगरपालिकास्थित मन्थली अस्पताल, रसुवाको कालिका गाउँपालिकास्थित जिबजिबे ग्रामीण अस्पताल, नुवाकोटको तादी गाउँपालिकास्थित खरानीटार अस्पताल र धादिङको त्रिपुरासुन्दरी गाउँपालिकास्थित सल्यानटार अस्पतालमा टेलिमेडिसिन सेवा विस्तार गरिएको। |
| बागमती प्रदेशका विषयगत नीतिहरूलाई स्वास्थ्यमैत्री बनाउनका लागि सबै नीतिमा स्वास्थ्य (Health in All Policy) भन्ने अवधारणा लागु गरिनेछ। मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमलाई थप विस्तार गरी समुदायस्तरमा लगिनेछ। | “सबै नीतिमा स्वास्थ्य कार्यान्वयन निर्देशिका, २०८०” मिति २०८०/१२/०८ गतेको प्रदेश राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा आएको।<br><br>मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमः क्यान्सर रोग लागेका विपन्न बिरामीलाई उपचारमा सहुलियत प्रदान गर्ने कार्यक्रम अन्तर्गत क्यान्सरका बिरामीहरुले रु.११ करोड बराबरको सहुलियत प्रति बिरामी रु. ५०००० सहुलियत।<br><br>मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमः हृदयघात भएका बिरामीका लागि उपचारमा सहुलियत प्रदान गर्ने कार्यक्रम अन्तर्गत रु. १ करोड बराबरको TNK सेवा र |

| नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था/उपलब्धी |
|---|---|
| | एन्जियोप्लाष्टी सेवा प्रदान गरिएको।<br><br>मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमअन्तर्गत अस्पताल, आयुर्वेद तथा वैकल्पिक चिकित्सालय र स्थानीय स्वास्थ्य संस्थाहरूमा निःशूल्क स्क्रिनिङ सेवा प्रदान गरिएको। |
| सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य लगायतका सेवालाई सङ्घ तथा स्थानीयत तहसँगको सहकार्यमा उच्च प्राथमिकताका साथ सञ्चालन गरिनेछ। | "गर्भवती तथा प्रसूति अवस्थाका ज्यान जोखिममा परेका महिलाको निःशूल्क हवाई उद्धार सेवासम्बन्धि कार्यविधि, २०८०" मिति २०८०/१०/०४ गतेको प्रदेश राजपत्रमा प्रकाशन भई १ जना गर्भवती महिलाको हवाई उद्धार समेत भएको।<br><br>स्वास्थ्य तालिम केन्द्रबाट नर्सिङ स्टाफहरूका लागि ग्रामीण अल्ट्रासाउण्ड तालिम सम्पन्न भएको र अल्ट्रासाउण्ड मेसिन वितरण भएको।<br><br>धादिङ, मकवानपुर, ललितपुर, सिन्धुपाल्चोक, सिन्धुली, दोलखा, नुवाकोट, रामेछाप र चितवनमा समेत गरी १५६ जना महिलाहरूको निःशूल्करुपमा पाठेघरको शल्यक्रिया गरिएको।<br><br>सबै प्रादेशिक अस्पतालहरूमा शल्यक्रियासहितको सुत्केरी तथा नवजात शिशु सेवा प्रदान गरिएको।<br><br>अति सिमान्कृत एवं लोपोन्मुख समुदायका आमाहरूले स्वास्थ्य संस्थामा प्रसुति गराएमा र बालबालिकाहरूलाई पूर्ण खोप लगाएमा प्रोत्साहन भत्ता स्वरूप रु. ५००० उत्प्रेरणा खर्च दिने व्यवस्था गरिएको। |
| प्रादेशिक अस्पतालहरूमा नवजात शिशुहरूको जीवन रक्षाको लागि नवजात शिशु सघन उपचार कक्ष (NICU) को स्थापना र स्तरोन्नति गरिनेछ। मातृ तथा नवजात शिशु मृत्युदर कम गर्न ICU/NICU सेवा प्रदायक संस्थासँग सम्झौता गरी निःशूल्कसेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। | बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय मातहत रहेका १३ वटा प्रादेशिक अस्पतालहरुमा ICU, NICU र क्याविन बाहेकका ८११ शैयाहरु मिति २०८० भाद्र १ गते देखि निःशूल्करुपमा सेवा उपलब्ध गराउने व्यवस्था मिलाइएको।<br><br>मातृ तथा नवजात शिशु मृत्युदर कम गर्न प्रादेशिक |

| नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था/उपलब्धी |
|---|---|
| अटिजम रोगको उपचार केन्द्रलाई विस्तार गर्न प्रोत्साहन गरिनेछ। | अस्पतालहरूमा ICU, NICU, PICU सेवा विस्तार गरिएको।<br><br>अटिजमको क्षेत्रमा काम गर्ने सङ्घ संस्था तथा सेवा प्रदायकसँग समन्वय गोष्ठी गरी योजनामा समावेश गरिएको। |
| स्वास्थ्य आपत्काल, महामारीजन्य तथा कीटजन्य रोगहरूको रोकथाम, नियन्त्रण, पूर्वतयारी र प्रतिकार्यका लागि प्रदेश स्तरमा निगरानी र व्यवस्थापन प्रणालीलाई सुदृढीकरण गर्दै लगिनेछ। | स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयको समन्वयमा जिल्लास्थित जनस्वास्थ्य कार्यालयहरू र प्रादेशिक अस्पतालहरूबाट EMT तथा RRT परिचालनसहित महामारीजन्य रोगको रोकथाम, नियन्त्रण र व्यवस्थापन कार्य भएको।<br><br>स्वास्थ्य मन्त्रालयले "स्वास्थ्य आपत्कालीन तथा विपद् आकस्मिकता योजना, २०८१" (Health Emergency and Disaster Contingency Plan, २०८१) स्वीकृत भई कार्यान्वयनमा ल्याएको।<br><br>स्वास्थ्य मन्त्रालयको परिसरमा रहेको प्रदेश स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रबाट १५० वटा एम्बुलेन्समा GPS निःशूल्क जडान गरी टोल फ्री नम्बर १०२ को माध्यमबाट चौबीसै घण्टा एम्बुलेन्स प्रेषण केन्द्र सञ्चालन गरिएको। |
| प्रादेशिक अस्पतालहरूमा विपद्, जनयुद्ध तथा जनआन्दोलनका घाइतेहरूको निःशूल्क उपचार गर्ने व्यवस्था मिलाइनेछ। | सबै प्रादेशिक अस्पतालहरूमा सामाजिक सेवा इकाइमार्फत सशस्त्र सङ्घर्ष र जनआन्दोलनमा घाइते भएका, असहाय लगायतका लक्षित वर्गलाई निःशूल्क उपचार हुने व्यवस्था गरिएको। |
| अति सीमान्तकृत तथा लोपोन्मुख जाति, आश्रित व्यक्तिहरू तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू तथा पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गरिनेछ। महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता अभिवृद्धि गर्न स्थानीय तहसँग समन्वय गरिनेछ। | प्रदेशमा बसोबास गर्ने लोपोन्मुख तथा अतिसिमान्तकृत जातिहरु, 'ख' वर्गका अपाङ्गता भएका व्यक्तिहरू, आश्रममा आश्रित असहाय नागरिकहरू, महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरूको स्वास्थ्य बिमामा हालसम्म १८,५४८ परिवार सङ्ख्या आबद्ध भएका छन्।<br>राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका दिवसको अवसरमा बागमती प्रदेशमा सेवा प्रदान गरिरहेका ९,४०० जना महिला सामुदायिक स्वास्थ्य |

| नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था/उपलब्धी |
|---|---|
| | स्वयम् सेविकाहरुलाई रु. ५००० का दरले प्रोत्साहन रकमसहित सम्मान गरिएको। |
| परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथी, योग तथा ध्यान लगायतका स्वास्थ्य पद्धतिको संरक्षण, प्रवर्धन, विकास र विस्तार गर्दै लगिनेछ। | बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् बैठकबाट मिति २०८१/०२/३२ गते "आयुर्वेद औषधी संहिता (भाग १-५), २०८१" र "आयुर्वेद औषधीका लेबल डिजाइन" स्वीकृत भएको। |
| औषधी निगरानी (Pharmacovigilance) र औषधीको उचित प्रयोगलाई बढावा दिई सुक्ष्मजीव निरोधक प्रतिरोध (Antimicrobial Resistance) उपयोगलाई न्यूनीकरण गर्ने नीति लिइनेछ। | आयुर्वेद औषधी उत्पादन केन्द्रबाट १० वटा आयुर्वेद औषधी उत्पादनका लागि औषधी व्यवस्था विभागबाट स्वीकृति प्राप्त भएको। |
| आप्रवासन प्रक्रियाबाट उत्पन्न हुन सक्ने स्वास्थ्य जोखिमको न्यूनीकरण तथा विदेशमा श्रम गर्ने नागरिकको स्वास्थ्य सुरक्षाका लागि आवश्यक स्वास्थ्य सूचना सम्प्रेषणको व्यवस्था मिलाइनेछ। आत्महत्याको बढ्दो दरलाई न्यूनीकरण गर्न मानसिक स्वास्थ्य सेवाको विस्तार र प्रवर्धन गर्दै लगिनेछ। | प्रदेश जनसङ्ख्या नीति मस्यौदा भएको।<br><br>सबै प्रादेशिक अस्पतालहरूमा विशेषज्ञ मानसिक स्वास्थ्य सेवा प्रवाह गर्न सुरुवात गरिएको।<br><br>हेटौँडा अस्पतालमा २५ शय्याको मानसिक वार्ड स्थापना गरी सेवा सञ्चालनमा ल्याएको। |
| नियमित खोप कार्यक्रमलाई प्रवर्धन गर्दै खोप अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। किशोरीहरूलाई पाठेघरको क्यान्सरबाट बचाउन सङ्घीय सरकारसँगको समन्वयमा HPV खोप लगाउने व्यवस्था मिलाइनेछ। महिलाहरूमा हुने पाठेघरको मुख तथा स्तन क्यान्सर पहिचान गर्न शैलजा आचार्य महिला क्यान्सर परीक्षण अभियान सञ्चालन गरिनेछ। | नियमित खोप अभियान, HPV खोप लगायत अन्य विशेष खोप अभियान र महिलाहरूमा हुने पाठेघरको मुख तथा स्तन क्यान्सरको पहिचानका लागि प्रदेश मातहतका विभिन्न निकाय/ कार्यालयहरूले सम्बन्धित स्थानीय तह र स्वास्थ्य संस्थासँग समन्वय गरी कार्यक्रम/शिविरहरू सञ्चालन गरेको। |
| बिरामीको अत्यधिक चाप रहेका प्रादेशिक अस्पतालहरूको स्तरोन्नति गरी सुविधासम्पन्न बनाइनेछ। प्रदेश निर्वाचन क्षेत्र स्तरमा १५ शय्या अस्पताल निर्माण तथा सुदृढीकरणको नीतिलाई कार्यान्वयनमा ल्याइनेछ। मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको संस्थागत सुधार र सुदृढीकरण | स्वास्थ्य मन्त्रालय र मातहतका कार्यालयहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण भई स्वास्थ्य मन्त्रालयअन्तर्गतका १३ वटै जिल्लाका प्रादेशिक अस्पताल र आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरूको साविकको शय्या सङ्ख्यामा थप भई स्तरोन्नति भएको साथै साविकको कुल ८९७ बाट वृद्धि गरी १५७१ |

| नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था/उपलब्धी |
|---|---|
| गरिनेछ। | जनाको स्थायी दरबन्दी स्वीकृत भएको।<br><br>प्रादेशिक अस्पतालहरू (रसुवा, टोखा चण्डेश्वरी र बज्रबाराही चापागाउँ अस्पतालबाहेक) मा डायलासिस सेवा विस्तार गरी निःशूल्कडायलासिस सेवा सुरुवात गरिएको।<br><br>१३ वटै जिल्लामा ब्लड ब्यागसहितको रक्तसञ्चार सेवा निःशूल्करुपमा प्रवाह गरेको।<br><br>प्रदेश सर्शत अनुदानमार्फत स्थानीय तहका स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, चिकित्सकसहितको जनशक्ति, औजार उपकरणसहित सञ्चालन तथा सुदृढीकरणमा सहयोग गरिएको।<br><br>स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट मेलम्ची नगर अस्पतालमा १ वटा एम्बुलेन्स र बकुलहर रत्ननगर अस्पताल, चितवन, रामेछाप अस्पताल, रामेछाप, चौतारा अस्पताल, सिन्धुपाल्चोक, सिन्धुली अस्पताल, सिन्धुली, पशुपति चौलागाई स्मृति अस्पताल, दोलखा र रसुवा अस्पताल, रसुवा गरी ७ वटा अस्पतालहरूमा शव वाहन उपलब्ध गराइएको।<br><br>विशेषज्ञ चिकित्सक उत्पादन गर्न मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले स्नातकोत्तर तहको अध्ययन तथा अध्यापन सुरुवात गर्न चिकित्सा शिक्षा आयोगसँगको समन्वयमा कार्यक्रम स्वीकृतिको प्रक्रियामा रहेको।<br><br>मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट एनेस्थेसिया असिस्टेन्ट कोर्सको पठनपाठन सुरुवात गरिएको। |
| "एक माध्यमिक विद्यालय, एक नर्स कार्यक्रम "लाई विस्तार गरी आगामी आर्थिक वर्षभित्र कक्षा १२ सम्म सञ्चालन भएका प्रदेशका सबै माध्यमिक | “एक विद्यालय एक नर्स कार्यक्रम” बागमती प्रदेशका ११९ वटै स्थानीय तहका ८४८ वटा सामुदायिक माध्यमिक विद्यालयमा विस्तार भएको। |

| नीति तथा कार्यक्रम | कार्यान्वयन अवस्था/उपलब्धी |
|---|---|
| विद्यालयमा पुर्‍याईनेछ। विद्यालय नर्सको छनौट सम्बन्धित स्थानीय तहबाट गर्ने व्यवस्था मिलाइनेछ। | |

**आ. व. २०८०/०८१को बजेट उपशीर्षक अनुसारको प्रगति विवरणः**

आ.व. २०८०/०८१मा स्वास्थ्य मन्त्रालयले प्रदेश तथा सङ्घीय स्रोतको गरी कुल विनियोजित बजेटको ७८.६७ प्रतिशत खर्च गरेको छ जसमा चालूतर्फ ७७.५८ प्रतिशत र पूँजीगत तर्फ ८४.०७ प्रतिशत खर्च भएको छ। मन्त्रालयको बजेट उपशीर्षक अनुसारको खर्चको प्रगति विवरण निम्नानुसार छः-

(बजेट रु हजारमा)

| क्र.सं. | बजेट उपशीर्षक | चालू खर्च | खर्च% | पुँजीगत खर्च | खर्च% |
|---|---|---|---|---|---|
| बागमती प्रदेश, स्वास्थ्य मन्त्रालयको कुल जम्मा | | २,७२,९६,९४.९४ | ७९.७१ | ५९,८३,६९.७९ | ९२.०७ |
| १ | ३७०००११ | ४१९२१५ | ७८.९८ | ० | ० |
| २ | ३७०००११ | ० | ० | ४०२७२.२९ | ६७.९४ |
| ३ | ३७००१०११ | ४६६४७.०५ | ६९.५८ | ० | ० |
| ४ | ३७००१०११ | ० | ० | ५१०.५७ | ६८.०८ |
| ५ | ३७००१०१२ | ८७३७३३.५९ | ७९.२३ | ० | ० |
| ६ | ३७००१०१२ | ० | ० | ३६२८१२.६९ | ९३.७१ |
| ७ | ३७००१०१३ | ३६९९१४.५३ | ८०.७ | ० | ० |
| ८ | ३७००१०१३ | ० | ० | ३९२६.९१ | ९७.४४ |
| ९ | ३७००१०१४ | ११९१८१२.२७ | ८८.०१ | ० | ० |
| १० | ३७००१०१४ | ० | ० | ८६५२९.३५ | ७९.१४ |
| ११ | ३७००२०११ | ३३३३०.११ | ८०.५४ | ० | ० |
| १२ | ३७००२०११ | ० | ० | ३९९.८५ | ९९.९६ |
| १३ | ३७००३०११ | १०५०१६.११ | ९०.६७ | ० | ० |
| १४ | ३७००३०११ | ० | ० | ७३६३९.२६ | ७५.१४ |
| १५ | ३७००४०११ | ३२४०५.३१ | ८३.४६ | ० | ० |
| १६ | ३७००४०११ | ० | ० | ३१७७.५१ | ९०.७९ |
| १७ | ३७०९११२० | २०१०९.०७ | ६६.६४ | ० | ० |
| १८ | ३७०९११२० | ० | ० | २८२.५४ | ९५.७८ |
| १९ | ३७०९११२१ | ४१०६३.८९ | ८५.४६ | ० | ० |

| क्र.सं. | बजेट उपशीर्षक | चालू खर्च | खर्च% | पुँजीगत खर्च | खर्च% |
|---|---|---|---|---|---|
| २० | ३७०९११२२ | २१५४५.०४ | ८१ | ० | ० |
| २१ | ३७०९११२३ | ६१०६४.६८ | ८०.७२ | ० | ० |
| २२ | ३७०९११२३ | ० | ० | २२८८१.२२ | ५०.८५ |
| २३ | ३७०९११२४ | ८१४०.१२ | ७४ | ० | ० |
| २४ | ३७०९११२५ | ४०५७४.०२ | ९६.५४ | ० | ० |
| २५ | ३७०९११२५ | ० | ० | ७६७.९ | ९९.७३ |
| २६ | ३७०९११२६ | २८१२५.०३ | ५५.६९ | ० | ० |
| २७ | ३७०९११२७ | ३४६३.९६ | ४६.१९ | ० | ० |
| २८ | ३७०९११२८ | ३२२४७९.४१ | ५९.४८ | ० | ० |
| २९ | ३७०९११२८ | ० | ० | ३१६९.७२ | ९९.०५ |
| ३० | ३७०९११२९ | ११८३१.७३ | ६९.१९ | ० | ० |
| ३१ | ३७०९११३० | ३४९४.७२ | ७९.४३ | ० | ० |
| ३२ | ३७०९११३४ | ९५७२९.६२ | ९३.४५ | ० | ० |
|  | **कुल जम्मा:** | **२७२९६९४.९** | **७९.७१** | **५९८३६९.७९** | **९२.०७** |

**<u>क्षेत्रगत मुख्य कार्यक्रमको प्रगति र आम्दानी विवरणः</u>**

**आर्थिक वर्ष २०८०/०८१को क्षेत्रगत रुपमा सम्पादित मुख्य कार्यक्रमहरूको प्रगति विवरणः**

| क्र.सं. | क्षेत्र | कार्यक्रमको नाम | एकाई | उपलब्धि विवरण | कै. |
|---|---|---|---|---|---|
| १. | स्वास्थ्य | महिलाहरुमा हुनसक्ने अब्स्ट्रेटिक फिस्टुला, पाठेघर खस्ने समस्या लगायतका प्रजनन स्वास्थ्य रूग्णताको जाँच शिविर तथा व्यवस्थापन | जना | विभिन्न जिल्लामा महिलाहरूमा हुने प्रजनन् स्वास्थ्य रुग्णता जस्तैः पाठेघर खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, अब्स्टेट्रिक फिस्टुला हरूको स्क्रिनिङ गरी उपचार व्यवस्थापन गरिएको। | |
| २. | | जेष्ठ नागरिकलाई स्वास्थ्य सामग्री सहित स्वास्थ्य | जना | प्रदेशका १३ वटै जिल्लामा जेष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण (आँखा ,दाँत ,नसर्ने रोग आदि) | |

| क्र.सं. | क्षेत्र | कार्यक्रमको नाम | एकाई | उपलब्धि विवरण | कैं. |
|---|---|---|---|---|---|
| | | परीक्षण कार्यक्रम | | गरी सम्मान कार्यक्रमसमेत गरिएको। | |
| ३. | | मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमःनसर्ने रोग पहिचानका लागि परीक्षण, परामर्श र व्यवस्थापन | जना | प्रदेशका १३ वटै जिल्लाका स्थानीय स्वास्थ्य संस्थाहरूमार्फत ३० वर्ष माथिका व्यक्तिहरूको नसर्ने रोगको स्क्रिनिङ भएको। | |
| ४. | | प्रदेश अस्पतालहरु मार्फत ६५ वर्ष माथिका जेष्ठ नागरिकहरूलाई निःशूल्क दन्त सहायता सामाग्री (CDD/RPD) सहयोग कार्यक्रम | जना | प्रादेशिक अस्पतालहरूमार्फत् जेष्ठ नागरिकहरूलाई निःशूल्क दन्त सेवा र सहायता सामाग्री (CDD/RPD) प्रदान गरिएको। | |
| ५. | | सामाजिक सेवा इकाइ मार्फत निःशूल्कउपचार व्यवस्थापन - शहिद परिवार, जनयुद्ध र जनआन्दोलनका घाइते, सडक दुर्घटनाका घाइते, विपद्का घाइते, विपन्न नागरिक, अपाङ्गता भएका व्यक्ति, वन्यजन्तु आक्रमणबाट घाइते। | जना | सामाजिक सेवा इकाइमार्फत तोकिएका लक्षित वर्गको निःशूल्कउपचार गर्ने व्यवस्था गरिएको। | |
| ६. | | Health in all policies कार्यक्रम समन्वय, समीक्षा तथा कार्यान्वयन | पटक | स्वीकृत भई प्रदेश राजपत्रमा प्रकाशन भएको। | |
| ७. | | गर्भवती र सुत्केरी अवस्थाका ज्यान जोखिममा परेका महिलाको निःशूल्क हवाइ उद्धार सेवा | जना | मिति २०८०/१०/०४ गतेको प्रदेश राजपत्रमा प्रकाशन भई १ जना गर्भवती महिलाको हवाइ उद्धार समेत भएको। | |
| ८. | | पाठेघरको मुखको क्यान्सरका लागि | जना | स्थानीय तह र स्वास्थ्य संस्थासँग समन्वय गरी कार्यक्रम/शिविरहरू सञ्चालन गरिएको। | |

| क्र.सं. | क्षेत्र | कार्यक्रमको नाम | एकाई | उपलब्धि विवरण | कै. |
|---|---|---|---|---|---|
| | | स्क्रिनिङका लागि ३ दिने VIA तालिम | | | |
| ९. | | SNCU/NICU सेवा सञ्चालन तथा विस्तार, क्षमता विकास कार्यक्रम | वटा | १३ वटा प्रादेशिक अस्पतालहरूमा निःशूल्करूपमा सेवा उपलब्ध गराइएको। | |
| १०. | | सर्भिलेन्स प्रणाली सुदृढीकरण तथा महामारी नियन्त्रणका लागि RRT परिचालन र प्रतिकार्य | पटक | "स्वास्थ्य आपत्कालीन तथा विपद् आकस्मिकता योजना, २०८१" स्वीकृत भई कार्यान्वयनमा ल्याएको साथै RRT परिचालन भई प्रतिकार्य समेत भएको। | |
| ११. | | एम्बुलेन्स सेवासम्बन्धी समन्वय बैठक तथा एम्बुलेन्स सेवाको नियमन | वटा | १५० एम्बुलेन्समा GPS निःशूल्कजडान गरिएको र १०२ एम्बुलेन्स नम्बर Dispatch Center सञ्चालन भएको | |
| १२. | | सीमान्तकृत, लोपोन्मुख, आश्रममा आश्रित व्यक्तिलगायतका लक्षित वर्गको स्वास्थ्य बिमा प्रिमियम भुक्तानी | जना | १८,५४८ परिवार सङ्ख्या आबद्ध भएको। | |
| १३. | | महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका सम्मान कार्यक्रम | जना | ९,४०० जना महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाई रु . ५००० का दरले प्रोत्साहन रकमसहित सम्मान गरिएको। | |
| १४. | | प्रदेश जनसङ्ख्या नीति लगायत अन्य नीति, ऐन, नियम, कार्यनीति तयारी तथा संसोधन | पटक | प्रदेश जनसङ्ख्या नीति मस्यौदा भएको। | |
| १५. | | मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्महत्या न्यूनीकरणका लागि प्रदेशको उच्चस्तरीय संयन्त्र निर्माण | पटक | सबै प्रादेशिक अस्पतालहरूमा विशेषज्ञ मानसिक स्वास्थ्य सेवा प्रवाह गर्न सुरुवात गरिएको। हेटौंडा अस्पतालमा २५ शय्याको मानसिक वार्ड स्थापना गरी सेवा | |

| क्र.सं. | क्षेत्र | कार्यक्रमको नाम | एकाई | उपलब्धि विवरण | कै. |
|---|---|---|---|---|---|
| | | तथा पैरवी | | सञ्चालनमा ल्याएको। | |
| १६. | | प्रदेशका स्थायी बासिन्दाको उपचारको क्रममा लाग्ने रक्त सञ्चार प्रयोग हुने ब्लड ब्लड व्याग बापतको खर्चको भुक्तानी | वटा | १३ वटै जिल्लामा ब्लड ब्यागसहितको रक्तसञ्चार सेवा निःशूल्क रुपमा प्रवाह गरेको। | |
| १७. | | एक विद्यालय एक नर्स कार्यक्रम विस्तार तथा सञ्चालन | वटा | "एक विद्यालय एक नर्स कार्यक्रम "बागमती प्रदेशका ११९ वटै स्थानीय तहका ८४८ वटा सामुदायिक माध्यमिक विद्यालयमा विस्तार भएको। | |
| १८. | भौतिक पूर्वाधार | बज्रबाराही चापागाउँ अस्पताल भवन निर्माण | प्रतिशत | भवन निर्माण २८ प्रतिशत सम्पन्न भएको | बहुवर्षीय आयोजना |
| १९. | | आयुर्वेद तथा वैकल्पिक चिकित्सालय ,चितवनको भवन निर्माण | | निर्माण १०० प्रतिशत सम्पन्न | |
| २०. | | आयुर्वेद तथा वैकल्पिक चिकित्सालय ,मकवानपुरको भवन निर्माण | | भवन निर्माण ८५ प्रतिशत सम्पन्न भएको | |
| २१. | | आयुर्वेद तथा वैकल्पिक चिकित्सालय ,ललितपुरको भवन निर्माण | | ठेक्का भएको | |
| २२. | | बकुलहर रत्ननगर अस्पतालमा MCH भवन निर्माण | वटा | भवन निर्माण ५२ प्रतिशत सम्पन्न भएको | क्रमागत आयोजना |

**आर्थिक वर्ष २०८०/०८१को आम्दानीः**

| क्र.सं. | राजश्व खर्च शीर्षक नं. | राजश्व शीर्षक नाम | आ.व. २०८०/०८१मा सङ्कलित रकम (रू हजारमा) | कै. |
|---|---|---|---|---|
| १ | १४२१२ | सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | ६३१.३६ | |
| २ | १४२२४ | परीक्षा शूल्क | ३७,७७.३० | |
| ३ | १४२२९ | अन्य प्रशासनिक सेवा शूल्क | २७,९०.०८४ | |

| | | | | |
|---|---|---|---|---|
| ४ | १५१११ | बेरुजु | ३८,७६.९२९ | |
| ५ | १५११२ | निकाशा फिर्ता | ११,७९.४५२ | |
| **जम्मा** | | | **१,२२,५५.१२** | |

**सुशासन ऐन, २०७७ को दफा ४२ (२) बमोजिम मन्त्रालय/निकाय तथा मातहतका कार्यालयहरूमा सुशासन कायम गर्न गरेका कार्यक्रम र त्यसबाट प्राप्त परिमाणः**

| क.सं. | सुधारका क्षेत्रहरु | सुधारका कार्यक्रमहरु | प्राप्त परिमाणको विवरण |
|---|---|---|---|
| १ | विधिको शासन | आवश्यक नीतिगत तथा कानूनी प्रावधान गरिएको<br>• प्रदेश स्वास्थ्य नीति ,२०८१<br>• प्रदेश स्वास्थ्य सेवा ऐन ,२०७५ (संसोधनको क्रममा रहेको)<br>• कार्यक्रमगत कार्यविधि<br>• वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन | स्वास्थ्य मन्त्रालयको कार्यजिम्मेवारीमा पर्ने कार्यहरू प्रचलित कानूनबमोजिम सम्पादन भएको। |
| २ | सहभागिता | मन्त्रालयसँग सम्बन्धित नीति ,कानून , योजना तथा कार्यक्रम तर्जुमा गर्दा र कार्यान्वयन गर्दा सरोकारवालालाई सहभागी गराइएको | नीति ,कानून ,योजना र कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूले अपनत्वसहित प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गरेको। |
| ३ | पारदर्शिता | मन्त्रालय र मातहतका कार्यालयबाट सम्पादन भएका कार्यहरूको विभिन्न समयमा सार्वजनिक सुनुवाइ, विभिन्न माध्यमबाट सार्वजनिकीकरण, प्रतिवेदन तथा सूचना सम्प्रेषण लगायतका कार्य | मन्त्रालय र मातहतका कार्यालयबाट भए गरेका कार्यहरूको नागरिक लगायत सरोकारवालाहरू सुसूचित भएको। |
| ४ | जवाफदेहिता र भ्रष्टाचार नियन्त्रण | मन्त्रालय र मातहतका पदाधिकारीउपर परेको गुनासोमाथि आवश्यक छानबिन गरी कारबाही गर्ने गरेको | जिम्मेवार पदाधिकारीहरू जवाफदेही भई भ्रष्टाचार नियन्त्रणमा सहयोग पुगेको। |
| ५ | समतामूलक सेवा | गरिब, सीमान्तकृत, महिला बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यकजस्ता लक्षित वर्गलाई प्राथमिकता दिई सेवा तथा कार्यक्रमको व्यवस्थापन भएको | लक्षित वर्गलाई सामाजिक समावेशीकरणमार्फत क्रमशः मूल प्रवाहीकरणमा ल्याउन टेवा पुगेको। |

**प्रदेश सुशान ऐन, २०७७ र नियामवली, २०७७ बमोजिम मन्त्रालय/निकायले गर्नुपर्ने कार्यजिम्मेवारी र सोसम्बन्धमा भएका प्रगतिः**

| क्र.सं. | ऐन तथा नियमावलीले तोकेका कार्यजिम्मेवारी | सम्पादन भएको काम /प्रगति | कैफियत |
|---|---|---|---|
| १ | मन्त्रालय र मातहतका निकाय एवम् कार्यालयहरूको प्रगति विवरणसहित नियमित समीक्षा गर्ने | मन्त्रालय र मातहतका निकायबाट सम्पादन भएका कार्य र सञ्चालन भएका कार्यक्रमहरूको नियमित समीक्षा भई सो क्रममा देखिएका समस्याहरू समाधान गर्न पहल भएको | |
| २ | कार्यसम्पादनका आधारमा प्रोत्साहन कार्य | विभिन्न समीक्षा कार्यक्रमहरूमा कार्यसम्पादन, नवीनतम अभ्यासहरू, सूचक आदिलाई आधार मानी उत्कृष्ट कार्यसम्पादन गर्ने कार्यालयलाई सम्मान र पुरस्कृत गर्ने। | |
| ३ | स्वास्थ्यसम्बन्धी विभिन्न नीति तथा कानूनहरूको व्यवस्था | मन्त्रालयसँग सम्बन्धित नीति तथा कानूनहरूको व्यवस्था र सोको समय तथा आवश्यकता अनुसार परिमार्जन/संसोधन समेत गरिरहेको | |
| ४ | पारदर्शिता | मन्त्रालय र मातहतका कार्यालयबाट सम्पादन भएका कार्यहरूको विभिन्न समयमा सार्वजनिक सुनुवाइ, विभिन्न माध्यमबाट सार्वजनिकीकरण, प्रतिवेदन तथा सूचना सम्प्रेषण लगायतका कार्य | |
| ६ | घुम्ती सेवा सम्बन्धी व्यवस्था | पिछडिएका क्षेत्र तथा वर्गहरूको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्नका लागि विभिन्न गाउँघर क्लिनिक, खोप क्लिनिक, घुम्ती सेवा आदि सञ्चालन गरिएको। साथै अति सीमान्तकृत र आश्रममा आश्रित व्यक्तिहरूको स्वास्थ्य बिमा कार्यक्रममा आबद्धताका लागि प्रदेश सरकारमार्फत निःशूल्कप्रिमियम भुक्तानी गरेको। | |
| ७ | सरोकारवालाको सहभागिता र स्वामित्व | मन्त्रालय मातहतका निकय एवम् कार्यालयहरूले योजना र कार्यक्रमहरू छनौट गर्दा नागरिकको माग र आवश्यकता पहिचान गरी सोको आधारमा गरेको | |
| ८ | प्रवक्ता तोक्ने | मन्त्रालयको प्रवक्ता तोकी मन्त्रालयबाट सम्पादन भएका कार्य तथा सार्वजनिक गर्नुपर्ने विषयका सूचनाहरू सार्वजनिक गरिरहेको। | |
| ९ | सूचना प्रविधिलाई व्यवहारमा ल्याउने | मन्त्रालय र मातहतका कार्यालयहरूको वेबपेज र सामाजिक सञ्जालहरू निर्माण गरी कार्यालयसँग सम्बन्धित प्रकाशन तथा फाराम र कार्यालयसँग | |

| | | | |
|---|---|---|---|
| | | सम्बन्धित सूचनाहरू राखिएको। Digital Health को अवधारणालाई आत्मसात गरी आगामी दिनहरूमा EHR/ EMR को प्रयोगका लागि सुरूवाती तयारी भइरहेको। | |

**मन्त्रालय/ निकायगत सबल पक्षहरू, कमीकमजोरीहरू, मन्त्रालय/निकयगत अवसरहरू र चुनौतीहरू**

| सबल पक्षहरू | कमीकमजोरीहरू |
|---|---|
| स्वास्थ्य क्षेत्रसँग सम्बन्धित नीति, कानून, कार्यविधि, निर्देशिकाहरूको प्रावधान<br>स्वास्थ्य सेवा प्रवाह र व्यवस्थापनका लागि प्रत्येक जिल्लामा प्रादेशिक अस्पताल, आयुर्वेद तथा वैकल्पिक चिकित्सालय र जनस्वास्थ्य कार्यालयहरू रहेको<br>साविकको सङ्गठन संरचनामा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी सङ्ख्यामा उल्लेख्य वृद्धि गरिएको<br>स्वास्थ्य मन्त्रालय र मातहतका निकायबाट प्रवाह गरिएको सेवा र सञ्चालन गरिएका कार्यक्रमहरूको समीक्षा गरी योजना तर्जुमा गर्ने गरिएको<br>मातहतका कार्यालयबाट सञ्चालन हुने कार्यक्रमको कार्यान्वयनमा एकरूपताका लागि वार्षिक रूपमा कार्यक्रम कार्यान्वयन मार्गदर्शन जारी गर्ने गरिएको<br>स्थानीय तहलाई प्रदेश सशर्त अनुदानमार्फत स्थानीय तहको स्वास्थ्य सेवा प्रवाह सुधार गर्न आवश्यक भौतिक पूर्वाधार, जनशक्ति लगायतमा सहयोग प्रदान भइरहेको।<br>प्रादेशिक अस्पताल र आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरूको सञ्चालन तथा व्यवस्थापन समितिमार्फत् थप जनशक्तिलगायत अन्य व्यवस्थापन | वित्तीय तथा भौतिक प्रगति विगत वर्षभन्दा सुधार भएको। तथापि अपेक्षाकृत प्रगति नभएको।<br>स्वतः प्रकाशन नियमित गर्न नसकिएको<br>मातहतका कार्यालय तथा कार्यक्रमहरूको पर्याप्त अनुगमन हुन नसकेको।<br>केही कार्यालयहरूमा अपाङ्गमैत्री भौतिक पूर्वाधार नभएको।<br>मातहतका केही कार्यालयहरूमा इ-हाजिरी सञ्चालनमा ल्याउन नसकिएको।<br>मातहतका केही कार्यालयहरूमा वेबसाइट सञ्चालनमा ल्याउन नसकिएको।<br>निजी स्वास्थ्य संस्थाहरूको अनुगमन तथा नियमन प्रभावकारी हुन नसकेको।<br>विभिन्न प्रकारका स्वास्थ्य सेवा प्रदायक संस्थाहरूबाट प्रवाह भइरहेको सेवाको तथ्याङ्क प्राप्त भएको सुनिश्चितता गर्न नसकिएको। |
| **अवसरहरू** | **चुनौतीहरू** |

| | |
|---|---|
| छात्रवृत्ति करार जनशक्ति परिचालन<br>सङ्घीय अनुदान (सशर्त, विशेष र समपूरक) मार्फत कार्यक्रम तथा सेवा सञ्चालन<br>प्रतिष्ठान, मेडिकल कलेज, विशिष्टीकृत अस्पताल, केन्द्रीय अस्पताल, सङ्घसंस्थाको समन्व्य र सहकार्यमा सेवा विस्तार र थप<br>स्वास्थ्यकर्मी तथा कर्मचारीहरूका लागि विभिन्न क्षमता अभिवृद्धि तालिम<br>स्वास्थ्य साझेदार सङ्घसंस्थाहरूको प्राविधिक सहयोग | प्रदेश स्वास्थ्य सेवा ऐन निष्क्रीय भएको हुँदा स्वास्थ्य संस्था दर्ता, नवीकरण, स्तरोन्नितको कार्य एक वर्षभन्दा बढि समयदेखि हुन नसक्नु<br>अपाङ्गता समायोजित जीवन वर्ष (Disability Adjusted Life Years) मा मानसिक रोग, उच्च रक्तचाप, मधुमेह, मुटु रोग र क्यान्सर लगायतका नसर्ने रोगको भार बढी हुनु, आत्महत्याको दर र सडक दुर्घटनाका कारण हुने मृत्यु र अपाङ्गता दर बढ्दो हुनु<br>स्वास्थ्य संस्थाहरूको स्तर र मापदण्डअनुसार स्वास्थ्यसम्बन्धी पूर्वाधारहरूको विकास र विस्तार नहुनु<br>स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका आयोजना तथा कार्यक्रमहरूको प्रगति प्रतिवेदन प्राप्त गर्ने प्रणाली नहुनु<br>सङ्घीय कानून, कार्यविधिहरू जारी नहुँदा केही सेवा/कार्यहरू अघि बढाउन नसकिएको। उदाहरणः EMR/EHR सम्बन्धी सङ्घीय कार्यविधि नहुँदा प्रदेशमा कार्यान्वयन अघि बढाउन कठिनाइ भएको। |

**सेवा प्रवाह सुधारका लागि गरेका प्रयासहरू**

- नीति तथा कार्यविधिहरू तर्जुमा गरेकोः-
    - "सबै नीतिमा स्वास्थ्य कार्यान्वयन निर्देशिका, २०८०"
    - "प्रदेश स्वास्थ्य नीति, २०८१"
    - "ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको लागि निःशूल्क हवाई उद्धार सेवा सम्वन्धी कार्यविधि, २०८०"
    - "दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन तथा विस्तारित अस्पताल सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०"
    - वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन
- स्वास्थ्य मन्त्रालय र मातहतका निकायबाट सञ्चालन गरिएका कार्यक्रमहरूको नियमित समीक्षा गरी कार्यक्रम कार्यान्वयन गर्ने क्रममा देखिएका सबल पक्ष, चुनौती तथा आगामी कार्यदिशा पहिचान
- स्थानीय तहका स्वास्थ्य संस्थाहरूको सबलीकरण तथा क्षमता अभिवृद्धिका लागि सशर्त अनुदान
- अति सीमान्तकृत र आश्रममा आश्रित व्यक्तिहरूको स्वास्थ्य बिमा कार्यक्रममा आबद्धताका लागि प्रदेश सरकारमार्फत निःशूल्क प्रिमियम भुक्तानी
- टेलिमेडिसिन सेवा विस्तार

- निजी तथा गैरसरकारी अस्पताल तथा स्वास्थ्य संस्था दर्ता, नवीकरण, स्तरोन्नतिसम्बन्धी प्रक्रियाका लागि सफ्टवेयर निर्माण भएको
- स्वास्थ्य तालिम केन्द्रमार्फत स्वास्थ्यकर्मी लगायत स्वास्थ्य क्षेत्रमा कार्य गर्ने कर्मचारीको क्षमता अभिवृद्धि
- स्वास्थ्य मन्त्रालय र मातहतका कार्यालयहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण भई स्वास्थ्य मन्त्रालयअन्तर्गतका १३ वटै जिल्लाका प्रादेशिक अस्पताल र आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरूको साविकको शय्या सङ्ख्यामा थप भई स्तरोन्नति भएको
- सामाजिक सेवा इकाइमार्फत सशस्त्र सङ्घर्ष र जनआन्दोलनमा घाइते भएका, असहाय लगायतका लक्षित वर्गलाई निःशूल्कउपचार हुने व्यवस्था गरिएको।
- मातहतका कार्यालयबाट सञ्चालन हुने कार्यक्रमको एकरूपताका लागि वार्षिक रूपमा कार्यक्रम कार्यान्वयन मार्गदर्शन जारी गर्ने गरिएको
- वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गरिएको।
- विशेषज्ञ चिकित्सकहरूका लागि प्रोत्साहन सुविधा उपलब्ध गराइएको।
- प्रादेशिक प्रेषण केन्द्र (Ambulance Dispatch Center) सञ्चालन भइरहेको।

**<u>आगामी दिनमा गर्नुपर्ने कानुनी, नीतिगत, संस्थागत, प्रणालीगतलगायतका सुधारका विषयहरू</u>**

- प्रदेश जनसङ्ख्या नीति तर्जुमा गर्नुपर्ने।
- जनसङ्ख्या व्यवस्थापनका लागि विशिष्टीकृत संचरना र प्रणाली स्थापना गर्नुपर्ने।
- प्रदेश स्वास्थ्य नीति ,२०८१ को कार्यान्वयनका लागि प्रदेश स्वास्थ्य क्षेत्र रणनीतिक योजना तर्जुमा गर्नुपर्ने।
- स्वास्थ्य मन्त्रालयको कार्यजिम्मेवारीमा परेका विषयहरू कार्यान्वयनका लागि आवश्यक कानून तर्जुमा गर्नुपर्ने।
- स्थानीय तहबाट सञ्चालन भइरहेको/हुने आधारभूत अस्पतालहरूको सञ्चालनका लागि प्रदेश सरकारमा हस्तान्तरण गरी सञ्चालन गर्न केही स्थानीय तहबाट अनुरोध भई आएकाले आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा प्रदेश सरकारले सङ्घ सरकारसँगको समन्वयमा स्पष्ट नीति अवलम्बन गर्नुपर्ने।
- स्वास्थ्य मन्त्रालय र मातहतका केही कार्यालयहरूको आफ्नै भवन नभएको वा भएका भवन तथा जग्गा पर्याप्त नभएकाले पहल गर्नुपर्ने।
- निष्क्रीय अवस्थामा रहेको प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ प्रदेश सभाबाट स्वीकृत हुनुपर्ने।
- प्रादेशिक अस्पताल, आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरू, जनस्वास्थ्य कार्यालयहरूमा भएका औजारउपकरणको विद्युतीय Inventory Management Information System विकास गर्नुपर्ने।
- स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका प्रदेश सशर्त अनुदानका कार्यक्रमको नियमित प्रतिवेदन गर्ने सूचना प्रणाली (भौतिक/वित्तीय प्रगतिसहितको) विकास गर्नुपर्ने।

- विपन्नको प्रष्ट पहिचान गरी विपन्न कार्ड लागु गरी सामाजिक सुरक्षाका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्ने।
- सबै किसिमका समाजिक सुरक्षाका कार्यक्रमहरुलाई एकीकृत प्रणालीमा विकास गर्नुपर्ने।
- आयुर्वेद औषधी उत्पादन केन्द्रको क्षमता अभिवृद्धि गर्दै लानुपर्ने।
- विद्यमान स्वास्थ्य सूचना प्रणालीहरूलाई एकीकृत र अन्तरआबद्ध गर्ने।
- सङ्घ, प्रदेश र स्थानीय तहबाट तर्जुमा हुने कार्यक्रममा दोहोरोपना हटाउने व्यवस्था गर्नुपर्ने।
- स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरूका लागि उचित अवसर सिर्जना गरी उच्च मनोबलका साथ काम गर्न उत्प्रेरणाका कार्यक्रमहरू लागु पर्ने।
- सबै नीतिमा स्वास्थ्य क्रमश :कार्यान्वयन गर्दै जाने।

**उपसंहारः**

मिति २०७८/०५/२३ गते स्थापना भएको स्वास्थ्य मन्त्रालयको मूल जिम्मेवारी बागमती प्रदेशमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह र व्यवस्थापन गर्नु हो। साविकमा झण्डै ९०० जना दरबन्दी रहेकोमा बागमती प्रदेश सरकारको मिति २०८०/०८/०३ गतेको निर्णयअनुसार स्वास्थ्य मन्त्रालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भई १५७१ जनाको दरबन्दी कायम भएको छ। स्थानीय तहका पाँचवटा अस्पताललाई स्तरोन्नति गरी प्रादेशिक अस्पतालका रूपमा १३ वटै जिल्लामा प्रादेशिक अस्पताल स्थापना भएको छ।

प्रदेशको आफ्नै स्वास्थ्य नीति, प्रदेश स्वास्थ्य सेवा ऐनजस्ता कानूनी आधारहरूमा बागमती प्रदेशमा क्रमशः स्वास्थ्य सेवा विकास तथा विस्तार भइरहेको छ। सबै नीतिमा स्वास्थ्य कार्यान्वयन निर्देशिकामार्फत बहुक्षेत्रीय समन्वय र सहकार्यमा विषयगत मन्त्रालय र निकायबाट तर्जुमा हुने नीति, कानून, योजना तथा कार्यक्रमहरूमा स्वास्थ्यका दृष्टिले थप सम्वेदनशील हुन जरुरी देखिएको छ।

स्वास्थ्य सेवामा प्रदेशबासी सबै नागरिकको सर्वव्यापी पहुँच स्थापित गरी जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्यसहित स्वास्थ्य मन्त्रालयले कानूनी, नीतिगत, संस्थागत तथा प्रणालीगत योजना तथा कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। बहुक्षेत्रीय समन्वय र सहकार्यबाट बागमती प्रदेशको स्वास्थ्य क्षेत्रमा क्रमशःसुधारका सङ्केत देखिएको भए तापनि विभिन्न वर्ग तथा समुदायमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपभोगमा उल्लेख्य सुधार गर्नुपर्ने देखिन्छ।

## ९. सामाजिक विकास मन्त्रालय

सामाजिक विकास मन्त्रालय बागमती प्रदेशको शिक्षालगायत महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् समाजकल्याणका क्षेत्रमा कार्यजिम्मेवारी वहन गर्ने निकाय हो। यसमन्त्रालयअन्तर्गत कुल ८ वटा कार्यालयहरू रहेका छन्। मन्त्रालय तथा अन्तर्गतका कार्यालयतर्फ गरेर कुल १९० दरबन्दी रहेकोमा १३९ जनाको पदपूर्ति रहेको छ। मन्त्रालय तथा अन्तर्गतका कार्यालयको समग्र स्वीकृत दरबन्दी तथा पदपूर्तिको विवरण निम्नानुसार रहेको छ।

| स्वीकृत दरबन्दी | | | पदपूर्ति विवरण | | |
|---|---|---|---|---|---|
| अधिकृत तह | सहायकस्तर | श्रेणीविहीन | अधिकृत तह | सहायकस्तर | श्रेणीविहीन |
| ६४ | ८८ | ३८ | ३६ | ७० | ३३ |

**आ.व. २०८०/०८१को प्रदेश सरकारको नीति तथा कार्यक्रमअन्तर्गत मन्त्रालयको प्रगति विवरणः**

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था उपलब्धि |
|---|---|
| प्रादेशिक शिक्षा नीति तथा एकीकृत बालविकास र शिक्षा सम्बन्धी रणनीति तर्जुमा गरिनेछ। सङ्घ र स्थानीय तहमा अनिवार्य तथा निःशूल्क शिक्षा कार्यक्रम कार्यान्वयन गर्न प्रोत्साहन गरिनेछ। | प्रदेश शिक्षा नीति स्वीकृत<br>१८ स्थानीय तहमा अनिवार्य तथा निशूल्क शिक्षा सञ्चालनका गरिएको। |
| सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न पाठ्यक्रम, विद्यार्थी र शिक्षक केन्द्रित आवश्यक नीति तय गरी कार्यान्वयनमा ल्याइनेछ। विद्यालयको भौतिक पूर्वाधार विकासलाई निरन्तरता दिई सामुदायिक विद्यालयहरूको शैक्षिक पक्षको सुदृढीकरण गरिनेछ। विद्यालयहरूमा विद्युतीय हाजिरी प्रणाली लागु गरिनेछ। सामुदायिक क्याम्पसहरूको संस्थागत सुदृढीकरणका लागि प्रोत्साहन गरिनेछ। | १०० आधारभूत र ७५ माध्यमिक सामुदायिक विद्यालयले विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रम सम्पादन गरेको।<br>१०० आधारभूत र ७५ माध्यमिक सामुदायिक विद्यालयले शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रम सम्पादन गरेको।<br>२७७ सामुदायिक माविमा शिक्षक अनुदान |

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था उपलब्धि |
|---|---|
| | १८१ वटा विद्यालयको विद्यालय घेराबार कार्य सम्पन्न भएको।<br>७४ वटा दुई कोठे विद्यालय भवनको निर्माण कार्य सम्पन्न भएको।<br>२ वटा आवासीय विद्यालयको निर्माण कार्य सम्पन्न गरिएको।<br>२१ विद्यालयमा दुई कोठे शौचालय निर्माण र १२ विद्यालयको लागि खानेपानी व्यवस्थापन कार्य सम्पन्न गरिएको।<br>१५ खेलमैदान र २५ विद्यालयको भौतिक पूर्वाधार कार्यक्रम सम्पन्न भएको। |
| अल्पसङ्ख्यक, लोपोन्मुख, अति सीमान्तकृत, दलित र आर्थिक रूपमा विपन्न समुदायका छात्रछात्राको शिक्षामा पहुँच अभिवृद्धि गर्नका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। | प्रदेशका ५ जिल्लाका ५ विद्यालयमा अध्ययनरत १००० जना विद्यार्थीहरुलाई आवासिय सुविधा सहित अध्ययनको व्यवस्था गरिएको। |
| सामुदायिक विद्यालका प्रधानध्यापक तथा शिक्षकको पेशागत विकासमार्फत प्रविधिमैत्री गुणस्तरीय शिक्षामा जोड दिइनेछ। तालिम प्रदायक संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। सामुदायिक सिकाइ केन्द्रहरूलाई सामुदायिक पुस्तकालयको रूपमा विकास गर्दै लगिनेछ। | २००० जना शिक्षकहरुको लागि पाँच दिने पुनर्ताजगी तालिम र ११११ जना आधारभूत तथा माध्यामिक तहमा कार्यरत शिक्षकहरूका लागि शिक्षक पेशागत विकास (TPD) तालिम सञ्चालन भएको।<br>४३४ जना आधारभूत तथा माध्यमिक तहका प्रधानाध्यापकहरुको क्षमता अभिवृद्धि तालिम सञ्चालन भएको।<br>स्थानीय तह र प्रदेशमा शिक्षा क्षेत्रमा कार्यरत १३३ जना जनशक्तिको लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन भएको।<br>आधारभूत तथा माध्यमिक तहमा कार्यरत ४५४ जना शिक्षकहरुको लागि सूचना प्रविधिमा आधारित क्षमता अभिवृद्धि तालिम |

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था उपलब्धि |
|---|---|
| समय सापेक्ष प्रतिस्पर्धा गर्न सक्ने सक्षम जनशक्ति उत्पादन गर्न प्रदेश विश्‍वविद्यालयको स्थापना गरी उत्कृष्ट प्राज्ञिक केन्द्र (Center of Excellence) को रूपमा विकास गर्ने नीति लिइनेछ। सार्वजनिक नीतिको अध्यापन तथा बहसका लागि शैक्षिक संस्था (Graduate School of Public Policy) स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ। सङ्घीय शासन प्रणाली सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने अनुसन्धानकर्ताहरूलाई प्रोत्साहन गरिनेछ। | ४० सामुदायिक क्याम्पसहरुले शैक्षिक गुणस्तर सुदृढीकरण कार्य सम्पन्न गरेको<br>विश्वविद्यालयको स्थापनाका लागि सात ओटा संस्थाको आवेदन प्राप्त भई जाँचबुँझ सम्पन्न<br>प्रदेश सार्वजनिक विश्विवद्यालय हेटौंडामा स्थापना<br>बोर्ड अफ ट्रस्टीका अध्यक्ष तथा सदस्यहरुको मनोनयन गरिएको<br>२९४ जना सुमदायिक क्याम्पसमा अध्यनरत विद्यार्थीले शैक्षिक छात्रवृति प्राप्त गरेको। |
| प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार र प्रवर्धन गरिनेछ।"कमाउदैं सिक्दै, सिक्दै कमाउदैं" कार्यक्रमलाई सामुदायिक विद्यालयमा विस्तार गरिनेछ। | प्रदेशभित्रका ३० वटा सामुदायिक माध्यामिक विद्यालयमा "सिक्दै कमाउदैः कमाउदैं सिक्दै" कार्यक्रम सञ्चालन गरिएको। |
| "सिप सिकौं, स्वोजगार बनौं" भन्ने आदर्श वाक्यलाई मूर्तरुप दिन प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद् गठन गरी प्रदेशका व्यावसायिक तथा सिप विकास तालिम केन्द्रहरु सो परिषद् मातहत सञ्चालन गरिनेछ। विभिन्न तालिम र वैदेशिक रोजगारमार्फत् आर्जन गरर्का सिपलाई मान्यता प्रदान गर्न सिप परीक्षणको संस्थागत प्रबन्ध मिलाईनेछ। विप्रेषणलाई उत्पादनसँग जोड्न प्रोत्साहन गरिनेछ। | प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् नियमावली २०८० स्वीकृत<br>प्रदेश CTV ET स्थापना<br>विभिन्न क्षेत्र र लक्षित समूहको लागि सिपमुलक तालिम सञ्चालन। |
| विज्ञान तथा प्रविधिको विकास, अनुसन्धान, नवप्रवर्तन र आविष्कारका लागि विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोषको स्थापना गर्न कानूनी र संस्थागत व्यवस्था गरिनेछ। | विज्ञान प्रविधि तथा नवपर्वतन विकास कोष सम्वन्धी विधेयक प्रदेश सभामा पेश भएको<br>विज्ञान प्रविधि तथा नवप्रवर्तन सम्बन्धमा विद्यालय तहमा विद्यार्थीहरुको लागि अभिमुखीकरण गरिएको। |
| युवा उद्यमशीलता तथा रोजगार अभिवृद्धि कार्यक्रम सञ्चालन गरी युवालाई तालिम, सिप, बिउपुँजी | सरकारी तथा नीजि संस्थाहरुसँग सहकार्य गरी प्राविधिक जनशक्ति परिचालनका लागि निजि क्षेसँग सहकार्य गर्न |

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था उपलब्धि |
|---|---|
| (Start-up), प्रविधि र परामर्श उपलब्ध गराइनेछ। | छलफल तथा अन्तर्क्रिया गरिएको।<br>सिपमुलक तालिम सञ्चालन कार्यविधि स्वीकृत।<br>व्यावसायिक तथा सिप विकास तालिम केन्द्र र प्राविधिक शक्षा तथा व्यावसायिक तालिम परिषद् बागमती प्रदेश र प्रदेश युवा परिषदबाट तालिम सञ्चालन गरी करिव ५००० जना युवाले तालिम लिएको। |
| स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुदलाई संस्कृतिको रूपमा विकास गरिनेछ। राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धाका लागि सक्षम तथा व्यावसायिक खेलाडी तयार गर्न खेलकुद पूर्वाधारको विकास गर्दै प्रशिक्षणको व्यवस्था गरिनेछ। स्थानीय स्तरमा खेलकुदलाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ। | खेलकुद पूर्वाधारका लागि रङ्गशाला र कभर्डहल निर्माणमा निरन्तरता।<br>खेलाडी तथा प्रशिक्षकहरुको लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन ।<br>प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्पन्न।<br>प्रथम अन्तरप्रदेश खेलकुद प्रतियोगिता सम्पन्न।<br>चितवनमा निर्माधिन गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणको अनुदान उपलब्ध गराइएको। |
| गरिबी निवारणसम्बन्धी प्रादेशिक नीति तर्जुमा गरिनेछ। प्रदेशभित्र गरिब घर परिवार पहिचान तथा अभिलेखीकरणका लागि सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गरिनेछ। | खेलकुद पूर्वाधार निर्माण अन्तर्गत रङ्गशाला कभर्ड हल र खेलमैदान निर्माण कार्य भइरहेको। |
| गरिबी निवारणसम्बन्धी प्रादेशिक नीति तर्जुमा गरिनेछ। प्रदेशभित्र गरिब घर परिवार पहिचान तथा अभिलेखीकरणका लागि सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गरिनेछ। | चेपाङ समुदायको उत्थानका लागि चेपाङ चिउरी र चमेरो संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि स्वीकृत ।<br>६ स्थानीय तहसँको साझेदारीमा कार्यक्रम सञ्चालन। |
| प्रदेश भित्र बसोबास गर्ने विपन्न दलित समुदायको सशक्तीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। | विपन्न दलित सशक्तीकरण कार्यक्रम सञ्चालन कार्यविधि स्वीकृत।<br>८ स्थानीय तहसँको साझेदारीमा विपन्न दलित सशक्तीकरण कार्यक्रम सञ्चालन। |

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था उपलब्धि |
|---|---|
| महिला सशक्तीकरण तथा लैङ्गिक समानता सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछन्। लैङ्गिक हिंसा विरूद्ध शून्य सहनशीलताको नीति लिइनेछ। लैङ्गिक हिंसाबाट प्रभावितहरूको लागि उद्धार, राहत, मनोसामाजिक परामर्श र पुनर्स्थापनासम्बन्धी सामाजिक सुरक्षाका विशेष कार्यक्रम सञ्चालन गरिनेछ। | सिमान्तकृत समुदायका महिलाहरुको लागि सिपमूलक तालिम सञ्चालन भइरहेको।<br><br>१६ जना महिला पत्रकारहरुको लागि फेलोसिप कार्यक्रम सञ्चालन भएको।<br><br>सेफहाउसमा आश्रितहरुको संरक्षण र विकासका लागि सहयोग गरिएको।<br><br>१५ जना महिलाहरुको लागि मनोसामाजिक परामर्शकर्ताहरुको लागि तालिम सञ्चालन भइरहेको। |
| "गृहिणी महिलासँग प्रदेश सरकार" भन्ने मुल नाराकासाथ गृहिणीहरूलाई सशक्तीकरणगर्दै आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। उद्यमी महिलाहरूलाई प्रोत्साहन गर्ने नीति लिइनेछ। | गृहिणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि स्वीकृत<br><br>३५ स्थानीय तहसँगको साझेदारीमा गृहणी महिला सशक्तिकरण कार्यक्रम सञ्चालन। |
| बाल विकास र बाल अधिकारसम्बन्धी सरोकारवाला निकायको समन्वयमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ। आमा र बाबु दुवै नभएका बालबालिकाहरुको लागि सामाजिक सुरक्षा कार्यक्रमलाई स्थानीय तहसँगको सहकार्यमा निरन्तरता दिईनेछ। प्रदेश र स्थानीय तहको एउटै सन्देश, बाल विवाहमुक्त बागमती प्रदेश अभियानमा स्थानीय तहसँगको समन्वय र सहकार्य गरिनेछ। | स्थानीय तहमा वित्तीय हस्तान्तरणमार्फत् ११९ स्थानीय तहका बालबालिकाहरुले यो अवसर प्राप्त गरेको। |
| अपाङ्गतासम्बन्धी प्रादेशिक नीति तर्जुमा गरिनेछ। सबै सार्वजनिक संरचनाहरूलाई अपाङ्गतामैत्री बनाइनेछ। अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरणका लागि तालिम सञ्चालन गरी सिप, पुँजी र प्रविधि हस्तान्तरण गर्नुका साथै अपाङ्गता सहायता सामग्री र पुर्ण अशक्त अपाङ्गता भएकाहरूको लागि सहयोगी तत्ता उपलब्ध गराइनेछ। | अपाङ्गता सशक्तीकरणको लागि विभिन्न सङ्घसंस्थाहरुबाट तालिम सञ्चालन भएको। |

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था उपलब्धि |
|---|---|
| ज्येष्ठ नागरिकको संरक्षणको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। ज्येष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई प्रदेशको समृद्धिका लागि उपयोग गर्ने नीति लिइनेछ। | ज्येष्ठ नागरिकहरुको लागि आश्रम तथा वृद्धाश्रमहरु निर्माण।<br>ज्येष्ठ नागरिक नीति स्वीकृत। |
| साझेदारीको आधारमा सहयोगापेक्षी सडक मानवमुक्त बागमती प्रदेश अभियानलाई तीव्रता दिइनेछ। | सहयोगापेक्षी सडक मानवमुक्त प्रदेशका लागि विभिन्न संस्थाहरुलाई सहयोग र सहकार्य गरिएको।<br>सिमान्तकृत समुदायका महिलाहरुको सशक्तिकरणका लागि कार्यक्रम सञ्चालन<br>विभिन्न संस्थाहरुबाट सिपमुलक तालिम सञ्चालन गरिएको। |
| आर्थिक, सामाजिक, सांस्कृतिकरुपमा सीमान्तकृत (वनकरिया, चेपाङ, थामी, जिरेल, माझी, हायु, दनुवार, सुरेल, बोटेलगायत) महिलाहरुको सशक्तीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको सशक्तीकरणका लागि विशेष जोड दिइनेछ। | लैङ्गिक तथा अल्पसङ्यक सम्बन्धी नीति स्वीकृत<br>६५ जना लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरू तथा ८५ जना सरोकारवालाहरू लाभान्वित भएको |

**आ.व.२०८०/०८१को बजेट उपशीर्षकअनुसारको प्रगति विवरणः**

सामाजिक विकास मन्त्रालयले आ.व. २०८०/०८१मा प्रदेश तथा सङ्घीय स्रोततर्फ कुल विनियोजित बजेटको ७८.१९ प्रतिशत खर्च गरेको देखिन्छ जसमा चालूतर्फ ८०.६२ प्रतिशत तथा पूँजीगत ७१.२५ प्रतिशत खर्च भएको छ। सामाजिक विकास मन्त्रालय तथा अन्तर्गतको बजेट उपशीर्षकगत प्रदेश तथा सङ्घीय स्रोततर्फको खर्च विवरण निम्नानुसार रहेको छः

| क्र.सं. | बजेट उपशीर्षक | चालू खर्च | खर्च प्रतिशत | पूँजीगत खर्च | खर्च प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|
| १. | ३५०००३२०१३, सामाजिक विकास मन्त्रालय | २५३८६० | ५६.६६ | ९९१४ | ८५.८५ | |
| २. | ३५००१३२०३३, शिक्षा विकास निर्देशनालय | ५९१५२५ | ९१.४७ | २२६० | ९५.७२ | |
| ३. | ३५००३२६०१३, शिक्षा तालिम केन्द्र | ४७९९४ | ८५.१९ | ६५७५ | ७७.४ | |
| ४ | ३५०००२६०१३, सार्वजनिक निर्माण कार्यान्वयन इकाई | २२८९७४ | ८०.८ | २७३३०० | ४४.९३ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | काभ्रेपलाञ्चोक | | | | | |
| ५ | ३५०००३००११, सार्वजनिक निर्माण कार्यान्वयन इकाई धादिङ | २४६१७२ | ८६.१ | ४४६७५० | ७६.५१ | |
| ६ | ३५००४३००१३, व्यावसायिक तथा सिप विकास तालिम केन्द्र, धादिङ | ३५१४५ | ९०.८४ | ४०० | ६३.१५ | |
| ७ | ३५००४३२०१३, व्यावसायिक तथा सिप विकास तालिम केन्द्र, हेटौंडा | ६६४३१ | ९४.२२ | ३१०० | ९६.८१ | |
| ८ | ३५०००३२०६३,CTEVT बागमती प्रदेश कार्यालय | २४००० | ९९.४१ | ६८००० | १०० | |
| ९ | ३३७०४३५०१३, सहरी विकास तथा भवन कार्यालय, काठमाडौं | ० | ० | २०००० | ० | |
| | | १४९४१०१ | ८३.०७ | ८३०२९९ | ६६.४४ | |

**क्षेत्रगत मुख्य कार्यक्रमको प्रगति र आम्दानी विवरणः-**

**आर्थिक वर्ष २०८०/०८१ को क्षेत्रगत रूपमा सम्पादित मुख्य कार्यक्रमहरूको प्रगति/उपलब्धि सूचकको विवरणः**

| क्र.सं. | क्षेत्र | कार्यक्रमको नाम | एकाई | उपलब्धि विवरण | कै. |
|---|---|---|---|---|---|
| १. | भौतिक पूर्वाधार | • आवासीय विद्यालय निर्माण<br>• दुई कोठे भवन निर्माण<br>• दुई कोठे शौचालय<br>• विद्यालयमा स्वच्छ खानेपानी व्यवस्थापन<br>• विद्यालय घेरावारा निर्माण<br>• भौतिक पूर्वाधार निर्माण<br>• ज्येष्ठ नागरिक आश्रम निर्माण<br>• सामुदायिक भवन निर्माण | वटा | २ आवासीय विद्यालय<br>७४ वटा दुई कोठे विद्यालय भवनको निर्माण<br>२१ विद्यालयमा दुई कोठे शौचालय निर्माण<br>१२ विद्यालयको लागि खानेपानी व्यवस्थापनका लागि निर्माण<br>१८१ वटा विद्यालयको विद्यालय घेराबार कार्य सम्पन्न भएको<br>२१ आटा जेष्ठ नागरिक र सामुदायिक भवन निर्माण<br>२५ विद्यालयको भौतिक पूर्वाधार निर्माण<br>२५ सामुदायिक विद्यालयहरूलाई विपद् व्यवस्थापन सहयोग | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | सामाजिक विकास | • गृहणी महिला सशक्तिकरण कार्यक्रम<br>• विपन्न दलित सशक्तिकरण<br>• चेपाङ् समुदायको उत्थानका लागि चिउरी र चमेरो संरक्षण कार्यक्रम<br>• अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायता सामग्री वितरण<br>• विद्यार्थी केन्द्रीत व्यवस्थापन सुधार र शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन<br>• अनिवार्य तथा निःशूल्क शिक्षा<br>• सिक्दे कमाउदैं: कमाउदैं सिक्दै कार्यक्रम सञ्चालन<br>• ज्येष्ठ नागरिकहरुको संरक्षण र विकास<br>• बालबालिकाको संरक्षण र विकास<br>• मनोपरामर्श तालिम<br>• लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूदायको नेतृत्व क्षमता विकास<br>• सिपमुलक तालिम सञ्चालन | | पैत्तीस ओटा स्थानीय तहसँगको साझेदारीमा गृहणी महिलाहरुको सशक्तीकरण कार्यक्रम सञ्चालन भएको<br>आठ ओटा स्थानीय तहसँगको साझेदारीमा दलित समुदायको लागि सशक्तिकरण कार्यक्रम सञ्चालन<br>चेपाङ् जातिको बाहुल्यता भएका गजुरी , बेनिघाट रोराङ, इच्छाकामना र राक्सिराङ गाउँपालिका, कालिका र रासी नगरपालिकासँग साझेदारीमा कार्यक्रम सञ्चालन<br>अपाङ्गता भएका व्यक्तिहरुको लागि ह्विल चियर ,कृतिम खुट्टा ,कृतिम हात , स्ट्याण्डीङ फ्रेम लगायतका सहायता सामाग्री वितरण गरिएको,<br>ज्येष्ठ नागरिक आश्रम तथा अपाङ्गता भएका व्यक्तिहरूको स्याहार केन्द्रमा कार्यरत ६० जना स्याहारर्तालाई तालिम लिइएको<br>तीन सय ७५ विद्यालयहरुमा शेषिक गुणस्तरीय अभिवृद्धिका लागि अनुदान सहयोग<br>बागमती प्रदेशका १८ वटा स्थानीय तहहरूमा अनिवार्य तथा निःशूल्क शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरी १७ स्थानीय तह घोषणा<br>बालसुधार गृहका ९० जना बालबालिकाहरूका जीवनोपयोगी सिपयुक्त तालिम सञ्चालन<br>अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुबाटै सञ्चालन भइरहेका ४० वटा संस्थाबाट 935 जना अपाङ्गता | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | भएका व्यक्तिहरु विभिन्न तालिम लिई लाभान्वित भएका ,<br>१५ जना महिलाहरूको छनोट गरी ६ महिना अवधिको तालिम सञ्चालन भइरहेको<br>लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूदायको नेतृत्व क्षमता विकास कार्यक्रमबाट ६५ जना लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरू तथा ८५ जना सरोकारवालाहरू लाभान्वित भएका,<br>ज्येष्ठ नागरिक आश्रम तथा अपाङ्गता भएका व्यक्तिहरूको स्याहार केन्द्रमा कार्यरत ६० जना स्याहारर्तालाई तालिम लिइएको | |

**आर्थिक वर्ष २०८०/०८१ को आम्दानीः**

| क.सं. | राजश्व शीर्षक | आम्दानी (रु. हजारमा) |
|---|---|---|
| १. | परीक्षा शूल्क | ८०१.७ |
| २. | अन्य प्रशासनिक सेवा | ९२५६.८ |
| ३. | बेरुजू | २७६८.९ |
| ४. | शिक्षा क्षेत्रको आम्दानी | ६०६.३ |
| ५. | प्रशासनिक दण्ड जरिवाना र जफत | ११७८३. |
| ६. | अन्य विक्रिबाट प्राप्त रकम | १४३.४ |
| ७. | निकासा फिर्ता | ९०.२ |
| | **जम्मा** | **२५४५०.३** |

**सुशासन ऐन, २०७७ को दफा ४२ (२) बमोजिम मन्त्रालय/निकाय तथा मातहतका कार्यालयहरुमा सुशासन कायम गर्न गरेका सुधारका कार्यक्रम र त्यसबाट प्राप्त परिमाणः**

| क.सं. | सुधारका क्षेत्रहरु | सुधारका कार्यक्रमहरु | प्राप्त परिमाणको विवरण |
|---|---|---|---|
| १ | | पूर्व तयारी, भाषा शिक्षण र शैक्षिक परामर्श सेवा सञ्चालन गर्ने संस्थाहरू अनलाइन मार्फत दर्ता हुने व्यवस्था गरिएको | २०८० साउनदेखि अनलाइन रजिष्ट्रेशन शुरूवात भएको<br>सेवाग्राहीलाई आवेदन पेस गर्न सहज हुनुका साथै कार्यालयमा हुने भिडभाड कम भएको |

| | | | |
|---|---|---|---|
| | सुशासन | Online/ Moodle मा आधारित तालिम सञ्चालन गरिएको | शिक्षक तालिममा शिक्षकहरूको सहभागितामा वृद्धि हुनुका साथै घर वा विद्यालयमा बसेर तालिम लिन अवसर प्राप्त भएको |
| | | विद्यालयका प्रस्तावहरू अनलाइन मार्फत लिने व्यवस्था | प्रस्तावहरू अनलाइ मार्फत गर्दा विद्यालयहरूलाई सहज भएको |
| | | सामुदायिक क्याम्पसमा अध्ययनरत छात्राहरूलाई दिने छात्रवृत्ति अनलाइन मार्फत निवेदन लिने गरेको | छात्राहरूको छात्रवृत्तिमा पहुँचमा वृद्धि सहज र सरलरूपमा सेवा प्राप्त गरेको |
| २ | सेवा प्रवाह | मन्त्रालय, शिक्षा विकास निर्देनालय र सार्वजनिक निर्माण कार्यान्वयन इकाईबाट प्रदान गरिने सेवा अन्तर्गत विद्यालयहरूसँग गरिने सम्झौता कार्यालयका अतिरिक्त थप स्थानबाट गरिएको। | सेवाग्राहीलाई सहज भएको निर्देशनालयले गरेको अनलाइन सेवाग्राही सन्तुष्टि सर्वेक्षणमा सहभागी ३०० जना मध्ये अत्याधिक सहभागीहरू सेवाबाट सन्तुष्टि भएको पाइएको |
| | | सङ्घसंस्था एवम् विद्यालयहरूको छनोट गर्दा सार्वजनिक सूचनाको प्रकाशन गरी मापदण्डका आधारमा गरिने गरेको। | सूचनामा सरोकारवालाहरूको पहुँचमा वृद्धि पारदर्शिता र जवाफदेहिता लक्षित समूह लाभ लिन सफल देखिएको। |
| | | सङ्घ र स्थानीय तह र अन्तरमन्त्रालय तथा निकायहरूसँग समन्वय गर्ने गरिएको | सेवा प्रवाहमा दोहोरोपनामा कमी स्रोत साधनको उचित उपयोग |
| ३ | गुनासको व्यवस्थापन | सूचना अधिकारी, गुनासो अधिकारी र प्रवक्ताको व्यवस्था गरिएको | सेवाग्राहीहरूका गुनासा समयमा नै सम्बोधन हुने गरेको। |

**प्रदेश सुशासन ऐन, २०७७ र नियमावली, ०७७ बमोजिम मन्त्रालय/निकायले गर्नुपर्ने कार्यजिम्मेवारी (सचिवको) र सोसम्बन्धमा भएका प्रगतिः**

| क्र.सं. | ऐन तथा नियमालीले तोकेका कार्यजिम्मेवारी | सम्पादन भएको काम/प्रगति | कैफियत |
|---|---|---|---|
| १. | मन्त्रालय अन्तर्गतका निर्देशनालय,कार्यालयको काम कारवाहीको आवश्यक सुपरीवेक्षण वा नियन्त्रण गर्ने र निर्देशन गर्ने | मातहतका कार्यालयहरुको सुपरीवेक्षण गरी पृष्ठपोषण दिदाँ आयोजनहरु समसमयमा सम्पन्न गर्ने सफलता मिलेको | |
| २. | प्रदेश सरकारले स्वीकृत गरेका नीति र कार्यक्रम कार्यान्वयन गर्ने | प्रदेश सरकराको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यनान्वयन भई लक्षित सुमदायलाई लाभ पुगेको | |
| ३ | मन्त्रालय र माहतका निकायहरुले प्रत्येक महिना सम्पादन गरेको कामको प्रतिवेदन | त्रैमासिक रुपमा प्रतिवेदन तयार गरी पेश गर्ने गरेको | |

| | | | |
|---|---|---|---|
| | तोकिए बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय समक्ष पेश गर्ने | | |
| ४ | मन्त्रालयबाट वर्षभरीमा सम्पादन गरिएका प्रमुख काम कारवहीका बारेमा वार्षिक प्रतिवेदन तयार गरी मन्त्रि समक्ष पेश गर्ने | वार्षिक प्रतिवेदन प्रकाशन गरी सरोकारवालाहरुसँग वितरण र परवोधिकरण गर्दा सूचना प्रवाह हुने गरको | |
| ५ | मन्त्रालय वा मातहतका निकाबाट सञ्चालन भएका आयोजनाको समय समयमा नीरिक्षण गरी आवश्यक निर्देशन दिने | निरन्तर भइरहेको जसबाट लक्ष्य बमोझसक प्रगित प्राप्त हुन गएको। राष्ट्रलाई थप दायित्व पर्न नगएको | |
| ६ | कार्यालयबाट जनसाधरणलाई प्रदान गरिने सेवालाई प्रभावारी बनाउने (कार्यालय प्रमुख) | सेवा प्रवाहलाई लक्षित सुमदायसम्म पुर्याउन प्रदेशका विभिन्न जिल्लामा पुगी अभिमुखीकरण तथा संझौता गर्दा समय र लागत कम पर्न गएको। | |

**मन्त्रालय/निकायगत सबल पक्षहरु, कमीकमजोरीहरु, मन्त्रालयगत/निकायगत अवसरहरु र चूनौतीहरु**

| सबल पक्षहरु | कमीकमजोरीहरु | अवसरहरु | चुनौतीहरु |
|---|---|---|---|
| कार्य सम्पादनमा सामूहिक रुपमा कार्य गर्ने।<br>जिम्मेवारी बोधका साथ कार्य सम्पादन गर्ने।<br>प्रगती राम्रो रहेको।<br>पारदर्शिताका लागि बुलेटिन , वेवसाइट र सूचनाकोहकको कार्यान्वयन गर्ने गरेको। | कार्यजिम्मेवारी बमोजिम जनशक्तिको कमी हुनु।<br>कार्य सम्पादनका लागि जिल्लामा संरचना नहुनु।<br>बजेटको सुनिश्चतता गर्नु। | प्रदेश भित्र चारस्थानमा मातहतका कार्यालयहरु स्थापना हुनु।<br>जनशक्तिको अनुभवमा बढोत्तरी<br>नीति तथा कानूनहरुको तर्जुमा गरिनु। | प्रयाप्त मात्रामा योग्य जनशक्तिको व्यवस्था गर्नु<br>बहुवर्षिय आयोजनाहरुको लागि समयमा सम्पन्न गर्नु<br>समयमै ऐन/कानून तर्जुमा हुन नसक्नु। |

**सेवा प्रवाह सुधारका लागि गरेका प्रयासहरुः-**

| क.सं. | समस्या | समाधानका प्रयासहरु |
|---|---|---|
| १ | बहुवर्षीय आयोजनाहरूको कार्य सम्पादन अपेक्षितरूपमा हुन नसक्नु | सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन समयमा स्वीकृत गराउन पहल गरिएको |
| २ | बहुवर्षीय/क्रमागत आयोजनाहरूमा आवश्यक बजेटको सुनिश्चतता नहुनु | बजेटको सुनिश्चतता नहुदाँ कतिपय आयोजनाहरु वार्षिक रुपमा खरिद प्रक्रिया अगाडि बढाइएको |
| ३ | कार्य जिम्मेवारी भित्र पर्ने क्षेत्रमा नीतिगत तथा कानुनी व्यवस्था नहुँदा कार्य सम्पादनमा अस्पटता | सङ्घ र स्थानीय तह र अन्तरमन्त्रालय तथा निकायहरूसँग समन्वय गर्ने गरिएको<br>कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने गरिएको |
| ४ | प्रयाप्त जनशक्तिको कमी | उपलब्ध जनशक्तिको उचित परिचालन गरिएको र अनलाइन पद्धती मार्फत सेवा प्रवाह गरिएको |

**आगामी दिनमा गर्नुपर्ने कानूनी, नीतिगत, संस्थागत, प्रणालीगतलगायतका सुधारका विषयहरु**

| कानुनी सुधार | नीतिगत सुधार | संस्थागत सुधार | प्रणालीगत सुधार |
|---|---|---|---|
| कार्य जिम्मेवारीको क्षेत्रमा कानूनहरुको तर्जुमा गर्नुपर्ने | बहुवर्षिय आयोजना बनाउँदा अनिवार्यरुपमा लाभ विश्लेषण गर्नुपर्ने व्यवस्था गर्ने | संस्थागत क्षमता अभिवृद्धि गर्न | नतिजामूखी कार्यक्रममा जोड दिने |
| साझा अधिकारको क्षेत्रमा सघीय सरकारसँग समन्वय गरी कानून तर्जुमा गर्नु | लगानीका क्षेत्रहरुको पहिचान गरी योजनबद्धरुपमा कार्यक्रम सञ्चालन गरिनुपर्ने | सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगमा जोड दिने | |

**उपसंहार**

मन्त्रालयले आफ्नो कार्यजिम्मेवारी अन्तर्गत भित्र रहेर कार्यसम्पादन गर्दै आएको छ। विगत छ वर्ष देखि मन्त्रालयबाट उल्लेखनीय कार्यहरु गरी मन्त्रालयले आफ्नो पहिचान कायम सफल भएको छ। पर्याप्त जनशक्तिको अभावका बावजुद मन्त्रालयको कार्य जिम्मेवारी भित्र रहेका क्षेत्रमा कार्यसम्पादन गर्दै आएको छ।मानव विकास सूचाङ्कको बढोत्तरीमा यस मन्त्रालयको कार्य सम्पादनमा थप सहयोग पुग्ने भएकोले आगामी दिनमा थप प्रभावकारीताका साथ लक्षित वर्गको लागि उपयोगी र गुणस्तरीय शिक्षामा सहयोग पुगे कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ।

## १०. श्रम, रोजगार तथा यातायात मन्त्रालय

प्रदेशको श्रम, रोजगार र यातायातका क्षेत्रमा नीतिगत काम श्रम, रोजगार तथा यातायात मन्त्रालय गर्ने गरी स्थापना भएको यस मन्त्रालयअन्तर्गत कुल १२ वटा कार्यालयहरू रहेका छन्।यस मन्त्रालय तथा अन्तर्गतका कार्यालय गरी कुल ४०५ दरबन्दी रहेकोमा २६९ जनाको पदपूर्ति भएको छ। मन्त्रालय तथा अन्तर्गतको स्वीकृत दरबन्दी तथा पदपूर्तिको अवस्था निम्नानुसार रहेको छः-

| स्वीकृत दरबन्दी | | | पदपूर्ति विवरण | | |
|---|---|---|---|---|---|
| अधिकृत तह | सहायकस्तर | श्रेणीविहीन | अधिकृत तह | सहायकस्तर | श्रेणीविहीन |
| ८१ | २५७ | ६७ | ६८ | १७४ | २७ |

**आ.व .२०८०/०८१को प्रदेश सरकारको नीति तथा कार्यक्रम अन्तरगत मन्त्रालयको प्रगति विवरण**

| नीतिगत तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलब्धि |
|---|---|
| प्रदेश सवारी तथा यातायात रीति तर्जुमा गरिनेछ। प्रदेशका प्रमुख शहर र लोकमार्गमा विद्युतीय सवारी साधनका लागि Charging Station सहितको एकीकृत स्मार्ट रिफ्रेस एण्ड ट्रान्सफर सेन्टर सञ्चालनमा ल्याइनेछ। | Bid बोलपत्र आह्वान गरी मूल्याङ्कन भए पश्चा एउटा पक्ष PPRC मा Review निवेदन गरेकोले समय अभाव भई Bid Cancel हुन पुगेको। |
| पेट्रोलियम पदार्थमा रहेको अत्याधिक निर्भरता कम गर्न विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्सहन गरिनेछ। इन्धनबाट सञ्चालन हुने सवारी साधनलाई विद्युतीय सवारी साधनमा रूपान्तरण गर्ने कार्यलाई प्रोत्साहन गर्न नीतिगत व्यवस्था मिलाइनेछ। | ऐन संशोधन सम्बोधन गर्ने गरी मस्यौदा तयार भएको। |
| सवारी चालक अनुमतिपत्रको परीक्षालाई थप व्यवस्थित बनाउँदै ट्रायल सेन्टरहरूमा क्रमशः स्वचालित प्रणाली लागु गरिनेछ। सवारी साधन र चालक अनुमतिपत्र लगायत यातायात व्यवस्था कार्यालयबाट प्रवाह गरिने सेवालाई डिजिटाइजेसन गरी सरल र सहज बनाइनेछ। सार्वजनिक यातायातलाई भरपर्दो तथा सुरक्षित बनाउँदै विद्युतीय भुक्तानी (Cashless) प्रणाली लागु गरिनेछ। | सम्भाव्यता सम्बन्धमा सरोकारवालाहरुसँग छलफल भएको। |
| सङ्घीय सरकारसँगको सहकार्य र समन्वयमा सवारी चालक अनुमतिपत्रको स्मार्ट कार्ड छपाई तथा वितरण प्रदेशबाटै हुने व्यवस्था मिलाइनेछ। | समन्वय गरी बागमती प्रदेशको आफ्नै EDLVRS प्रणाली बनाउने तर्फ तयार भै रहेको |
| सार्वजनिक यातायातलाई सुरक्षित र मर्यादित बनाउन सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरिनेछ। श्रमिकहरूलाई थप उत्प्रेरित गर्न अभियान सञ्चालन गरिनेछ। सार्वजनिक यातायातमा महिलाहरूको रोजगारीलाई प्रवर्धन गरिनेछ। | ९१ महिला चालक उत्पादन भएको। |
| वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूको ज्ञान, सीप र | वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूलाई |

| नीतिगत तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलब्धि |
| --- | --- |
| क्षमतालाई उपरोग गरी उत्पदनको बजारीकरण गर्ने नीति लिइनेछ। वैदेशिक रोजगारीबाट समस्यामा परी फर्केका श्रमिकहरूको पुनःस्थापनालाई प्राथमिकतामा राखिनेछ। | सीपमूलक तालिम प्रदान गरिएको। |
| बागमती प्रदेशलाई श्रमिकमैत्री प्रदेशका रूपमा विकास गरिनेछ। प्रदेश भित्रका सबै मजदुर, श्रमिकहरूको पञ्जीकरण गर्ने व्यवस्था मिलाइनेछ। सामाजिक सुरक्षाको दायरा विस्तार गरि अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूलाई सामाजिक सुरक्षामा समावेश गरिनेछ। | सम्बन्धित पक्षहरूसँग छलफल भएको। |
| अन्य प्रदेशमा दर्ता भएका सवारी साधनहरूलाई सहजताका साथ यस प्रदेशमा दर्ता गर्ने व्यवस्था मिलाउन अन्तरप्रदेश समन्वय गरिनेछ। | अन्तर प्रदेश सवारी दर्ता कार्यविधि तयार भई स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश भएको। |
| प्रदेश सवारी तथा यातायात रीति तर्जुमा गरिनेछ। प्रदेशका प्रमुख शहर र लोकमार्गमा विद्युतीय सवारी साधनका लागि Charging Station सहितको एकीकृत स्मार्ट रिफ्रेस एण्ड ट्रान्सफर सेन्टर सञ्चालनमा ल्याइनेछ। | Bid बोलपत्र आह्वान गरी मूल्याङ्कन भए पश्चा एउटा पक्ष PPRC मा Review निवेदन गरेकोले समय अभाव भई Bid Cancel हुन पुगेको। |
| पेट्रोलियम पदार्थमा रहेको अत्याधिक निर्भरता कम गर्न विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्सहन गरिनेछ। इन्धनबाट सञ्चालन हुने सवारी साधनलाई विद्युतीय सवारी साधनमा रूपान्तरण गर्ने कार्यलाई प्रोत्साहन गर्न नीतिगत व्यवस्था मिलाइनेछ। | ऐन संशोधन सम्बोधन गर्ने गरी मस्यौदा तयार भएको। |
| सवारी चालक अनुमतिपत्रको परीक्षालाई थप व्यवस्थित बनाउँदै ट्रायल सेन्टरहरूमा क्रमशः स्वचालित प्रणाली लागु गरिनेछ। सवारी साधन र चालक अनुमतिपत्र लगायत यातायात व्यवस्था कार्यालयबाट प्रवाह गरिने सेवालाई डिजिटाइजेसन गरी सरल र सहज बनाइनेछ। सार्वजनिक यातायातलाई भरपर्दो तथा सुरक्षित बनाउँदै विद्युतीय भुक्तानी (Cashless) प्रणाली लागु गरिनेछ। | सम्भाव्यता सम्बन्धमा सरोकारवालाहरुसँग छलफल भएको। |
| सङ्घीय सरकारसँगको सहकार्य र समन्वयमा सवारी चालक अनुमतिपत्रको स्मार्ट कार्ड छपाई तथा वितरण प्रदेशबाटै हुने व्यवस्था मिलाइनेछ। | समन्वय गरी बागमती प्रदेशको आफ्नै EDLVRS प्रणाली बनाउने तर्फ तयार भै रहेको |
| सार्वजनिक यातायातलाई सुरक्षित र मर्यादित बनाउन सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरिनेछ। श्रमिकहरूलाई थप उत्प्रेरित गर्न अभियान सञ्चालन गरिनेछ। सार्वजनिक यातायातमा महिलाहरूको रोजगारीलाई प्रवर्धन | ९१ महिला चालक उत्पादन भएको। |

| नीतिगत तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलब्धि |
|---|---|
| गरिनेछ। | |
| वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूको ज्ञान, सीप र क्षमतालाई उपरोग गरी उत्पदनको बजारीकरण गर्ने नीति लिइनेछ। वैदेशिक रोजगारीबाट समस्यामा परी फर्केका श्रमिकहरूको पुनःस्थापनालाई प्राथमिकतामा राखिनेछ। | वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूलाई सीपमूलक तालिम प्रदान गरिएको। |
| बागमती प्रदेशलाई श्रमिकमैत्री प्रदेशका रूपमा विकास गरिनेछ। प्रदेश भित्रका सबै मजदुर, श्रमिकहरूको पञ्जीकरण गर्ने व्यवस्था मिलाइनेछ। सामाजिक सुरक्षाको दायरा विस्तार गरि अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूलाई सामाजिक सुरक्षामा समावेश गरिनेछ। | सम्बन्धित पक्षहरूसँग छलफल भएको। |

आ.व. २०८०/०८१मा मन्त्रालयको कुल विनियोजित बजेटको ५६.२७ प्रतिशत खर्च भएको छ। जसमा चालूतर्फ ७३.१७ प्रतिशत र पूँजीगत खर्च १८.१७ प्रतिशत रहेको छ। मन्त्रालय तथा अन्तर्गतको बजेट उपशीर्षकअनुसारको प्रगति विवरण निम्नअनुसार रहेको छः-

**आ.व.२०८०/०८१ को बजेट उपशीर्षक अनुसारको प्रगति विवरणः -**

| क्र.सं. | बजेट उपशीर्षक | चालू खर्च | खर्च प्रतिशत | पूँजीगत खर्च | खर्च प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|
| १ | ३७१००३२०१३/१४ | ३५,३०९.८६ | ३९.५ | २३,९४२.७९ | १०.७५ | |
| २ | ३७१००३४०२३/२४ | ६२,७९२.८१ | ८६.५७ | १,१८४.६१ | ९८.७२ | |
| ३ | ३७१००३५०१३/१४ | ५६,६३९.५५ | ७८.०७ | १,९१८.९४ | ९८.४१ | |
| ४ | ३७१००३४०१३/१४ | ४६,८३५.४२ | ७५.८८ | ३,७४९.४१ | ९९.९८ | |
| ५ | ३७१००३३०१३/१४ | ३७,१५४.५७ | ९१.९२ | १,४३१.९१ | ८९.४९ | |
| ६ | ३७१००३५०३३/३४ | ४०,४४५.९४ | ९८.८३ | १,९०९.९८ | १००. | |
| ७ | ३७१००३५०२३/२४ | ३७,५०२.९९ | ९६.५३ | ९५९.२६ | ६८.५२ | |
| ८ | ३७१००३२०२३/२४ | १९,०३९.८७ | ५९.८१ | ३६६.९३ | ३०.४५ | |
| ९ | ३७१००३१०१३/१४ | २४,४८२.६४ | ६८.९७ | ३,१२०.०० | १००. | |
| १० | ३७१००२५०१३/१४ | १२,३१९.४८ | ४५.४६ | ७९४.९ | ६९.१२ | |
| ११ | ३७१००२६०१३/१४ | २,४७०.१८ | ४७.१२ | ३,०३६.४६ | ९९.२३ | |
| १२ | ३७१००३३०२३/२४ | १४,१९१.७८ | ८१.९४ | १,१४५.३५ | ९१.६३ | |
| १३ | ३७१००३५०४३/४४ | १४,०९३.७७ | ७८.४७ | १,०४६.२८ | ९९.६५ | |

**क्षेत्रगत मुख्य कार्यक्रमको प्रगति र आम्दानी विवरणः**

**आर्थिक वर्ष २०८०/०८१को आम्दानीः**

| क्र.सं. | राजश्व शीर्षक | आम्दानी (रु. हजारमा) |
|---|---|---|

| | | |
|---|---|---|
| १ | परीक्षा शूल्क | १३०३.०० |
| २ | यातायात क्षेत्रको आम्दानी | ७३१२१८.७६ |
| ३ | अन्य प्रशासनिक सेवा शूल्क | ११८७४.६१ |
| ४ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ११११११.६१ |
| ५ | चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | १९२४७३८.०५ |
| ६ | प्रशासनिक दण्ड,जरिवाना र जफत | ८१६.५९ |
| ७ | बेरूजू | २०३.८९ |
| | जम्माः | २६८१२६६.५१ |

**सुशासन तथा सेवा प्रवाहमा सुधार ल्याउन भएका प्रयासहरू र उपलब्धीहरूः**

| क्र.सं. | प्रयास | उपलब्धी | कै. |
|---|---|---|---|
| १ | अनलाइन पटके (अस्थायी) बाटो इजाजत पत्र भुक्तानी प्रणाली। | पटके (अस्थायी) बाटो इजाजत पत्र अनलाइन भुक्तानी प्रणाली सञ्चालन भएकोले सेवाग्राहीहरू कार्यालयमा आउनुपर्ने बाध्यता हटेको। | |
| २ | सवारी साधन सम्बन्धी अभिलेखहरुको डिजिटाइजेसन र आर्काइभिङ। | डिजिटाइजेशनको लागि जनशक्ति (डाटाइन्ट्रकर्ता) भर्ना छनौट अन्तिम चरणमा रहेको। | |
| ३ | Bagamati VRS सञ्चालन। | सवारी कर, राजश्व, नवीकरण दस्तुर अनलाइन प्रणालीबाट सङ्कलन भईरहेको। | |

**कार्यक्रम कार्यान्वयनमा रहेका नीतिगत तथा प्रशासनिक समस्याहरूः**

(क) कार्यविधि निर्माणमा विभिन्न निकायसँग समन्वय गरी गर्नुपर्ने भएकोले प्रक्रियागत समय बढी लाग्ने।

(ख) यातायात व्यवस्था कार्यालयहरुको भवन निर्माणमा बजेट विनियोजन भएता पनि जग्गा प्राप्त गर्न समस्या रहनु।

(ग) सङ्घीय निकायबाट यातायात सम्बद्ध प्रणालीहरु प्रदेशमा हस्तान्तरण नहुनु तथा प्रणालीमा पहुँच नुहुनु।

## ११. युवा तथा खेलकुद मन्त्रालयः

बागमती प्रदेश सरकारको नीति अनुरूप युवा तथा खेलकुदसम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धन, खेलकुदसम्बन्धी संस्थाको नियमन, प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना, राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागिता लगायत युवा तथा खेलकुदसम्बन्धी अन्य गतिविधिहरूको यस मन्त्रालयको कार्यजिम्मेवारी भित्र पर्दछ। यस मन्त्रालयअन्तर्गत कुल ३६ वटा दरवन्दी रहेकोमा २२ जनाको पदपूर्ति भएको छ। यसअन्तर्गत प्रदेश खेलकुद विकास परिषद् र प्रदेश युवा परिषद् रहेका छन्। मन्त्रालय तथा अन्तर्गतको स्वीकृत दरबन्दी तथा पदपूर्तिको अवस्था निम्नानुसार रहेको छ।

| स्वीकृत दरबन्दी | | | | पदपूर्ति दरबन्दी | | |
|---|---|---|---|---|---|---|
| कार्यालय | अधिकृत तह | सहायकस्तर | श्रेणीविहीन | अधिकृत तह | सहायकस्तर | श्रेणीविहीन |
| मन्त्रालय | ६ | ३ | ५ | ४ | ० | ४ |
| प्र.खे.वि.प. | ४ | ५ | ४ | १ | २ | ३ |
| प्र.यु.प. | २ | ३ | ४ | १ | ३ | ४ |
| जम्मा | १२ | ११ | १३ | ६ | ५ | ११ |

**आ.व. २०८०/०८१को प्रदेश सरकारको नीति तथा कार्यक्रमअन्तर्गत मन्त्रालयको प्रगति विवरणः**

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलब्धि |
|---|---|
| स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुदलाई संस्कृतिको रूपमा विकास गरिनेछ। राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धाका लागि सक्षम तथा व्यावसायिक खेलाडी तयार गर्न खेलकुद पूर्वाधारको विकास गर्दै प्रशिक्षणको व्यवस्था गरिनेछ। स्थानीय स्तरमा खेलकुदलाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ। | खेलकुद पूर्वाधारका लागि रङ्गशाला र कभर्डहल निर्माणमा निरन्तरता<br>खेलाडी तथा प्रशिक्षकहरुको लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन<br>प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्पन्न<br>प्रथम अन्तरप्रदेश खेलकुद प्रतियोगिता सम्पन्न<br>चितवनमा निर्माधिन गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणको अनुदान उपलब्ध गराइएको |

**मन्त्रालय तथा अन्तर्गतका बजेट उपशीर्षकअनुसारको खर्चको प्रगति विवरण निम्नानुसार छः-**

| क्र.स | बजेट उपशीर्षक | चालू खर्च | खर्च प्रतिशत | पूँजीगत खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | यु.प.३५०००१६ | १३९६८४१०७.०० | ७८.५७ | ४६२४२४ | ७७.०७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३५०९११४६ | १६२००८६७ | ५६.५६ | | |
| | ३५०९११४३ | ६६६३३६ | ३७.०२ | | |
| २. | प्र.खे.वि.प. ३५०००१७ | १८२१४९०२३ | ९३.४२ | ७८४१९६७९ | ९३.६१ |
| | ३५०९११४२ | ८००६२०० | ९८.८४ | | |
| ३. | मन्त्रालय ३५०००११ | ६८०८८७ | ९०.५४ | ९९४७१६ | ९९.४७ |

यस मन्त्रालयको स्थापना २०८१ जेठ २ गतेको निर्णयअनुसार स्थापना भएको हो। यस मन्त्रालयबाट भएका मुख्य-मुख्य कार्यहरु तथा उपलब्धिको विवरण निम्नअनुसार रहेको छ।

क) आ.व. २०८०/०८१मा देहायअनुसारका कार्यविधिहरु स्वीकृत भएकाः-

खेलकुद विकासका लागि सहयोग तथा अनुदान कार्यविधि, २०८०

जिल्ला खेलकुद विकास समितिको कार्यालयमार्फत् विविध खेलकुद क्रियाकलाप सञ्चालन कार्यविधि, २०८०

खेल सामाग्री खरिद तथा वितरण कार्यविधि, २०८०

स्वयंसेवक प्रशिक्षक परिचालन कार्यविधि, २०८०

अन्तरप्रदेश राष्ट्रिय खेलकुद सञ्चालन कार्यविधि, २०८०

युवा परिषद्तर्फः

- ५ हजार युवालाई सिपमूलक तालिम प्रदान गरी रोजगार उन्मुख गराईएको।
- ६०० युवालाई मानव बेचबिखन तथा महिला हिंसासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिएको।
- १०+२ अध्ययनरत ५०० जना किशोरीहरुलाई आत्मरक्षासम्बन्धी तालिम सञ्चालन गरिएको।
- युवामैत्री स्थानीय तह घोषणा गर्नका लागि नगर प्रमुख, उपप्रमुख तथा अध्यक्ष, उपाध्यक्षहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।
- चितवन र मकवानपुरमा नमूना संसद अभ्यास कार्यक्रम सञ्चालन गरिएको।

प्रदेश खेलकुद विकास परिषद्तर्फः

- राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता, २०८० सञ्चालन गरिएकोः सातै प्रदेशको सहभागितामा सञ्चालित कार्यक्रममा बागमती प्रदेशले द्धित्तीय स्थान हासिल गर्न सफल भएको।
- प्रथम अन्तरप्रदेश राष्ट्रिय खेदकुद, २०८० सञ्चालन गरिएकोः सातै प्रदेशको सहभागितामा सञ्चालित कार्यक्रममा बागमती प्रदेशले प्रथम स्थान हासिल गर्न सफल भएको।
- तीन जिल्ला क्रमशः धादिङ, काभ्रे र सिन्धुली जिल्ला खेलकुद विकास समितिको कार्यालय भवन निर्माण सम्पन्न गरी विधिवत उद्घाटन तथा हस्तान्तरण गरिएको।
- गौरीटार रङ्गशाला परिसरमा अन्तर्राष्ट्रिय मापदण्डको पाराफिटसहितको स्वीमिङ पुल र क्रिकेट मैदान निर्माणका लागि ठेक्का लगाई निर्माण कार्य शुरू गरिएको छ।
- विभिन्न खेल विधाका २६ जना स्यवंसेवक प्रशिक्षकहरुको नियुक्ति तथा परिचालन गरिएको।
- उद्यमशीलता प्रवर्द्धनका लागि खोजमुलक अनुसन्धान कार्य भएको।

## १२. उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले उद्योग, वाणिज्य र भूमि क्षेत्रसम्बन्धी प्रदेशस्तरमा नीतिगत कार्य गर्दछ। यस मन्त्रालयअन्तर्गत कुल १५ वटा कार्यालयमा कुल २१४ जनाको दरबन्दी रहेकोमा १३८ जनाको पदपूर्ति भएको छ। मन्त्रालय तथा अन्तर्गतको स्वीकृत दरबन्दी तथा पदपूर्तिको अवस्था निम्नानुसार रहेको छ।

| स्वीकृत दरबन्दी | | | | पदपूर्ति दरबन्दी | | |
|---|---|---|---|---|---|---|
| कार्यालय | अधिकृत तह | सहायकस्तर | श्रेणीविहीन | अधिकृत तह | सहायकस्तर | श्रेणीविहीन |
| मन्त्रालय | ५६ | ९८ | ४२ | ३३ | ३१ | ५९ |

**आ.व .२०८०/०८१को प्रदेश सरकारको नीति तथा कार्यक्रमअन्तर्गत मन्त्रालयको प्रगति विवरणः**

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलब्धि |
|---|---|
| उपभोक्ताको हकहित र अधिकार संरक्षणका लागि स्वच्छ प्रतिस्पर्धा कायम गर्दै उपभोग्य बस्तुको आधारभूत गुणस्तर कायम गर्न बजार अनुगमनको कार्यलाई नियमित तथा प्रभावकारी बनाइने। | बागमती प्रदेशका १३ वटै जिल्लाहरुमा नियमित रुपमा आ.ब.२०८०/०८१ मा हालसम्म १५१३ वटा व्यापारिक फर्महरुको अनुगमन गरिएको छ जसबाट करिब रु.६ लाख बराबर जरिवाना तथा रु.४ लाख बराबरका म्याद नाघेका सामाग्रीहरु नष्ट गरिएको छ र प्रदेशस्तरीय गुणस्तर परिक्षण प्रयोगशाला स्थापनाका लागि आवश्यक प्रक्रिया अगाडि बढाईएको छ। |
| प्रदेशमा स्थापना हुने उद्योगहरुका लागि सडक, ढल तथा खानेपानीको प्रबन्ध गरी लगानीमैत्री वातावरण बनाइनेछ। लगानी सम्बन्धी कानून तर्जुमा गरिनेछ।स्थानीय श्रोत साधन र कच्चा पदार्थको प्रयोग गर्ने उद्योगहरुका लागि विशेष प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। औद्योगिक ग्रामहरुको सञ्चालन गरिनेछ। | घरेलु तथा साना उद्योग कार्यालयहरु र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाट कार्यान्वयन प्रारम्भ गरिएको छ। |
| हस्तकला व्यवसायसम्बन्धी कानून तर्जुमा गरिनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रदेशको पहिचान स्थापित गर्ने हस्तकला उद्योगमा परम्परागत सिपको प्रवर्धन गर्दै हस्तकला ग्राम निर्माण, सञ्चालन, विकास, बिस्तार र बजारीकरण सम्बन्धी कार्यलाई प्रभावकारी बनाइनेछ। | मन्त्रिपरिषद्को स्वीकृति प्राप्त भई प्रदेश सभामा हस्तकला ग्राम विधेयक दर्ता भएको र सम्बन्धित समितिमा छलफल भइरहेको।<br>औद्योगिक प्रदर्शनी मेला कार्यक्रमहरु सञ्चालन भएको। |

आ.व. २०८०/०८१मा मन्त्रालयको कुल विनियोजित बजेटको ७५.१२ प्रतिशत खर्च भएको छ। जसअन्तर्गत चालूतर्फ कुल विनियोजित बजेटको ६३.६० प्रतिशत र पूँजगततर्फ ८०.६० प्रतिशत रहेको छ। मन्त्रालय तथा अन्तर्गतका बजेट उपशीर्षकअनुसारको खर्चको प्रगति विवरण निम्नानुसार छः-

**आर्थिक वर्ष २०८०/०८१ को बजेट उपशीर्षकअनुसारको प्रगति विवरणः**

| क्र.सं. | बजेट उपशीर्षक | चालू खर्च | खर्च प्रतिशत | पूँजीगत खर्च | खर्च प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|
| १. | ३२५०१०१४ | ११२९२ | ४६.०८ | ४५० | १०० | |
| २. | ३२५००११२ | १५५८३४ | ७९.४७ | २१५१२ | ४४.४५ | |
| ३. | ३२५०१०१२ | १०३२१६ | ७३.८३ | २०३१० | ३७.८९ | |
| ४. | ३२५०००११ | २७३२९.५ | ४९.७८ | ७५८७.१ | ९५.९२ | |

**क्षेत्रगत मुख्य कार्यक्रमको प्रगति र आम्दानी विवरणः**

**आर्थिक वर्ष २०८०/०८१ को क्षेत्रगत रूपमा सम्पादित मुख्य कार्यक्रमहरूको प्रगति/उपलब्धि सूचकको विवरणः**

| क्र.सं. | क्षेत्र | कार्यक्रमको नाम | एकाई | उपलब्धि विवरण | कै. |
|---|---|---|---|---|---|
| १. | भौतिक पूर्वाधार | कोशेली घर निर्माण | वटा | प्रदेश भित्रका विभिन्न जिल्लामा गरी ३ वटा कोशेली घरहरु निर्माण सम्पन्न भएको। | |
| | | घरेलु उत्पादनको प्रदर्शनी स्टल निर्माण | पटक | विभिन्न कार्यालयहरुबाट समय समयमा मेला महोत्सवमा घरेलु उद्यमीहरुको लागि स्टल निर्माण गरिएको। | |
| | | उद्योग ग्राम तथा औद्योगिक उपज विक्रि केन्द्रको IEE / EIA तयारी | वटा | २ वटा औद्योगिक पूर्वाधारको IEE / EIA तयारी भएको। | |
| | | औद्योगिक ग्रामहरुको सम्भाव्यता अध्ययन तथा डिपीआर तयारी | वटा | महालक्ष्मी नगरपालिका, ललितपुर र बकैया गाँउपालिका, मकवानपुरमा हस्तकलाग्राम स्थापना सम्बन्धमा सम्भाव्यता अध्ययन तथा डिपीआर सम्पन्न भएको।<br>चाँगुनारायण नगरपालिका ७, भक्तपुरमा साँस्कृतिकग्राम स्थापना सम्बन्धमा सम्भाव्यता अध्ययन सम्पन्न भएको। | |
| | | प्रादेशिक गुणस्तर परिक्षण प्रयोगशाला स्थापना सम्बन्धी सम्भाव्यता अध्ययन तथा | वटा | हेटौंडामा प्रादेशिक गुणस्तर परिक्षण प्रयोगशाला स्थापना सम्बन्धमा सम्भाव्यता अध्ययन तथा डिपीआर | |

| क्र.सं. | क्षेत्र | कार्यक्रमको नाम | एकाई | उपलब्धि विवरण | कै. |
|---|---|---|---|---|---|
| | | डिपीआर तयारी | | तयारी सम्पन्न भएको। | |
| २. | सामाजिक विकास | प्रविधि हस्तान्तरण | वटा | ८०० वटा उद्योगलाई प्रविधि हस्तान्तरण गरिएको। | |
| | | सिप विकास तथा उद्यमशीलता तालिम | वटा | १४४ वटा तालिम सञ्चालन भएको। | |
| | | नवप्रवर्तन उद्यमी सम्मान | पटक | १ पटक सञ्चालन गरी ३ उद्यमीलाई पुरस्कृत गरिएको | |
| | | बजार अनुगमन | पटक | ३०५ पटक नियमित एवम् आकस्मिक रुपमा बजार अनुगमन गरिएको। | |

यस मन्त्रालयले आ.व. २०८०/०८१मा रु. २५ करोड ६९ लाख ६५ हजार ६ सय सढ्चालिस आम्दानी गरेको छ।

**आर्थिक वर्ष २०८०/०८१ को आम्दानी विवरणः**

| क्र.सं. | राजश्व शीर्षक | आम्दानी (रु. हजारमा) |
|---|---|---|
| १. | १४२२९ अन्य प्रशासनिक सेवा शूल्क | रु.२०,६९,७६१-/ |
| २. | १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | रु.३१,८३,५३०-/ |
| ३ | १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | रु .२५,०१,६०,६२७-/ |
| ४ | १५१११ बेरुजु | रु .१०७,०८०-/ |
| ५ | अन्य | रु .१४,४४,६४९-/ |
| **जम्मा रकम** | | **रु.२५,६९,६५,६४७-/** |

**सुशासन ऐन ,२०७७ को दफा ४२(२) बमोजिम मन्त्रालय/निकाय तथा मातहतका कार्यालयहरुमा सुशासन कायम गर्न गरेका सुधारका कार्यक्रम र त्यसबाट प्राप्त परिमाणः**

| क्र.सं. | सुधारका क्षेत्रहरु | सुधारका कार्यक्रमहरु | प्राप्त परिमाणको विवरण |
|---|---|---|---|
| १. | समयानुकूल कानून निर्माण तथा संशोधन गर्नुपर्ने। | ऐन, नियमन, निर्देशिका कार्यविधि तथा अन्य कानूनहरु निर्माण तथा संशोधनका लागि अन्तरक्रिया तथा छलफल सरोकारवालाहरुसँग कार्यक्रम रहेको। | |
| २. | उद्योग तथा व्यवसायीक फर्मलाई online मार्फत प्रशासनिक सेवा प्रदान गर्नुपर्ने। | उद्योग व्यवसायलाई online प्रणालीमा आवद्धता गर्नको लागि Online software को विकास गर्ने। | |

**प्रदेश सुशासन ऐन, २०७७ र नियमावली, ०७७ बमोजिम मन्त्रालय/निकायले गर्नुपर्ने कार्यजिम्मेवारी र सोसम्बन्धमा भएका प्रगतिः**

| क्र.सं. | ऐन तथा नियमालीले तोकेका कार्यजिम्मेवारी | सम्पादन भएको काम/प्रगति | कै. |
|---|---|---|---|
| १.<br>२.<br>३.<br>४.<br>५.<br>६.<br>७.<br>८. | व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण,<br>प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन,ढुवानी, परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन,<br>नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता,<br>व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन,<br>खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत, सङ्कलन, अभिलेखाङ्कन, अन्वेषण र व्यवस्थापन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र सङ्घसँग समन्वय,<br>भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी<br>कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,<br>उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन,<br>प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार,<br>औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन, | बागमती प्रदेशका १३ वटै जिल्लाहरुमा नियमित रुपमा आ.व.२०८०/०८१ मा नियमित एवम् आकस्मिक गरी कुल ३०५ पटक अनुगमन भएको। त्यसैगरी हालसम्म १५१३ वटा व्यापारिक फर्महरुको अनुगमन गरिएको छ, जसबाट नियमानुसार जरिवाना गरी म्याद नाघेका सामाग्रीहरु नष्ट गरिएको छ।<br>प्रदेशस्तरीय गुणस्तर परिक्षण प्रयोगशाला स्थापनाका सम्बन्धमा सम्भाव्यता अध्ययन तथा डि.पी आर कार्य सम्पन्न भएको।<br>उद्योग प्रशासनलाई अनलाईनमा आधारित विद्युतीय प्रणालीमा आबद्ध गर्नका लागि तयार गरिएको सफ्टवेयरको कार्यान्वयनको चरणमा रहेको।<br>प्रविधि हस्तान्तरण तर्फ विनियोजित रु.६ करोड ६० लाखको ८०% खर्च भएको।<br>विभिन्न जिल्ला स्थित कार्यालयहरुबाट सिप विकास तथा उद्यमशीलता विकास सम्बन्धमा तालिम तर्फ विनियोजित करिब रु.८ करोड ५० लाख मध्ये ८८% रकम खर्च भएको।<br>नवप्रवर्तन उद्यमी सम्मेलन लगायतका विभिन्न सम्मेलनहरु सञ्चालन, नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड तर्जुमा गरी प्रदेश भित्रका ३ उद्यमीलाई नगद तथा सम्मान पत्र सहित सम्मान गरिएको।<br>प्रदेश भित्रका स्थानीय उत्पादनहरुका सम्बन्धमा बजारीकरण सम्भाव्यता अवलोकन तथा अन्तर्क्रिया सम्पन्न भएको। | |

| क्र.सं. | ऐन तथा नियमालीले तोकेका कार्यजिम्मेवारी | सम्पादन भएको काम/प्रगति | कै. |
|---|---|---|---|
| | सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, | हस्तकलाग्राम विधेयक प्रदेश सभामा दर्ता भई विषयगत समितिमा विचाराधीन रहेको।<br>औद्योगिक प्रदर्शनी, मेला महोत्सब जस्ता कार्यक्रमहरु जिल्ला/निर्देशनालय/प्रदेशस्तर) बाट सञ्चालन भएको।<br>घरेलु तथा साना उद्योगीहरुलाई मेला महोत्सबमा सहभागिता वापत स्टल भाडा तथा अन्य खर्च प्रदान गरिएको।<br>हस्तकलाग्राम स्थापनाका सम्बन्धमा सम्भाव्यता अध्ययन तथा डि पी आर कार्य पुरा भएको। | |
| ९. | उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवम् सो सम्बन्धमा सङ्घ र स्थानीय तहसँग समन्वय, | | |
| | मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण नियमन र सो सम्बन्धमा सङ्घ र स्थानीय तहसँग समन्वय, | | |
| १०. | सङ्घीय मापदण्ड अनुसार स्ट्याण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन | | |
| ११. | उपभोक्ता अदालत गठन र सञ्चालन, | | |
| १२. | अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय, | | |
| १३. | लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान नियमन | | |
| १४. | करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन, | | |
| | सङ्घसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन, | | |
| १५. | दामासाहीमा परेका उद्योग, व्यवसायीका कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, | | |
| | प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन, | | |
| १६. | प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन नियमन, | | |
| | प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, | | |

| क्र.सं. | ऐन तथा नियमालीले तोकेका कार्यजिम्मेवारी | सम्पादन भएको काम/प्रगति | कै. |
|---|---|---|---|
| १७. | कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन | | |
| | उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग | | |
| १८. | स्वरोजगारको लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन | | |
| १९. | टाट पल्टेको र दामासाही सम्बन्धि प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन | | |
| | प्रदेशस्तरीय तालीम नीति तथा मापदण्ड निर्धारण र स्तरीयकरण | | |
| २०. | औद्योगिक प्रतिष्ठानहरु सञ्चालन, व्यवस्थापन तथा सङ्घीय सरकारसँगको समन्वयमा अनुगमन तथा नियमन | | |
| | भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू- उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन | | |
| २१. | निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन | | |
| | जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन | | |
| २२. | सङ्घीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन | | |
| २३. | नाप नक्साका नियन्त्रण विन्दुहरुको सञ्जाल स्थापना | | |
| | क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन | | |
| २४. | भूमिहीन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरुवा चरुवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानून मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन | | |
| | सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा | | |

| क्र.सं. | ऐन तथा नियमालीले तोकेका कार्यजिम्मेवारी | सम्पादन भएको काम/प्रगति | कै. |
|---|---|---|---|
| २५. | मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन<br>सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन | | |
| २६. | गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र सङ्घीय तथा स्थानीय तहसँग समन्वय। | | |

**मन्त्रालय/निकायगत सबल पक्षहरु, कमीकमजोरीहरु मन्त्रालयगत/निकायगत अवसरहरु र चूनौतीहरु**

| सबल पक्षहरु | कमीकमजोरीहरु | अवसरहरु | चूनौतीहरु |
|---|---|---|---|
| प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ निर्माण गरिएको<br>प्रदेशस्तरिय संयुक्त वजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०८० बनाइ कार्यन्वयनमा ल्याइएको। प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६, कार्यन्वयनमा ल्याइएको।<br>मेला महोत्सब प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० तयारी गरि कार्यन्वयनमा ल्याइएको।<br>सिप विकास तालिम पहिचान एवम् तालिम सञ्चालन सम्बन्धी | स्वीकृत संगठन संरचना अनुसार स्थायी पदपुर्ति नहुनु।<br>कार्यक्रम कार्यन्वयन सम्बन्धी कार्यविधिहरु आउन ढीला हुनु र प्रत्येक वर्ष निर्माण गर्नुपर्ने।<br>मन्त्रालय फुट्ने र गाभ्ने कारणले गर्दा संस्थागत संस्मरण प्रभावकारी नहुनु।<br>पूँजीगत कार्यक्रमतर्फ पूर्वाधार निर्माणका काम धेरै भएको तर दक्ष प्राविधिक जनशक्ती ,जग्गा प्राप्ति लगायत कानूनी जटिलता हुनु। | औद्योगिक लगानीमैत्री वातावरण तयार भएको।<br>प्रतिस्पर्धी र गुणस्तरीय बजार निर्माणमा सहयोग पुगेको।<br>उद्यमीहरु र उत्पादित वस्तुहरुको बजारीकरण तथा प्रदर्शनीमा सहयोग पुगेको।<br>सिपयुक्त जनशक्तीहरु तयार भएको। | औद्योगिक लगानीमैत्री वातावरणमा सुधार हुन नसक्नु।<br>घरेलु तथा साना उद्योग प्रवर्द्धनमा पुँजी, सिप, कच्चा पदार्थ र प्रविधिको संयोजन गराउन नसक्नु।<br>उद्योग स्थापनाका लागि जग्गा प्राप्तिको समस्या हुनु<br>सञ्चालित उद्योगहरुको उत्पादन तथा उत्पादकत्वका दृष्टिले प्रतिस्पर्धा नहुनु।<br>औद्योगिकरणमा नवीन प्रविधि र उपकरणहरुको प्रयोग गर्न नसक्नु<br>उद्योगहरुले उत्पादन गरी निर्यात गर्ने वस्तुहरुको अन्तराष्ट्रिय गुणस्तर मापदण्ड कायम गर्न नसक्नु<br>कृषि उत्पादन केन्द्र र उपभोग क्षेत्रलाई जोड्ने सडक पूर्वाधारको निर्माण वा नियमित मर्मत सम्भार गर्न नसक्नु।<br>औद्योगिक लगानी भन्दा आयात |

| सबल पक्षहरु | कमीकमजोरीहरु | अवसरहरु | चूनौतीहरु |
|---|---|---|---|
| कार्यविधि, २०८० कार्यान्वयन ल्याइएको। | | | व्यापारमा व्यवसायिक आकर्षण बढ्दै जानु र बिक्रि केन्द्र व्यवस्थापन हुन नसक्नु। |

**सेवा प्रवाह सुधारका लागि गरेका प्रयासहरु**

१. प्रदेशको उद्योग प्रशासन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्ने "प्रदेश औद्योगिक व्यवसाय ऐन" तथा "प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन" को समयानुकुल संशोधन गर्न आवश्यक प्रक्रिया सुरु गरिएको छ।

२. उपभोक्ता हित संरक्षण र बजार अनुगमन सम्बन्धमा साविकमा रहेको "प्रदेशस्तरीय संयुक्त बजार अनुगमन निर्देशिका २०७५" लाई विस्थापन गरी "प्रदेशस्तरीय संयुक्त बजार व्यवस्थापन अनुगमन निर्देशिका, २०८०" मन्त्रिपरिषदबाट स्वीकृत भएको छ।

३. प्रदेश भित्र सञ्चालन हुने उद्योग, व्यापार लगायतका अन्य यस्तै प्रकृतिका मेला, महोत्सवहरुको प्रवर्द्धन गर्नका लागि "मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" मन्त्रिपरिषद्बाट स्वीकृत गराइएको छ। संविधान दिवसको अवसरमा बागमती प्रदेशको राजधानी हेटौंडामा प्रदेश हस्तकला प्रदर्शनी आयोजना गरिएको छ भने अन्य धेरै स्थानहरुमा हस्तकला मेला महोत्सवमा सक्रिय सहभागिता जनाइएको छ।

४. विद्यमान नीतिगत एवम् कानूनी व्यवस्थाहरुका सम्बन्धमा सरोकारवालाहरुको राय, परामर्श, सुझाव ग्रहण गर्ने कार्यलाई तीव्रता दिईएको। सरोकारवालाहरुसँगको अन्तर्क्रिया कार्यक्रममा सहभागी भई भुँई तहदेखिका उद्योगी, व्यवसायीहरुका पिरमर्का, गुनासो सुन्ने कार्य भएको।

५. घरेलु तथा साना उद्योग महासङ्घ केन्द्रिय समितिको संयोजनमा भएको "नीति संवाद" कार्यक्रममा प्रदेश सरकारको तर्फबाट उद्योग तथा वाणिज्य क्षेत्रको नीतिगत तथा कानुनी सुधारको लागि प्रस्तावित संशोधन विधेयकमा अन्तर्क्रिया गरिएको छ।

६. निर्माण सम्पन्न भई सञ्चालनको चरणमा रहेका कोशेली घरहरुलाई स्थानीय तहहरु तथा सरोकारवालाहरुलाई हस्तान्तरण गरी व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न "भौतिक संरचना हस्तान्तरण सम्बन्धी कार्यविधि" तयार गरी सहमतिको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइएको छ।

७. उपभोक्ता हक हित संरक्षण सम्बन्धी कानूनको मस्यौदा तयार गर्ने प्रक्रिया सुरु गरिएको छ।

८. उद्योग प्रशासनलाई सेवाग्राही र प्रविधिमैत्री बनाउने र उद्योग तथा व्यवसायको स्थापना सञ्चालन र बहिर्गमनसम्बन्धी सेवालाई थप सरल र प्रविधिमैत्री बनाउने हेतुले साविकको मन्त्रालयबाट निर्मित उद्योग व्यवसाय र व्यापार व्यवसायसम्बन्धी Online Software हरुलाई समय सापेक्ष Upgrade गरी तत्काल घरबाटै सेवाग्राहीले सेवा प्राप्त गर्न सकिने र मन्त्रालयले सो बारे अनुगमन गर्न सकिने बनाउन योजना बनाइएको र सोको कार्यान्वयन गर्न प्रकृया अघि बढाइएको।

९. उपभोक्ताको हकहित र अधिकार संरक्षणका लागि स्वच्छ प्रतिष्पर्धा कायम गर्दै उपभोग्य वस्तुको आधारभूत गुणस्तर कायम गर्न बजार अनुगमनको कार्यलाई नियमित तथा प्रभावकारी बनाइएको छ। चाडपर्वको समयमा आकस्मिक तथा अन्य समयमा नियमित रुपमा व्यापारिक फर्महरुको अनुगमन गरिएको छ, जसबाट नियमानुसार जरिवाना गरी म्याद नाघेका सामग्रीहरु नष्ट गरिएको छ।

**आगामी दिनमा गर्नुपर्ने कानूनी, नीतिगत, संस्थागत, प्रणालीगतलगायतका सुधारका विषयहरुः-**

- भूमि बैंक स्थापना तथा सञ्चालनसम्बन्धी नीति तयारीको चरणमा रहेको।
- भौतिक पूर्वाधार हस्तान्तरणसम्बन्धी कार्यविधि तयारीको चरणमा रहेको।
- प्रदेश औद्योगिक व्यवसाय नियमावली र प्रादेशिक व्यापार तथा व्यवसायसम्बन्धी नियमावली, तयारीको चरणमा रहेको।

## १३. संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय

संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले संस्कृति, पर्यटन र सहकारी क्षेत्रसम्बन्धी प्रदेशस्तरमा नीतिगत कार्य गर्दछ। यस मन्त्रालयअन्तर्गत कुल ८ वटा कार्यालयमा कुल २०४ जनाको दरबन्दी रहेकोमा ९३ जनाको पदपूर्ति भएको छ। मन्त्रालय तथा अन्तर्गतको स्वीकृत दरबन्दी तथा पदपूर्तिको अवस्था निम्नानुसार रहेको छ।

| **स्वीकृत दरबन्दी** | | | | **पदपूर्ति दरबन्दी** | | |
|---|---|---|---|---|---|---|
| कार्यालय | अधिकृत तह | सहायकस्तर | श्रेणीविहीन | अधिकृत तह | सहायकस्तर | श्रेणीविहीन |
| मन्त्रालय | २० | ४ | १३ | १० | ४ | १३ |
| मातहत | ८२ | ३८ | ४७ | २७ | ९ | ३९ |
| जम्मा | १०२ | ४२ | ६० | ३७ | १३ | ५२ |

**आ.व. २०८०/०८१को प्रदेश सरकारको नीति तथा कार्यक्रमअन्तर्गत मन्त्रालयको प्रगति विवरणः**

| **नीति तथा कार्यक्रम** | **कार्यान्वयनको अवस्था/उपलब्धि** |
|---|---|
| सन् २०३० सम्ममा कम्तीमा एउटा पर्यटकीय स्थललाई कार्बन तटस्थ (Carbon Neutral) क्षेत्रको रुपमा विकास गर्नका लागि पर्यटकीय सवारी साधनहरुलाई वातावरण मैत्री सवारी साधनमा रुपान्तरण गर्नका लागि प्रोत्साहन गरिनेछ। प्रदेश सरकारले निर्माण गरेका पर्यटकीय पूर्वाधारहरुको हस्तान्तरण तथा सञ्चालन कार्यविधि निर्माण गरी आम्दानीको न्यायोचित वितरणको व्यवस्था मिलाइनेछ। | यातायात व्यवस्था कार्यालय र राष्ट्रिय निकुन्ज / वन मन्त्रालयसँग समन्वय गर्नुपर्ने र कार्यविधि तयार नभएकोले कार्बन तटस्थ क्षेत्रको रुपमा विकास गर्न नसकिएको।<br>पर्यटन पूर्वाधार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत भएको र पर्यटकीय पूर्वाधार हस्तान्तरण प्रकृया अगाडी बढेको। |
| उद्योग तथा सहकारी प्रशासनलाई सेवाग्राही र प्रविधिमैत्री बनाइनेछ। उद्योग तथा व्यवसायको स्थापना, सञ्चालन र वहिर्गमन सम्बन्धी सेवालाई थप सरल र प्रविधिमैत्री बनाइनेछ। | सहकारी रजिष्ट्रार कार्यालयको दरवन्दी तथा कार्यालय स्वीकृत भएको। आर्थिक वर्ष २०८१/०८२ बाट प्रदेश सहकारी रजिष्टारको कार्यालय स्थापना हुने।<br>पर्यटन कार्यालय काठमाडौबाट Online सेवा प्रारम्भ गरिएको। |
| आर्थिक विकासमा सहकारी संस्थाहरुको भूमिकालाई प्रवर्धन गर्दै सहकारी संस्थाको नियमनलाई प्रभावकारी बनाईनेछ। | विभिन्न तहगत अनुगमन लगायतका कार्यक्रमहरु सञ्चालन भएको।<br>४६ वटा सहकारी संस्थालाई कारवाहीका लागि प्रहरीमा लेखि पठाईएको।<br>१ वटा सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरिएको।<br>३४ वटा सहकारी संस्थाका सम्बन्धमा परेको |

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलब्धि |
|---|---|
| | उजुरी सम्बन्धमा सम्बन्धितहरुसँग छलफल गरिएको छलफलबाट १८ वटा उजुरी फरफारक गरिएको। |
| "**धर्म र पर्व हाम्रो गर्व**" भन्ने नाराका साथ धार्मिक र सास्कृतिक क्षेत्रहरुको मूर्त तथा अमूर्त सम्पदाहरुको अन्वेषण, अनुसन्धान, संरक्षण र संवर्धन गरी साँस्कृतिक पर्यटन प्रवर्धन गर्ने नीति लिईनेछ। | २ वटा वैदिक पौराणिक स्थलहरुमा विभिन्न धार्मिक साँस्कृतिक कार्यक्रम सञ्चालन भएको<br>२५ वटा जात्रा पर्व मेलामा सहयोग प्रदान गरिएको।<br>मौलिक नाच/बाजा/गाजा प्रवर्द्धन तथा संरक्षणका लागि ७ वटा संस्थाहरुसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिएको। |
| प्रदेश भित्रका जातजातिको मातृभाषा, कला, साहित्य, संस्कृति र सम्पदाको संरक्षण र प्रवर्धन गरिनेछ। तामाङ र नेपाल भाषालाई प्रदेशको सरकारी कामकाजको भाषाको रुपमा विकास गर्न कानून तर्जुमा गरिनेछ। संस्कृत भाषालाई प्रोत्साहन गरिनेछ। | प्रदेश भित्रका जातजातिको मातृभाषा, कला, साहित्य, संस्कृति र सम्पदाको संरक्षण र प्रवर्धनका लागि कार्यक्रमहरु सञ्चालन भएको।<br>प्रदेश भाषा ऐन, २०८० जारी तथा कार्यान्वयन भई आगामी दिनमा भाषा ऐनको प्रभावकारी कार्यान्वयनका लागि कार्यदल गठन गरी कार्यदलबाट प्राप्त प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश भएको।<br>संस्कृत भाषा संरक्षणका लागि २ वटा संस्थाहरुलाई अनुदान प्रदान गरिएको।<br>लोपोन्मुख (३ वटाः वनकरीया, सुरेल र हायु) भाषाको अध्ययन कार्य सम्पन्न भएको। |
| प्रदेश भित्रका धर्म, संस्कृति, जातजाती तथा ऐतिहाँसिक राजनैतिक आन्दोलनको विशिष्टतालाई समेट्ने गरी संग्रहालय स्थापना गर्ने नीति लिईनेछ। बागमती प्रदेशलाई कला अनुसन्धान केन्द्रको रुपमा विकास गरिनेछ। | प्रदेश स्तरीय संग्रहालय संरक्षण तथा भौतिक पूर्वाधार निर्माण भईरहेको।<br>पर्यटन विकास आयोजना हेटौंड मार्फत् साँस्कृतिक संग्राहलय १९ वटा, पर्यटकीय पार्क तथा स्थल ७६ वटा गुम्बा/चर्च तथा मस्जिद ६३ वटा कृयापुत्री भवन निर्माण तथा मर्मत ९ वटा र मन्दिर तथा आश्रम गरी कुल ३४० वटा योजनाहरु कार्यान्वयन गरिएको।<br>पर्यटन विकास आयोजना ईकाई कार्यालय काठमाडौ मार्फत ५२६ वटा योजनाहरु कार्यान्वयन गरिएको। |
| धार्मिक, सांस्कृतिक, पर्यापर्यटन तथा ग्रामीण पर्यटनको प्रवर्धन मार्फत थप रोजगारी सिर्जना गरिनेछ। स्वदेशी | बागमती प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८०/०७/२२ को निर्णयबाट बागमती प्रदेश |

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलब्धि |
|---|---|
| तथा विदेशी पर्यटकको बसाइ अवधि लम्ब्याउन होमस्टेको प्रवर्धन तथा पर्यटकीय पूर्वाधार र सेवा सुविधा विस्तार गरी पर्यटकीय गन्तव्यस्थल घोषणा गरिनेछ। सन् २०२४ लाई बागमती प्रदेश भ्रमण वर्षको रुपमा मनाइनेछ। | भ्रमण वर्ष २०२४ घोषणा भई ई.सं. १ जनवरी २०२४ बाट भ्रमण वर्ष लक्षित विभिन्न पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन भएको।<br>होमस्टे प्रवर्द्धनका लागि विभिन्न ३ स्थानमा होमस्टे सञ्चालन तथा समुदायहरुलाई Hospitality Management तालिम प्रदान गरिएको। |

आ.व. २०८०/०८१मा मन्त्रालयको कुल विनियोजित बजेटको ७५.१२ प्रतिशत खर्च भएको छ।जसअन्तर्गत चालूतर्फ कुल विनियोजित बजेटको ६३.६० प्रतिशत र पूँजगततर्फ ८०.६० प्रतिशत रहेको छ। मन्त्रालय तथा अन्तर्गतका बजेट उपशीर्षकअनुसारको खर्चको प्रगति विवरण निम्नानुसार छः-

| क्र.सं. | बजेट उपशीर्षक | खर्च प्रतिशत | बजेट उपशीर्षक | पूँजीगत खर्च | खर्च प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|
| १ | ३२५००११३ | ६१.५५ | ३२५०००११४ | ४४६९.३९३ | ८४.३२ | |
| २ | ३२५०००१०२ | ४२.४२ | ३२५००१०२४ | ० | ० | |
| ३ | ३२५००१०१ | ५९.४१ | ३२५००१०१ | ७८०.७६४ | ६२.४६ | |
| ४ | ३२५००१०२ | ७२.०८ | ३२५००१०२ | ५४३६३०.००७ | ८६.३३ | |
| ५ | ३२५००१०१३ | ५३.८० | ३२५००१०१४ | ४६५५.१३४ | ८९.८९ | |
| ६ | ३२५००१०२३ | ६९.०४ | ३२५००१०२४ | ५९९५७१.६५ | ७७.९९ | |
| ७ | ३२५००१०३३ | ७९.६२ | ३२५००१०३४ | १७६७.५५६ | ९१.८२ | |
| ८ | ३२५०१०१३३ | ५८.०३ | ३२५०१०१३४ | १५०३.५२ | ९७ | |

**क्षेत्रगत मुख्य कार्यक्रमको प्रगति र आम्दानी विवरणः**

आर्थिक वर्ष २०८०/०८१ को क्षेत्रगत रूपमा सम्पादित मुख्य कार्यक्रमहरूको प्रगति/उपलब्धि सूचकको विवरणः

| क्र.सं. | क्षेत्र | कार्यक्रमको नाम | एकाई | उपलब्धि विवरण | कै. |
|---|---|---|---|---|---|
| १. | भौतिक पूर्वाधार | पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास कार्यक्रम | संख्या | पर्यटन विकास आयोजना हेटौंड मार्फत् साँस्कृतिक संग्राहलय १९ वटा, पर्यटकीय पार्क तथा स्थल ७६ वटा गुम्बा/चर्च तथा मस्जिद ६३ वटा कृयापुत्री भवन निर्माण तथा मर्मत ९ वटा र मन्दिर तथा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | आश्रम गरी कुल ३४० वटा योजनाहरु कार्यान्वयन गरिएको।<br>पर्यटन विकास आयोजना ईकाई कार्यालय काठमाडौ मार्फत ५२६ वटा योजनाहरु कार्यान्वयन गरिएको | |
| २. | सामाजिक विकास | | | | |
| ३. | विविध | ४ लोपोन्मुख भाषाको अध्ययन | वटा | ३ वटा बनकरिया, हायु, सुरेल जातीको भाषा अध्ययन कार्य सम्पन्न भएको। | |
| | | मेला, जात्रा पुजा, पाठ, यज्ञ जप आदीमा सहयोग – ३० | वटा | २५ वटा मेला, जात्रा, पुजा पाठ यज्ञ जप आदीमा सहयोग गरिएको। | |
| | | संस्कृत भाषा संरक्षण कार्यक्रम | वटा | २ वटा संस्कृत विद्यालयहरुलाई अनुदान सहयोग प्रदान गरिएको। | |
| | | पर्यटन प्रवर्द्धनका लागि साहित्यिक सम्मलेन | वटा | रसुवा र नुवाकोटमा साहित्यिक सम्मेलन कार्यक्रम सम्पन्न भएको। | |
| | | Paradise Bagamati एपको निर्माण | वटा | पर्यटकीय साँस्कृतिक स्थलको बारेमा जानकारी प्रदान गर्न Paradise Bagamati एप निर्माण गरी गुगल प्ले स्टोरमार्फत् सञ्चालनमा आएको। | |
| | | प्रारम्भिक वातावरणीय अध्ययन | वटा | विभिन्न ११ वटा होटलहरुको प्रारम्भिक वातावरणीय अध्ययन सम्बन्धी कार्य सम्पन्न गरिएको। | |
| | | | | | |

**आर्थिक वर्ष २०८०/०८१ को आम्दानी विवरणः**

| क्र.सं. | राजश्व शीर्षक | आम्दानी (रु. हजारमा) |
|---|---|---|
| १. | १४२५३ | ४२१०३.०५४ |
| २. | १४२२९ | ५ |
| ३. | १४३१२ | ७६८ |
| ४. | १५१११ | ३०.४६ |

सुशासन ऐन ,२०७७ को दफा ४२ (२) बमोजिम मन्त्रालय/निकाय तथा मातहतका कार्यालयहरुमा सुशासन कायम गर्न गरेका सुधारका कार्यक्रम र त्यसबाट प्राप्त परिमाणः

| क्र.स. | प्रयास | उपलब्धी | कै. |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | सूचना तथा सञ्चार प्रविधीमा जोड गरिएको | वेवसाईट ईमेलको व्यवस्था<br>पर्यटन कार्यालयको काम Online मार्फत गर्ने गरिएको<br>पर्यटनसँग सम्बन्धित जानकारी प्रदान गर्न Paradise Bagamati App को निर्माण तथा सञ्चालन | |
| २ | आन्तरिक नियन्त्रण प्रणाली निर्माण | आन्तरिक नियन्त्रण प्रणाली निर्माणको अन्तिम चरणमा रहेको | |
| ३ | MDAC, PDAC मा समस्या समाधानको प्रस्ताव राखिएको | नियमित समयमा बैठकहरु बसि समाधानका प्रयासहरु भएको | |
| ४ | कार्यक्रम सञ्चालन कार्यविधी बनाइएको | वार्षिक विनियोजित कार्यक्रम सहज रुपमा सञ्चालन गर्नको लागि तयार गरिएको | |
| ५ | अनुगमन तथा नियमनमा सम्भव भएसम्म जोड दिइएको | सहकारी अनुगमन, होटल तथा पर्यटन व्यवसायको नियमित अनुगमन गरिएको | |
| ६ | प्रवक्ताको व्यवस्था | काम कारवाहिको विषयमा सरोकारवालालाई वा सार्वजनिकरुपमा जानकारी दिन मन्त्रालयमा प्रवक्ताको व्यवस्था गरिएको। | |
| ७ | गुनासो व्यवस्थापन | सम्पादन गरेको काम कारवाहीको गुणस्तर ,प्रभावकारिता तथा त्यसमा हुन सक्ने अनियमितताको सम्बन्धमा गुनासो सुन्न सबैले देख्ने ठाउँमा गुनासो पेटीकाको व्यवस्था गरिएको र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको। | |
| ८ | जनताको सहभागिता र स्वामित्व सम्बन्धी व्यवस्था | मन्त्रालय तथा पर्यटन विकास आयोजना मार्फत कार्यान्वयन हुने आयोजना ,ग्रामीण पर्वद्धन ,संस्कृति संरक्षण ,भाषा संरक्षण लगायतमा जनताको प्रत्यक्ष सहभागिता र स्वामित्वमा सञ्चालन हुने व्यवस्था मिलाईएको। | |
| ९ | नागरिक वडापत्रको व्यवस्था | सम्बन्धित कार्यालयले दिने सेवा र त्यस्को प्रकृति ,सेवा प्राप्त गर्न पुरा गर्नु पर्ने कार्यविधि ,लाग्ने समयावधि ,दस्तुर तथा अन्य रकम ,सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्ष सहितको विवरण सबैले देख्ने ठाउँमा राखिएको। | |
| १० | अधिकार प्रत्यायोजन | आवश्यकता अनुसार गरिएको। | |

प्रदेश सुशासन ऐन, २०७७ र नियमावली, २०७७ बमोजिम मन्त्रालय/निकायले गर्नुपर्ने कार्यजिम्मेवारी र सोसम्बन्धमा भएका प्रगतिः

| क्र.सं. | ऐन तथा नियमालीले तोकेका कार्यजिम्मेवारी | सम्पादन भएको काम/प्रगति | कै. |
|---|---|---|---|
| १. | ऐनको दफा ९ बमोजिम मन्त्रीको जिम्मेवारीः | काम समयमा नै | |

| | | | |
|---|---|---|---|
| | संविधान तथा अन्य प्रचलित कानूनमा उल्लिखित जिम्मेवारीका साथै आफूले सम्हालेको मन्त्रालयबाट सम्पादन हुने कार्य सम्बन्धी नीतिगत विषय लगायत सम्पूर्ण आवश्यक कार्य समयमा नै सम्पादन गर्ने गराउने समग्र जिम्मेवारी | सम्पन्न भएको | |
| २. | ऐनको दफा ११ बमोजिम सचिवको जिम्मेवारीः<br>प्रदेश सरकारले प्रतिपादन गर्नु पर्ने नीतिका सम्बन्धमा सम्बन्धित मन्त्रीलाई सघाउने<br>- सम्बन्धित मन्त्रीको निर्देशन तथा सुपरिवेक्षणको अधीनमा रही आफू वहाल रहेको मन्त्रालयको कार्य सम्पादन गर्ने<br>- मन्त्रालय वा कार्यालय अन्तर्गतका नीतिगत तथा कानूनी बिषयमा कुनै सुधार गर्नु पर्ने भएमा सम्बन्धित मन्त्री समक्ष सोको प्रस्ताव पेश गर्ने<br>- मन्त्रालयको व्यवस्थापन, दैनिक कार्य सञ्चालन, कर्मचारी उपर नियन्त्रण, तथा सुपरिवेक्षण गर्ने<br>- मन्त्रालय अन्तर्गतका निर्देशनालय, कार्यालय वा त्यस्तो मन्त्रालय मातहतका निकायको काम कारवाहीको आवश्यक सुपरिवेक्षण वा नियन्त्रण गर्ने र आवश्यकता अनुसार निर्देशन दिने<br>- प्रदेश सरकारले स्वीकृत गरेका नीति र कार्यक्रम कार्यान्वयन गर्ने<br>- मन्त्रालय र अन्तर्गतका निकायले प्रत्येक महिना सम्पादन गरेको कामको प्रतिवेदन तोकिए बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष पेश गर्ने<br>- मन्त्रालयको बार्षिक कार्यक्रम तर्जुमा गरी मन्त्रीसमक्ष पेश गर्ने र स्वीकृत कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका साथै प्रगती समिक्षा गर्ने<br>- मन्त्रालयबाट वर्षभरीमा सम्पादन गरिएका प्रमुख काम कारवाहीका बारेमा बार्षिक प्रतिवेदन तयार गरी मन्त्री समक्ष पेश गर्ने<br>- आफू वहाल रहेको मन्त्रालय र सो अन्तर्गतका कार्यालयका आठौ तहसम्मका कर्मचारीको सरुवा वा पदस्थापन गर्ने वा काज खटाउने<br>- मन्त्रालयसँग सम्बन्धित विषयमा प्रदेश सरकार, मन्त्रिपरिषद्बाट भएको निर्णय कार्यान्वयन गर्ने र त्यस्तो निर्णयको कार्यान्वयन स्थितिको सुपरिवेक्षण गर्ने<br>- सचिव बैठकबाट भएको निर्णय कार्यान्वयन गर्न<br>- मन्त्रालय वा मातहत सञ्चालन भएका आयोजनाको समय समयमा निरीक्षण गरी आवश्यक निर्देशन दिने।<br>- सञ्चालन भएका आयोजना समयमा पूरा हुन नसकेको पाईएमा वा पुरा भएको आयोजनाको गुणस्तर न्यून देखिएमा त्यसको छानविन | काम समयमा नै सम्पन्न भएको | |

| | | | |
|---|---|---|---|
| | गरी दोषी देखिएका सम्बन्धित प्रमुखलाई आवश्यक कारवाही गर्ने। | | |
| | ऐनको दफा १२ बमोजिम कार्यालय प्रमुखको जिम्मेवारीः<br>- कार्यालयको व्यवस्थापन, दैनिक कार्य सञ्चालन तथा सो कार्यालयमा कार्यरत कर्मचारीको सुपरिवेक्षण तथा नियन्त्रण गर्ने<br>- कार्यालय र अन्तर्गतका कार्यालयका कर्मचारीलाई काज खटाउने<br>- कार्यालय अन्तर्गत सन्चालित आयोजनाहरुको काम निश्चित समयभित्र सम्पन्न गर्न लगाउने र यस्ता कार्यको प्रगति प्रतिवेदन सुपरिवेक्षक समक्ष पेश गर्ने<br>- आफू वहाल रहेको कार्यालयबाट जनसाधारणलाई प्रदान गरिने सेवालाई प्रभावकारी बनाउने | काम समयमा नै सम्पन्न भएको | |

मन्त्रालय र अन्तर्गतका निकायमा हुने सेवा प्रवाहलाई प्रभावकारी बनाउन कार्यसम्पादन व्यवस्थापन निर्देशिका, आन्तरिक व्यवस्थापन निर्देशिका अनुरुप कार्यसम्पादन गरिएको छ। यस मन्त्रालयको कार्य सम्पादनसँग सम्बन्धित सूचना माग भएको बेला नियमबमोजिम तत्काल उपलब्ध गराउने सूचना अधिकारी तोकी सूचना प्रदान गर्ने प्रणालीलाई चुस्त/दुरुस्त बनाइएको छ। विभिन्न निकायबाट प्राप्त हुने गुनासोहरुलाई तत्काल सम्बोधन गर्न गुनासो अधिकारी तोकी गुनोसो व्यवस्थापन गर्ने कार्य भईरहेको छ।

**मन्त्रालय/निकायगत सबल पक्षहरु, कमीकमजोरीहरु, मन्त्रालयगत/निकायगत अवसरहरु र चूनौतीहरुः**

| सबल पक्षहरु | कमीकमजोरीहरु | अवसरहरु | चूनौतीहरु |
|---|---|---|---|
| नेपालमा पर्यटकको मूल प्रवेशद्वारको रूपमा रहेको अन्तर्राष्ट्रिय विमानस्थल, | प्राचीन सांस्कृतिक सम्पदा एवम् तिनीहरूको स्वामित्वमा रहेको सम्पत्तिको वैज्ञानिक अभिलेखीकरण गर्न नसक्नु | भाषा, लिपि, संस्कृति, ललित कला आदिको संरक्षण र उपयोग प्रदेशको कार्य दायरामा रहेको, | पर्यटकीय पूर्वाधारहरुमा बजेट विनियोजन नै नहुने वा न्यून बजेट, पूर्वाधार निर्माणका लागि जग्गा प्राप्तिमा कठिनाई, |
| विश्व सम्पदा सूचीमा सूचीकृत ८ सम्पदाहरूको थलो, | सांस्कृतिक विचलन रोक्न नसक्नु, | जातीय संस्कृतिको संरक्षणमा समुदायहरूको बढ्दो सकृयता, | पर्यटन प्रवर्धनको कार्यमा वजेट विनियोजनमा कमि (प्रचारप्रसार आदी), |
| विशिष्ट पर्यटन गन्तव्य, | अन्तरपुस्ता ज्ञान हस्तान्तरण नहुनु, | धार्मिक, पुरातात्विक एवम् ऐतिहासिक सम्पदाहरूको संरक्षण तथा सम्वर्धन र भूकम्पपश्चात् सांस्कृतिक सम्पदाहरूको पुनर्निर्माणले गति लिनका साथै सम्पदा | निजी क्षेत्रलाई पर्यटकीय पूर्वाधार निर्माण र प्रवर्धनात्मक कार्यमा प्रोत्साहन गर्न नसक्नु, ग्रामीण पर्यटनका कार्यक्रम सञ्चालन गर्न नसक्नु। |

| | | | |
|---|---|---|---|
| | | पुनर्निर्माणप्रति बढ्दो जनचासो। | |
| धार्मिक तथा सांस्कृतिक सम्पदा, | संस्कृति, कला, भाषा र सम्पदाहरूको मौलिकपना जोगाइराख्न यथेष्ठ पहल नहुनु, | सांस्कृतिक एवम् धार्मिक विविधताकाबीच सद्भाव अभिवृद्धि भएकाले राष्ट्रिय एकता सुदृढ गर्नका साथै बाह्य धार्मिक पर्यटकलाई आकर्षण गर्न सकिने अवस्था रहनु | पर्यटकीय गन्तव्यहरुको यथेष्ठ अध्ययन र ब्राण्डीङ्ग नहुनु, |
| जैविक विविधता युक्त निकुञ्ज र संरक्षण क्षेत्र, | मूर्त तथा अमूर्त सम्पदाहरूको संरक्षण गरी सोको लाभ समुदायले प्राप्त गर्न सक्ने तुल्याउनु. | संस्कृतिको संरक्षण र विकासलाई आयआर्जन र रोजगारीका अवसरहरूसँग जोड्न सकिने। | भाषा, संस्कृति, लोक साहित्य, कला जस्ता मूर्त तथा अमूर्त सम्पदाको संरक्षणमा कमी हुनु, धार्मिक स्थल/व्यक्तिलाई पर्यटन संग जोडन नसक्नु, समन्वय तथा सहकार्यमा अभाव |
| तीर्थस्थल, रमणीय तथा महत्वपूर्ण पदमार्गहरू, हिलस्टेशनहरू, याफ्टिङ साइटहरू, | सहकारीहरुको अनुगमन हुन नसक्नु | सहकारी सम्बन्धी विषय Cross Cutting issues को रुपमा रहनु। | पर्यटन वस्तु र गन्तव्यमा विविधीकरण हुन नसक्नु, अन्तर्राष्ट्रिय बजारमा नेपालको पर्यटनको प्रवर्द्धन हुन नसक्नु, उपत्यकाको वातावरण स्वच्छ राख्नु, गुणस्तरयुक्त पहुँच मार्गको विकास गर्नु, पर्यटन क्षेत्रमा गुणस्तरीय जनशक्ति विकास गर्नु, पर्यटन गन्तव्यको ब्रान्डिङ गर्दै पर्यटकीय सूचनाको संप्रेषण गर्नु तथा सांस्कृतिक सम्पदा र जीवित सांस्कृतिक परम्पराको संरक्षण र प्रबर्द्धन गर्नु |
| | | | ठूलो सङ्ख्यामा रहेका बचत तथा ऋण सहकारी संस्थाहरूलाई उत्पादन, वितरण र सेवा सहकारीमा रूपान्तरण गर्नु र सहकारी संस्थाहरूमा वित्तीय सुशासन कायम गर्नु र बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरूको नियमन गर्नुका साथै |

| | | | |
|---|---|---|---|
| | | | सहकारी मूल्य, मान्यता र सिद्धान्तको पालना गराउनु |

**सेवा प्रवाह सुधारका लागि गरेका प्रयासहरुः-**

- सूचना प्रविधिको प्रयोगलाई बढवा
- सेवा केन्द्रहरु विस्तार
- अधिकार प्रत्योयजन गरी मातहत कार्यालयमा कार्य जिम्मेवारी तोकिएको
- कार्यरत जनशक्तिलाई उत्प्रेरित गर्न टिम विल्डिङ कार्यक्रम सञ्चालन

**आगामी दिनमा गर्नुपर्ने कानूनी, नीतिगत, संस्थागत, प्रणालीगतलगायतका सुधारका विषयहरुः-**

- जारी भएका ऐनका समयानुकुल संशोधन (प्रदेश सहकारी ऐन, प्रदेश पर्यटन ऐन)
- ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नियम, मापदण्ड र कार्यविधिको तर्जुमा
- सेवा केन्द्रको विस्तार
- सूचना प्रविधिमैत्री कार्यालय तथा सेवा सञ्चालन

**उपसंहारः-**

पर्यटकीय पूर्वाधारहरुको कमी, पूर्वाधार निर्माणका लागि जग्गा प्राप्तिमा कठिनाई, पर्यटन प्रवर्धनको कार्यमा वजेट विनियोजनमा कमि (प्रचारप्रसार आदी), निजी क्षेत्रलाई पर्यटकीय पूर्वाधार निर्माण र प्रवर्धनात्मक कार्यमा प्रोत्साहन गर्न नसक्नु,यस प्रदेशमा रहेका हवाई मैदानहरु सञ्चालनमा नआउनु, पर्यटकीय गन्तव्यहरुको यथेष्ठ अध्ययन र व्राण्डीङ्ग नहुनु,चिन र भारतका प्रमुख शहरहरुमा हवाई तथा बस सेवा सञ्चालन हुन नसक्नु, भाषा, संस्कृति, लोक साहित्य, कला जस्ता मूर्त तथा अमूर्त सम्पदाको संरक्षणमा कमी हुनु, धार्मिक स्थल/व्यक्तिलाई पर्यटन संग जोडन नसक्नु, समन्वय तथा सहकार्यमा अभाव, नेपाली डायस्पोराको प्रयोग गर्न नसकिएको लगायतका चुनौति एवम् समस्याहरुको हल गर्दै विशिष्ट पर्यटन गन्तव्य, धार्मिक तथा सांस्कृतिक सम्पदा, जैविक विविधता युक्त निकुञ्ज र संरक्षण क्षेत्र, तीर्थस्थल, विश्व सम्पदा सूचीमा सूचीकृत ८ सम्पदाहरूको थलो, रमणीय तथा महत्वपूर्ण पदमार्गहरू, हिलस्टेशनहरू, -याफ्टिङ साइटहरू, हिमाल आरोहण, नेपालमा पर्यटकको मूल प्रवेशद्वारको रूपमा रहेको अन्तर्राष्ट्रिय विमानस्थल, चीन, भारत लगायत छिमेकी मुलुकका पचासभन्दा बढी शहरबाट एक घण्टामै आउन सकिने अवस्था, तारे होटलहरू, पर्यटक होटलहरू, होमस्टे लगायत पर्यटन पूर्वाधारमा बढ्दो निजी क्षेत्रको लगानीले यस प्रदेशमा पर्यटन विकासका महत्वपूर्ण अवसरहरूको सदुपयोग गरी पर्यटनका मार्फतबाट प्रदेशको आर्थिक बृद्धीदर हासिल गर्न सकिनेछ।

प्राचीन सांस्कृतिक सम्पदा एवम् तिनीहरूको स्वामित्वमा रहेको सम्पत्तिको वैज्ञानिक अभिलेखीकरण गर्नु, सांस्कृतिक विचलन रोक्नु, अन्तरपुस्ता ज्ञान हस्तान्तरण, संस्कृति, कला, भाषा र सम्पदाहरूको मौलिकपना जोगाइराख्नु, मूर्त तथा अमूर्त सम्पदाहरूको संरक्षण गरी सोको लाभ समुदायले प्राप्त गर्न सक्ने तुल्याउनु, महत्वपूर्ण सम्पदाहरू चोरी तथा नष्ट हुनबाट रोक्नु, सांस्कृतिक गुठी तथा जात्राहरूको संरक्षण र निरन्तरता दिनु, सांस्कृतिक सम्पदाहरूको वैज्ञानिक अनुसन्धान, अध्ययन एवम् संरक्षण गर्नु आदि समस्याहरुको समाधान गर्दै भाषा, लिपि, संस्कृति, ललितकला आदिको संरक्षण र उपयोग प्रदेशको कार्य दायरामा रहेको, जातीय संस्कृतिको संरक्षणमा समुदायहरूको बढ्दो सकृयता, धार्मिक, पुरातात्विक एवम् ऐतिहासिक सम्पदाहरूको संरक्षण तथा सम्वर्धन र भूकम्पपश्चात् सांस्कृतिक सम्पदाहरूको पुनर्निर्माणले गति लिनका साथै सम्पदा पुनर्निर्माणप्रति बढ्दो

जनचासो, सांस्कृतिक एवम् धार्मिक विविधताकाबीच सद्भाव अभिवृद्धि भएकाले राष्ट्रिय एकता सुदृढ गर्नका साथै बाह्य धार्मिक पर्यटकलाई आकर्षण गर्न सकिने अवस्था रहनु आदिले संस्कृतिको संरक्षण र विकासलाई आयआर्जन र रोजगारीका अवसरहरूसँग जोडेर प्रदेशको समृद्धिमा योगदान पुयाउने अवसर प्राप्त छ।

पर्यटन पूर्वाधार विकास, पर्यटन बजारको विकास, विस्तार तथा सुदृढीकरण, गुणस्तरीय लगानी आकर्षण र पर्यटकीय क्रियाकलाप तथा गन्तव्यको विविधीकरण गर्ने; पर्यटन व्यावसायबाट उच्च मूल्य अभिवृद्धि गर्ने; वातावरणीय उत्तरदायित्व र दिगो अभ्यासको सुनिश्चितता, एक जिल्ला न्यूनतम एक पर्यटकीय गन्तव्य र एक स्थानीय तह बहुपर्यटन गाउँ प्रवर्द्धन गर्ने; पर्यटन विस्तारित लेखा तयारी, पर्यटक सुरक्षा, प्रचारप्रसार तथा पर्यटन सूचना सञ्जालीकरण गर्नु पर्ने आवश्यकता रहेको  छ।

पर्यटन उपजहरूको विकास गरी प्रचार प्रसार एवम् आतिथ्यता व्यवस्थापनमा सुधार; पर्यटन प्रर्वद्धन मार्फत पर्यटक आगमन सङ्ख्यामा वृद्धि गरी नेपाल बसाइको अवधि लम्ब्याउने कार्यक्रम; पर्यटकको दैनिक खर्च रकममा वृद्धि ल्याउने र पर्यटन व्यावसायबाट अधिकतम मूल्य अभिवृद्धि गर्ने उपायको अवलम्बन; रोजगारीका अवसरहरूमा वृद्धि तथा पर्यटन क्षेत्रको विविध विधामा अध्ययन अनुसन्धान; स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गरी पर्यटन क्षेत्रको समग्र विकासका लागि पर्यटकीय पूर्वाधारहरूको विकास तथा विस्तार, धार्मिक, सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा सम्वर्द्धन गरी थप आकर्षक गन्तव्यको पहिचान र विकास; प्रमुख पर्यटकीय स्थलहरूलाई अन्य पर्यटकीय गन्तव्यसँग जोडी आर्थिक लाभ हुने अवस्थाको सिर्जना; पर्यटनलाई सांस्कृतिक सम्पदासँग जोड्ने; सार्वजनिक-निजी साझेदारिमा भारत, चीन लगायत अन्य मुलुकका पर्यटकहरूलाई लक्षित गरी पर्यटन प्रवर्द्धनकारी कार्यक्रम सञ्चालन; स्थानीय उत्पादनलाई पर्यटकीय उपजको रूपमा प्रर्बद्धन गरी अग्र र पृष्ठ सम्बन्ध विकास; स्थानीय तहसँगको समन्वयमा ग्रामीण पर्यटन विस्तार; मुलुकभरका पर्यटकीय सम्पदामा स्थानीय समुदायको सक्रियता र सहभागिताको सम्मान गर्दै पर्यटनबाट भएको आम्दानीको यथोचित सुव्यवस्था, बाँडफाँट तथा वितरण; पर्यटन उद्यममा पिछडिएको समुदाय, महिला, दलित तथा आदिवासी जनजातिको संलग्नतालाई प्रोत्साहन तथा क्षमता विकास गरी यस प्रदेशलाई पर्यटनका मार्फतबाट सम्मुनत प्रदेश बनाउन सकिनेछ।

प्रदेशमा रहेका सहकारी संस्थाहरूलाई सहकारीको सिद्धान्त, नीति, नियम र मापदण्डमा सञ्चालन गर्नु; सहकारीमा स्वनियमन र सुशासनको अभिवृद्धि गर्नु; सहकारीको लगानी र कर्जा प्रवाह उत्पादन तथा रोजगारी बढाउने क्षेत्रमा केन्द्रित गर्नु; सर्वसाधारण नागरिकको बचत जोखिममा पर्ने अवस्थाको अन्त्य गर्नु; सहकारी क्षेत्रका लागि दोस्रो तहको नियामक संरचना स्थापना गर्नु; ठूलो कारोबार भएका बचत तथा ऋण सहकारी संस्थाको नियमन र अनुगमनको विशेष व्यवस्था गर्नु पर्ने आवश्यक रहेको छ।

मध्यस्थतामा भन्दा उत्पादनशील क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने; बचत तथा ऋणको कारोबार गर्ने सहकारीलाई स्वनियमन र सुशासन प्रवर्द्धनमा कडाई गर्ने; सहकारीको वित्तीय कारोबारको जोखिम न्यूनीकरण गर्न कर्जा सूचना केन्द्र, बचत तथा कर्जा सुरक्षण कोष तथा स्थिरीकरण कोषको स्थापना तथा सञ्चालन गरी नागरिकको बचत रकम माग गरेको अवस्थामा तत्कालै उपलब्ध गराउने व्यवस्थालाई अनिवार्य गराउने; सहकारी संस्थाहरूको आन्तरिक लेखा प्रणाली एवम् तथ्याङ्क सङ्कलन र विश्लेषणलाई पारदर्शी र प्रभावकारी बनाउन सहकारीसम्बन्धी व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी बनाउने; नियमन तथा अनुगमनको निमित्त दोस्रो तहको नियमनकारी निकाय स्थापना गर्ने साथै सहकारीको वर्गीकरण, एकीकरण र संरचनागत सुधार गर्ने; सहकारीको आन्तरिक

लेखापरीक्षण सुदृढीकरण एवम् प्रमाणीकरण गर्ने; सहकारी सञ्चालनमा व्यवस्थापकीय सिप एवम् दक्षताको प्रयोग गर्ने; बचत तथा ऋणको कारोबार गर्ने सहकारीको वासलात तथा कारोबारका आधारमा नियामकीय व्यवस्थापन गर्ने; उत्पादनमूलक सहकारीको उत्पादन, ब्रान्डिङ् र बजारसँग आबद्धता र सहकारी संस्थाहरूको सघन अनुगमन तथा सुपरीवेक्षण गरी बचतकर्ताको लगानी सुरक्षण र छरिएर रहेको पुँजी एकीकृत गरी स्थानीय उत्पादकत्वमा बढावा गरी ग्रामीण जीवनस्तर उकास्न सकिन्छ।

## १४. प्रदेश नीति तथा योजना आयोग

प्रदेश नीति तथा योजना आयोग यस प्रदेशको नीति तथा योजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयनमा अनुगमन, मूल्याङ्कन र सहजीकरण गरी प्रदेश सरकारलाई सल्लाह र सहयोग गर्ने विशिष्टकृत निकायको रुपमा रहेको छ। यस आयोगअन्तर्गत जम्मा २१ जनाको दरबन्दी रहेकोमा हाल १४ जना कर्मचारीहरु मात्र कार्यरत रहेका छन्। आयोगको स्वीकृत दरबन्दी तथा पदपूर्तिको अवस्था देहायबमोजिम रहेको छ।

| स्वीकृत दरवन्दी | | | पदपूर्ति विवरण | | |
|---|---|---|---|---|---|
| अधिकृत तह | सहायकस्तर | श्रेणी विहिन | अधिकृत तह | सहायकस्तर | श्रेणी विहिन |
| ५ | ८ | ८ | १ | ५ | ८ |

**आर्थिक वर्ष २०८०/०८१ को प्रदेश सरकारको नीति तथा कार्यक्रमअन्तर्गत निकायको प्रगति विवरण**

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलब्धि |
|---|---|
| प्रदेश गौरवका आयोजना छनौट गर्ने मापदण्ड तर्जुमा गरिने छ। प्रदेश गौरवका आयोजना, बहुवर्षीय तथा क्रमागत आयोजना तोकिएको समयभित्रै सम्पन्न गर्ने व्यवस्था मिलाइने छ। आयोजनाको अनुगमन तथा मूल्याङ्कनलाई थप प्रभावकारी बनाइने छ। | प्रदेश गौरव आयोजना छनौट मापदण्डको मस्यौदा तर्जुमा गरिएको।<br>आयोजनाको अनुगमन तथा मूल्याङ्कनलाई थप प्रभावकारी बनाउन प्रदेश विकास आयोजना अनुगमन तथा मूल्याङ्कन कार्यविधि तर्जुमा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरिएको। |
| पहिलो आवधिक योजनाको समीक्षा गरी योजना कार्यान्वयनको उपलब्धि र सिकाइका आधारमा दोस्रो आवधिक योजना तर्जुमा गरिने छ। | पहिलो आवधिक योजना कार्यान्वयनको उपलब्धि र सिकाइ तथा नयाँ आवश्यकता, सम्भाव्यता र प्राथमिकताको आधारमा दोस्रो आवधिक योजना तर्जुमा गरिएको। |
| प्रदेश लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश नीति तथा योजना आयोग र प्रदेश सुशासन केन्द्रको संस्थागत सुदृढीकरण गरिने छ। | प्रदेश नीति तथा योजना आयोगको संस्थागत सुदृढीकरणका लागि प्रदेश नीति तथा योजना आयोग ऐनको मस्यौदा तर्जुमा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरिएको। |

**आर्थिक वर्ष २०८०/०८१ को बजेट उपशीर्षकअनुसारको प्रगति विवरणः**

आयोगको आ.व. २०८०/०८१मा कुल विनियोजित बजेटको ६०.२१ प्रतिशत रहेको छ। जसअन्तर्गत चालूतर्फ ५८.१७ प्रतिशत र पूँजीगततर्फ ९७.२६ प्रतिशत रहेको छ। बजेट उपशीर्षकअनुसारको खर्च विवरण निम्नअनुसार रहेको छ।

| क्र.स. | बजेट उपशीर्षक | चालू खर्च | खर्च प्रतिशत | पूँजीगत खर्च | खर्च प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|
| १ | ३९१०००११३ | २५९०३५१३.४० | ५८.२ % | - | - | - |
| २ | ३९१०००११४ | - | - | २३८२९१२.०० | ९७.३ % | - |

**क्षेत्रगत मुख्य कार्यक्रमको प्रगति र आम्दानी विवरणः**

आर्थिक वर्ष २०८०/०८१ को क्षेत्रगत रूपमा सम्पादित मुख्य कार्यक्रमहरूको प्रगति/उपलब्धि सूचकको विवरणः

| क्र.स. | क्षेत्र | कार्यक्रमको नाम | एकाई | उपलब्धि विवरण | कै. |
|---|---|---|---|---|---|
| १. | विविध | दोस्रो आवधिक योजना तर्जुमा | सङ्ख्या १ | दोस्रो आवधिक योजना तर्जुमा भई जारी भएको। | |
| | | प्रदेश तथ्याङ्क ऐन निर्माण | सङ्ख्या १ | प्रदेश तथ्याङ्क ऐनको मस्यौदा तर्जुमा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरिएको। | |
| | | प्रदेश नीति तथा योजना आयोग ऐन निर्माण | सङ्ख्या १ | प्रदेश नीति तथा योजना आयोग ऐनको मस्यौदा तर्जुमा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरिएको। | |
| | | प्रदेश आयोजना बैंक सञ्चालन दिग्दर्शन तर्जुमा | सङ्ख्या १ | प्रदेश आयोजना बैंक सञ्चालन दिग्दर्शन तर्जुमा गरिएको। | |
| | | प्रदेश गौरव आयोजना छनौट मापदण्ड तर्जुमा | सङ्ख्या १ | प्रदेश गौरव आयोजना छनौट मापदण्डको मस्यौदा तयार भएको। | |
| | | प्रदेशमा खेती गरिएका रैथाने बाली सम्बन्धी अध्ययन | सङ्ख्या १ | रैथाने बाली सम्बन्धी अध्ययन गरी प्रतिवेदन तयार गरिएको | |

**आर्थिक वर्ष २०८०/०८१ को आम्दानी विवरणः**

| क्र.स. | राजश्व शीर्षक | आम्दानी (रु. हजारमा) |
|---|---|---|
| | १५१११(बेरूजू) | ७५००।- |

**सुशासन ऐन ,२०७७ को दफा ४२ (२) बमोजिम मन्त्रालय/निकाय तथा मातहतका कार्यालयहरूमा सुशासन कायम गर्न गरेका सुधारका कार्यक्रम र त्यसबाट प्राप्त परिमाणः**

| क्र.स. | सुधारका क्षेत्रहरू | सुधारका कार्यक्रमहरू | प्राप्त परिमाणको विवरण |
|---|---|---|---|
| १. | वित्तीय जोखिम न्यूनिकरण सम्बन्धी क्षमता विकास | वित्तीय जोखिम न्युनीकरण सम्बन्धी तालिममा सहभागी भएको, वार्षिक प्रतिवेदन तयार गरी पेस गरेको। | क्षमता विकास भएको। |
| २. | सूचनाको हकसम्बन्धी कानूनको पालना | सूचनाको हक सम्बन्धी कानून बमोजिम सूचना अधिकारी तोकिएको, सूचनाहरू नियमित (स्वतः) प्रकाशन गरिएको। | आयोगका काम कारवाही सम्बन्धी सूचनाहरू नियमित रूपमा प्रकाशित हुने गरेको। |
| ३. | आयोगको वेबसाइट अध्यावधिक | आयोगको वेबसाइट नियमित अध्यावधिक गरिएको। | आयोगसँग सम्बन्धित नयाँ जानकारीहरू अध्यावधिक हुने गरेको। |

**प्रदेश सुशासन ऐन, २०७७ र नियमावली, २०७७ बमोजिम मन्त्रालय/निकायले गर्नुपर्ने कार्यजिम्मेवारी र सो सम्बन्धमा भएका प्रगतिः**

| क्र.स. | ऐन तथा नियमावलीले तोकेका कार्यजिम्मेवारी | सम्पादन भएको काम/प्रगति | कैफियत |
|---|---|---|---|
| १ | प्रादेशिक नीति तथा योजना तर्जुमा | दोस्रो आवधिक योजना तर्जुमा।<br>प्रदेश गौरब आयोजना छनौट मापदण्डको मस्यौदा तयार।<br>प्रदेश आयोजना बैंक सञ्चालन दिग्दर्शन तयार।<br>प्रदेश तथ्याङ्क ऐन र प्रदेश नीति तथा योजना आयोग ऐनका मस्यौदाहरू तर्जुमा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरिएको। | |
| २ | अनुगमन तथा मूल्याङ्कन | अनुगन तथा मूल्याङ्कन कार्यविधिको मस्यौदा तर्जुमा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरिएको। | |
| ३ | अध्ययन अनुसन्धान | बागमती प्रदेशको रैथाने बाली सम्बन्धी अध्ययन गरिएको | |
| ४ | तहगत समन्वय | दोस्रो आवधिक योजना तर्जुमाका सम्बन्धमा राष्ट्रिय योजना आयोग, अन्य प्रदेश योजना आयोग, स्थानीय तह, निजी क्षेत्र, सहकारी संस्था, विकास साझेदार, सङ्घ संस्था र विषय विज्ञहरूसँग परामर्श गरिएको।<br>वार्षिक नीति तथा कार्यक्रम र वार्षिक योजना तर्जुमाका सम्बन्धमा स्थानीय तहहरूसँग जिल्लास्तरीय योजना तर्जुमा गोष्ठीहरू सञ्चालन गरी सुझाव सङ्कलन गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मन्त्रालयहरूमा पेस गरिएको। | |

**मन्त्रालय/निकायगत सबल पक्षहरू, कमीकमजोरीहरू, मन्त्रालयगत/निकायगत अवसरहरू र चुनौतीहरूः-**

| सबल पक्षहरू | कमीकमजोरीहरू | अवसरहरू | चुनौतीहरू |
|---|---|---|---|
| १. प्रदेश सरकारको दीर्घकालीन नीति तथा योजना, अध्ययन अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन र तहगत समन्वयका लागि विशिष्टीकृत निकायको रूपमा स्थापित भएको।<br>२. विकास साझेदाहरूको प्राविधिक सहयोग प्राप्त भइरहेको। | १. अध्ययन अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन र तहगत समन्वय सम्बन्धी कार्यमा ध्यान कम गएको।<br>२. प्रदेश तथ्याङ्क ऐनको अभावमा प्रादेशिक तथ्याङ्क व्यवस्थापन गर्न नसकेको।<br>३. आयोजना बैंक सञ्चालनमा ल्याउन नसकेको।<br>४. आयोगको क्षमता विकासको कार्य हुन नसकेको। | १. नीतिगत अध्ययन अनुसन्धान गर्नुपर्ने आवाज उठेको र आयोगको कार्यक्षेत्रभित्र सो विषय रहेको।<br>२. नीतिगत र नतिजामुखी अनुगमन प्रणाली अवलम्बन गर्नुपर्ने महसुस भएको र आयोगको कार्यक्षेत्रभित्र सो विषय रहेको। | १. आयोगको कमजोर संस्थागत क्षमता।<br>२. आयोजना केन्द्रित र परम्परागत अनुगमन प्रणालीको अभ्यास।<br>३. आयोगको नेतृत्वमा राजनीतिक उतारचढावले प्रभाव पर्ने गरेको। |

**सेवा प्रवाह सुधारका लागि गरेका प्रयासहरूः**

- जनतालाई प्रत्यक्ष सेवा प्रवाह गर्ने कार्य आयोगको कार्यक्षेत्रमा नपरेको।

**आगामी दिनमा गर्नुपर्ने कानूनी ,नीतिगत ,संस्थागत ,प्रणालीगत लगायतका सुधारका विषयहरू**

<u>कानुनी तथा नीतिगत सुधारका विषयहरू</u>

- प्रदेश तथ्याङ्क ऐन र नियमावलीको व्यवस्था
- प्रदेश नीति तथा योजना आयोग ऐनको व्यवस्था
- आयोजना बैंक सञ्चालन सम्बन्धी कानुनी व्यवस्था

<u>संस्थागत तथा प्रणालीगत सुधारका विषयहरू</u>

- आवधिक योजना, दिगो विकास लक्ष्य, क्षेत्रगत गुरु योजना, रणनीतिक योजना आदिको कार्यान्वयन अवस्थासम्बन्धी प्रतिवेदन तयार गर्ने र अनुगमन तथा मूल्याङ्कन गर्ने,
- आवधिक योजनालाई ध्यानमा राखी वार्षिक नीति तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तर्जुमा भएपछि मात्र सोका आधारमा बजेट तर्जुमा गर्ने प्रणाली स्थापित गर्ने,
- पूर्वतयारी पूरा गरी आयोजना बैंकमा समावेस भएका आयोजनाहरूमा बजेट विनियोजन गर्ने,
- पूर्व तयार नभएका आयोजनाहरूलाई पूर्व तयारी सम्बन्धी कार्यका लागि मात्र बजेट विनियोजन गर्ने।

**उपसंहारः-**

प्रदेश नीति तथा योजना आयोग प्रदेश सरकारको दीर्घकालीन नीति तथा योजना ,अध्ययन अनुसन्धान ,अनुगमन तथा मूल्याङ्कन र तहगत समन्वयका लागि विशिष्टीकृत निकायको रूपमा स्थापित भएको भएता पनि सोसम्बन्धी कार्य गर्नका लागि तदनुकुल यसको संस्थागत क्षमता विकास गर्न आवश्यक प्रयासहरु गरिरहेको छ।

## १५. प्रदेश लोक सेवा आयोग

प्रदेश लोक सेवा आयोग यस प्रदेश सरकारका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने रणनीतिक तथा विशिष्टकृत निकायको रुपमा रहेको छ। योग्यता प्रणालीमा आधारित भई सार्वजनिक सेवामा आवश्यक जनशक्तिको उत्पादन गर्ने जिम्मेवारी यस आयोगमा रहेको छ। यस आयोगअन्तर्गत जम्मा ४१ जनाको दरबन्दी रहेकोमा हाल २६ जना कर्मचारीहरु मात्र कार्यरत रहेका छन्। आयोगको स्वीकृत दरबन्दी तथा पदपूर्तिको अवस्था देहायबमोजिम रहेको छ।

| स्वीकृत दरवन्दी | | | पदपूर्ति विवरण | | |
|---|---|---|---|---|---|
| अधिकृत तह | सहायकस्तर | श्रेणी विहिन | अधिकृत तह | सहायकस्तर | श्रेणी विहिन |
| १४ | १५ | १२ | ११ | ८ | ७ |

आर्थिक वर्ष २०८०/०८१को प्रदेश सरकारको नीति तथा कार्यक्रमअन्तर्गतको प्रगति विवरणः

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/उपलब्धि |
|---|---|
| प्रशासनिक सङ्घीयता कार्यान्वयनको लागि जारी भएका प्रदेश निजामती सेवा ऐन,२०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम स्थानीय तहको प्रशासकीय अधिकृतको पदपूर्ति प्रदेश लोक सेवा आयोगबाट गरिनेछ। | सङ्घीय कानूनको अभावमा पदपूर्तिमा अन्यौलता भएको तथापी स्थानीय तहमा सातौं/आठौं को पदपूर्ति भइरहेको। |

बजेट उपशीर्षकअनुसारको प्रगति विवरणः

आयोगको आ.व. २०८०/०८१मा कुल विनियोजित बजेटको ६२.१२ प्रतिशत खर्च भएको छ। जसअन्तर्गत चालू खर्चतर्फ ६४.५८ प्रतिशत र पूँजीगत खर्चतर्फ ३१.९६ प्रतिशत खर्च भएको छ। आयोगको बजेट खर्च उपशीर्षकअनुसारको खर्च विवरण देहायअनुसार रहेको छ।

| क्र.स. | बजेट उपशिर्षक | चालू खर्च | खर्च प्रतिशत | पूँजीगत खर्च | खर्च प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|
| १ | २१०००००१३ | ५१,२२,३७८ | ६८.९४ | - | - | |
| २ | २१००००११३ | ६,६९,२८,२१८.३० | ६४.२४ | - | - | |
| ३ | २१००००११४ | - | - | २९,१०,३३९.९ | ३१.९६ | |

<u>आम्दानी विवरणः</u>

| क्र.सं. | राजश्व शीर्षक | आम्दानी (रु. हजारमा) |
|---|---|---|
| १ | १४२२४(परीक्षा शूल्क) | १,०७,७१०.८ |
| २ | १४२२९(अन्य प्रशासनिक सेवा शूल्क) | ७१.४ |
| ३ | १५१११(बेरूजु) | २८.८ |
| | जम्माः | १०७८१०.२ |

प्रदेश सुशासन ऐन ,२०७७ को दफा ४२(२) बमोजिम मन्त्रालय/निकाय तथा मातहतका कार्यालयहरूमा सुशासन कायम गर्न गरेका सुधारका कार्यक्रम र त्यसबाट प्राप्त परिमाण:-

| क.स | सुधारका क्षेत्रहरू | सुधारका कार्यक्रमहरू | प्राप्त परिमाणको विवरण |
|---|---|---|---|
| १ | व्यवस्थापनका क्षेत्र | ई-हाजिरी लागू<br>अनुगमन<br>खरिद कार्यक्रमहरु | पूर्ण रूपमा ई-हाजिरी लागु<br>स्थानीय निकायहरूको अनुगमन<br>आवश्यक सामाग्रीहरूको खरिद |
| २ | परीक्षा सञ्चालनको क्षेत्र | विज्ञापन आह्वान<br>अभिमुखीकरण<br>PRMS सञ्चालन | १६९३ पदको विज्ञापन<br>परीक्षामा खटिने जनशक्तिहरूलाई अभिमुखीकरण<br>Online बाट दरखास्त प्राप्त भएको |
| ३ | सेवा प्रवाहको क्षेत्र | इमेलबाट पनि गुनसो लिने व्यवस्था<br>प्रदेश राजधानी बाहिर परीक्षा सञ्चालन | प्राप्त गुनासो उपर फछ्र्यौट भएको<br>काठमाण्डौ उपत्यकामा सहायक पाँचौं तह प्रशासनको परीक्षा सञ्चालन भएको |

प्रदेश सुशासन ऐन, २०७७ र नियमावली, २०७७ बमोजिम मन्त्रालय/निकायले गर्नुपर्ने कार्यजिम्मेवारी र सो सम्बन्धमा भएका प्रगति:-

| **क.सं.** | **ऐन तथा नियमावलीले तोकेका कार्यजिम्मेवारी** | **सम्पादन भएको काम/ प्रगति** | **कैफियत** |
|---|---|---|---|
| १. | निष्पक्षता, तटस्थता तथा योग्यता प्रणालीको संरक्षण गर्नु | निष्पक्ष रूपमा परीक्षा सञ्चालन तथा योग्यता प्रणालीमा आधारित सिफारिस | |
| २. | कर्मचारीको वृत्ति विकासको सुनिश्चितता तथा कर्मचारीको संरक्षण गर्नु | बढुवाको कामलाई निरन्तरता<br>उजुरी सुन्ने र दिने मौका दिइएको<br>नियम विपरित हुने बढुवालाई बदर गरेको | |
| ३. | अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली | स्थानीय तहहरूको अनुगमन गरिएको<br>समयमै वार्षिक प्रगति प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गरेको | |

**मन्त्रालय/निकायगत सबल पक्षहरू, कमीकमजोरीहरू, मन्त्रालयगत/निकायगत अवसरहरू र चुनौतीहरूः-**

| सबल पक्षहरू | कमीकमजोरीहरू | अवसरहरू | चुनौतीहरू |
|---|---|---|---|
| निष्पक्ष तथा तटस्थता कायम | कर्मचारीहरूको कमी | प्रदेश लोक सेवा प्रतिको विश्वसनीयता प्रगाढ बनाउने अवसर | कार्यतालिका अनुसार निर्धारित समयमा कार्य समापन गर्न |
| अनलाइन दरखास्त सङ्कलन प्रणाली (PSRMS) सञ्चालन | समयमै सिफारिस नभएको | बढी भन्दा बढी उम्मेदवारलाई आकर्षण गर्ने अवसर | सिमित कर्मचारीद्वारा कार्यबोझ सन्तुलन गर्न |

सेवा प्रवाह सुधारका लागि गरेका प्रयासहरू:-

- अनलाइन दरखास्त सङ्कलन प्रणाली (PSRMS) सञ्चालन
- सम्पर्क कार्यालय प्रदेश सुशासन केन्द्रमा अन्तर्वार्ताहरु सञ्चालन भई सेवा लागतलाई कम गर्ने प्रयास भएको
- ईमेल मार्फत गुनासो सम्बोधन गर्ने गरेको
- आयोगको वेवसाइटलाई चुस्त दुरूस्त राखिएको
- आवश्यकता अनुसार प्रदेश राजधानी बाहिर परीक्षा सञ्चालन गरी सेवा प्रवाह गरेको

आगामी दिनमा गर्नुपर्ने कानूनी ,नीतिगत ,संस्थागत ,प्रणालीगत लगायतका सुधारका विषयहरू:-

कानूनी

- सङ्घीय ऐनसँग सामञ्‍जस्यता हुने गरी सेवा ऐन संशोधन गरिनुपर्ने
- सेवा ऐनमा भएको द्विविधाहरूलाई संबोधन गरिनुपर्ने

नीतिगत

- लोक सेवा आयोगको सम्मलेनहरूको निर्णयहरू कार्यान्वयनमा एकरूपता कायम हुनुपर्ने
- तिनै तहमा भएका कर्मचारीहरूको कर्मचारीहरूको संकेत नम्बर सम्बन्धमा एकरूपता
- सातवटा प्रदेशको सेवा ऐनमा एकरूपता कायम गरिनुपर्ने

संस्थागत

- सेवा प्रवाहको लागि एकाइ कार्यालय स्थापना गरिनुपर्ने
- रिक्त पदाधिकारीहरूको पूर्ति गरिनुपर्ने
- आयोगको भवन व्यवस्थापन गरिनुपर्ने
- पर्याप्त कर्मचारीको व्यवस्था गरिनुपर्ने

प्रणालीगत

- माग आकृति फाराम Online बाट लिने व्यवस्था गरिनुपर्ने
- पाठ्यक्रमलाई समय सापेक्ष सुधार गरिनुपर्ने
- Best Mind हरूलाई सम्बोधन गर्न Innovative परीक्षा प्रणालीमा जोड दिनुपर्छ।

उपसंहार:-

बागमती प्रदेश सरकारका निकायहरु एवम् बागमती प्रदेश भित्रका स्थानीय तहहरु, प्रदेश र स्थानीय तह अन्तर्गतका संगठित संस्थाहरु, प्रदेश प्रहरी र प्रदेश अनुसन्धान ब्युरोका स्वीकृत दरबन्दीमा रिक्त रहेका विभिन्न सेवा, समूह, उपसमूह र तहका पदहरुको पदपूर्ति गर्ने अभिभारा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले प्रदान गरेको छ।प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान व्युरो, प्रदेश संगठित संस्थाको सेवा तथा स्थानीय तहको संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारहरुको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन

गर्दै प्रदेश भित्रको सार्वजनिक प्रशासनलाई सझम, सुदृढ र सेवामुखी बनाउन सक्षम जनशक्तिको आपूर्ति गर्ने आयोगको जिम्मेवारी रहेको छ।

सोही जिम्मेवारी अनुसार आयोगले निष्पक्ष, प्रतिस्पर्धा र योग्यता प्रणालीको माध्यमबाट परीक्षा सञ्चालन गरी गुणस्तरीय, चुस्त र परिणाममुखी सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्न सक्ने सक्षम र योग्य जनशक्तिको समुचित व्यवस्था गर्दै सार्वजनिक प्रशासनमा योग्यता प्रणालीलाई स्थापित गर्दै आएको छ। यस आर्थिक वर्षमा गरिएको १६९९ पदको विज्ञापन विगतका आर्थिक वर्ष मा भएको ७९५ पदको विज्ञापन भन्दा दुई गुणा बढी रहेको छ। प्रदेश लोक सेवा आयोगको इतिहासमा सबैभन्दा ठूलो प्रशासन सेवा तर्फ पाँचौ तहको परीक्षामा दरखास्त दिनेहरूको संख्या ३५ हजार थियो। उक्त ३५ हजार उम्मेदवारहरूको परीक्षा सञ्चालनको लागि काठमाण्डौ उपत्यकामा २५ हजार तथा प्रदेश राजधानी हेटौडामा १० हजार परीक्षार्थीहरूको लागि परीक्षा सञ्चालनको योजना गरी परीक्षा सञ्चालन भएको थियो। सिमित कर्मचारी तथा स्रोत साधनको अभावमा पनि प्रदेश लोक सेवा आयोग आफ्नो गरिमा उच्च राख्न सफल भएको महसुस भएको छ।

अत: बजारमा उपलब्ध बौद्धिक वर्गलाई सेवामा आकर्षण गरी प्राप्त जनशक्तिलाई टिकाइ राख्न चुनौतीपूर्ण देखिएको वर्तमान अवस्थामा कानूनी, नीतिगत, संस्थागत तथा प्रणालीगत सुधार गरी सेवा प्रति आकर्षण बढाउन सफल हुनु आयोगको महत्वपूर्ण चुनौती रहेको देखिन्छ।

## १६. मुख्यन्यायधिवक्ताको कार्यालय

नेपालको संविधान,२०७२ को धारा १६० बमोजिम प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार तथा सरकारको प्रतिरक्षा गर्ने जिम्मेवारीका साथ स्थापित विशिष्टकृत निकाय हो।यस कार्यालयअन्तर्गत कुल ९ दरवन्दी रहेकोमा हाल ८ जना कर्मचारी तथा पदाधिकारीको पदपूर्ति भएको अवस्था छ।यस कार्यालयको स्वीकृत दरबन्दी तथा पदपूर्तिको विवरण निम्नअनुसार रहेको छ।

| स्वीकृत दरवन्दी | | | पदपुर्ति विवरण | | |
|---|---|---|---|---|---|
| अधिकृत तह | सहायकस्तर | श्रेणी विहिन | अधिकृत तह | सहायकस्तर | श्रेणी विहिन |
| ४ | २ | ३ | ४ | १ | ३ |

यस कार्यालयको आ.व. २०८०/०८१मा सङ्घीय तथा प्रदेश स्रोततर्फको कुल विनियोजित बजेटको ८१.९६ प्रतिशत खर्च भएको देखिन्छ। जसमा चालूतर्फ ८१.०८ प्रतिशत र पूँजीगत खर्चतर्फ ९५.९४ प्रतिशत खर्च भएको छ।यस कार्यालयअन्तर्गतको बजेट उपशीर्षकगत खर्च विवरण निम्नअनुसार रहेको छ।

| क्र.स. | बजेट उपशिर्षक | चालू खर्च | खर्च प्रतिशत | पूँजीगत खर्च | खर्च प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|
| १ | | रु.२,०८,३४,३९० | ८६.४३ | | ९५.९४ | |

सेवा प्रवाह सुधारका लागि गरेका प्रयासहरु

(१) प्रदेश सरकारको हक हित र सरोकार रहेका मुद्दामा प्रभावकारीता ल्याउन मुद्दाको प्रकृति र गाम्भीर्यतालाई मनन गरी सामूहिक प्रतिनिधित्व गर्ने गरेको :-

- सामुहिक प्रतिनिधित्व
- सान्दर्भिक नजिर, कानूनी अभ्यासका विषयमा छलफल,
- लिखित जवाफमा प्रभावकारीता ल्याउने सरोकारवाला निकाय संग आवधिक छलफल गर्ने एव अन्तरक्रिया गर्ने,
- प्रदेश सरकारद्धारा स्वीकृत मापदण्डको आधारमा नीजि कानून व्यवसायीको सेवा उपलब्ध गराउने,
- कर्मचारी क्षमता अभिवृद्धिको लागी तालिम प्रदान गर्ने,

(२) मुद्दाको मिसिल अध्यावधिक गर्ने :

(३) कानूनी राय प्रदान गर्ने कार्य प्रभावकारी वनाउने :-

संस्थागत क्षमता अधिवृद्धि गर्ने,

मुख्यन्यायाधिवक्ताको नियमावली बागमती प्रदेश सरकारको मन्त्रिपरिषद्बाट पारित भएपछि वरिष्ठ अधिवक्ता, अधिवक्ता र बैतनिक अधिवक्ता नियुक्ति गरी अदालतहरुमा प्रतिनिधित्व प्रभावकारी वनाउने,

भौतिक पूर्वाधारको विकास गर्ने,

मुख्यन्यायाधिवक्ताको कार्यालयलाई सूचना प्रविधिमा आवद्ध गराउने,

सरोकारवालाहरुसंगको समन्वयलाई प्रभावकारी बनाउने,

कानूनी मस्यौदामा सहयोग गर्ने,

प्रदेश सभाको विषयगत समितिहरुमा सहयोग गर्ने,

(४) सचेतना तथा तालिम कार्य संचालन गर्ने,

(५) मानवअधिकारको संरक्षण गर्ने,

(६) सातै प्रदेशको मुख्यन्यायाधिवक्ताहरुको सम्मेलन गर्ने,

(७) कर्मचारी र नियुक्त भएका कानूनी व्यवसायी समेतका लागि आचार संहिता निर्माण गर्ने,

(८) मुख्यन्यायाधिवक्ताको समग्र कार्यमा प्रभावकारीता ल्याउन रणनीतिक योजना तयार गरी सो आधारमा कार्यसम्पादन गर्ने,

(९) महान्याधिवक्ताको कार्यालयसंग समन्वय गरी कारागार हिरासतमा रहेका थुनुवा कैदी बन्दि तथा बाल सुधार गृहमा रहेका बालवालिकाहरु प्रति उनीहरुको मानवअधिकारको अवस्थाबारे अनुगमन गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा महान्यायाधिवक्ता कार्यालयमा अनुगमन प्रतिवेदन पेश गर्ने।

(१०) सरोकारवाल प्रहरी, सरकारी वकिल, अदालत, कारागार कार्यालय, नेपाल वार एसोसियन आदीसँग समन्वय र सहकार्य गर्ने।

(११) प्रदेश कानूनको बारेमा सरोकारवालाहरुलाई जानकारी गराउने।

(१२) नेपाल सरकार र प्रदेश सरकार दुवै विपक्षी भएको मुद्दामा सरकारी वकिलसँग समेत समन्वय गर्ने।

**आगामी दिनमा गर्नुपर्ने कानूनी,नीतिगत,संस्थागत, प्रणालीगतलगायतका सुधारका विषयहरुः**

१. नेपालको संविधानले महान्यायाधिवक्ताको मातहत रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था छ। तर मुख्य न्यायाधिवक्ताको नियुक्ति, सेवा, शर्त तथा सुविधा, काम, कर्तव्य र अधिकार निर्धारण जस्ता विषयमा प्रष्ट संवैधानिक व्यवस्था रहेको हुँदा उक्त मातहत भन्ने शाब्दिक अन्यौलता समाप्त हुन आवश्यक छ।

२. मुख्यन्यायाधिवक्ताको कार्यालयका कर्मचारीहरुको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयबाट हुने संवैधानिक प्रावधान रहेको छ। मुख्यन्यायाधिवक्ता र आफ्नो मातहतमा रहने कार्यालयका कर्मचारीहरुको व्यवस्था प्रदेश सरकारबाटै हुने व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ।

३. मुख्यन्यायाधिवक्ताको कार्यालयका कर्मचारीको दरबन्दी तथा पदपूर्तिको स्थिति हेर्दा मानव संसाधन योजनामा समुचित ध्यान पुग्न सकेको छैन। मुख्यन्यायाधिवक्तालाई संविधान र ऐन, कानूनले दिएको जिम्मेवारी प्रभावकारी रुपले निर्वाह गर्न मानव संसाधन योजना निर्माण गरी लागू गर्न जरुरी छ र त्यसका लागि संवैधानिक तथा कानूनी जटिलताको अन्त्यको पहल गरिनु पर्दछ।

४. स्थानीय सरकारमा न्यायिक समितिले न्यायिक कार्य गर्न पाउने संवैधानिक व्यवस्था अनुरुप प्रदेश सरकारको मुख्य न्यायाधिवक्ता र सो मातहतका निकायले के-कसरी समन्वय र सहकार्य गर्नु पर्ने हो, सो सम्बन्धमा स्पष्टता हुन आवश्यक छ। स्थानीय न्यायीक समिति वा स्थानीय सरकारका काम कारबाही समेत न्यायिक परीक्षणका विषय हुन सक्ने भएकाले त्यस्ता काम कारबाहीका सम्बन्धमा मुख्यन्यायाधिवक्ता र यस कार्यालयको भूमिका प्रष्ट पार्नु पर्ने आवश्यकता छ।

५. मुख्यन्यायाधिवक्ताको कार्यालय स्थायी प्रकृतिको प्रदेश स्तरको केन्द्रीय कार्यालय भएकाले यसका लागि प्रदेश सरकारवाट आवश्यक भौतिक स्रोत साधनहरुको व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

६. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ दफा ३८(२) अनुसार प्रदेशस्तरीय प्यारोल र प्रोवेशन बोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षण मुख्यन्यायाधिवक्ताबाट हुने हुँदा सोसम्बन्धी कार्यविधि निर्माण गर्नुपर्ने देखिन्छ।

७. संविधानबमोजिम निर्माण हुने प्रदेश न्याय सेवा आयोगमा मुख्यन्यायाधिवक्ताको भूमिका स्पष्ट हुनुपर्दछ।

८. प्रदेश प्रहरी प्रशासन, शान्ति सुरक्षा र अनुसन्धान ब्युरो प्रदेशको एकल अधिकार संविधानको अनुसूची (६) मा उल्लेख भएकोले त्यस्तो संरचनामा समन्वय र सहकार्यका लागि मुख्य न्यायाधिवक्ताको भूमिका स्पष्ट हुन जरुरी छ।

९. खास खास प्रकृतिका वा आवश्यकता परेमा मुद्दामा प्रदेश सरकार तथा प्रदेश सरकार मातहतका निकायहरुको प्रतिरक्षा गर्न विषेशज्ञ निजी कानून व्यवसायीको समेत सेवा लिन सकिने व्यवस्था कानूनमा भएकोले त्यस्ता कानून व्यवसायीको मापदण्ड र पारिश्रमिक सम्बन्धी व्यवस्था समयमा नै हुन आवश्यक छ।

१०. यस कार्यालयमा कार्यरत सरकारी वकील तथा कर्मचारीहरुले कार्यालय समयबाहेक अतिरिक्त समयमा कानून निर्माण तथा सो मस्यौदासम्बन्धमा अध्ययन, अनुसन्धान तथा सहभागी हुनुपर्ने अवस्था छ भने प्रदेश सरकार तथा यस मातहत रहने कार्यालय तथा पदाधिकारीहरुलाई विपक्षी बनाई दायर हुने मुद्दाको मिसिल अध्ययन, राय सल्लाह, बहस पैरवी तथा प्रतिरक्षा गर्नु पर्ने हुँदा सरकारी वकिल तथा कर्मचारीहरुले अतिरिक्त समय काम गर्नुपर्ने भएकोले यस कार्यलयमा कार्यरत सरकारी वकील तथा कर्मचारीहरुलाई आफ्नो कामप्रति उत्प्रेरित र उत्तरदायी बनाउन तथा काममा गुणस्तरीयता ल्याउन अतिरिक्त कार्य गरेवापत प्रोत्साहन भत्ताको व्यवस्था हुन आवश्यक देखिन्छ।

११. यस कार्यालयको काममा सहजता ल्याउनको लागि काठमाडौंमा कार्यालयको अतिरिक्त कक्ष स्थापना गर्न आवश्यकता रहेको देखिन्छ र त्यसको लागि भौतिक स्रोतको सुनिश्चता गरिनुपर्दछ।

१२. संवैधानिक व्यवस्था अनुसार प्रदेश सभाबाट नयाँ कानूनहरुको निर्माण हुने क्रम जारी छ। सो अनुरुप मुख्यन्यायाधिवक्ता तथा मुख्यन्यायाधिवक्ताको कार्यालयमा पूर्वतयारी र थप क्रियाशीलता देखाउनु पर्ने अवस्था छ।यसका लागि पर्याप्त स्रोत, साधन र जनशक्तिको उपलब्धता एवं कार्यविधिगत व्यवस्थाहरुलाई प्राथमिकतामा राख्नु पर्ने देखिन्छ।

१३. प्रदेश सभाको विषयगत समितीहरुको छलफलमा मुख्यन्यायाधिवक्ता र मुख्यन्यायाधिवक्ताको कार्यालयका न्यायाधिवक्ताहरुको उपस्थितिलाई जोड दिनुपर्ने देखिन्छ।

१४. मुख्यन्यायाधिवक्ता कार्यालयको परिचय, उदेश्य महत्व र भूमिका सम्बन्धमा आम नागरीक र सरोकारवाला निकायलाई जानकारी गराउनु आवश्यक देखिन्छ।

१५. विश्वको विभिन्न मुलुकहरुमा मुख्यन्यायाधिवक्ता कार्यालयको अवस्था अध्ययन, अनुसन्धान गरी तुलनात्मक अनुसन्धानको माध्यमवाट मुख्यन्यायाधिवक्ताको कार्यालयको थप सुदृढ गर्नु पर्ने देखिन्छ।यसको लागि अन्तरदेशिय भ्रमण, अध्ययन, अनुसन्धान गर्नु पर्ने देखिन्छ।

१६. कानूनको रिक्तता भएको अवस्थामा पनि सम्बन्धित अधिकारीले निर्णय गर्ने गरेको देखिँदा कानूनी विवादहरु अदालत प्रवेश गर्ने र कतिपय अवस्थामा अन्तरिम आदेश तथा रिट जारी हुने गरेकाले कानूनको रिक्तता वा दुविधालाई स्पष्ट पारेर मात्र निर्णय लिनुपर्ने देखिन्छ।

१७. प्रदेशका सबै मन्त्रालयहरुमा कानून अधिकृतहरुको दरबन्दी रहे पनि सबै ठाँउमा पदपूर्ति नभएकाले अधिकृतहरुको कार्यबोझ बढी देखिँदा सबै पदहरुमा पदपूर्ति गर्नुपर्ने देखिन्छ।

परिच्छेद ३

## <u>३. सुशासन तथा सेवा प्रवाहमा सुधार ल्याउन भएका प्रयासहरू</u>

बागमती प्रदेश सरकारले आ.व. २०८०/०८१ मा सुशासन अभिवृद्धि गरी सरकारको सेवा प्रवाहमा सुधार र कार्यसम्पादनमा प्रभावकारीता ल्याउन नीतिगत, संस्थागत, कार्यगत तहमा विशेष पहलहरू गरेको छ। सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहको सुधारको लागि अल्पकालिन तथा दिर्घकालिन प्रयासहरूको शुरूवात भएका छन्। मुख्यमुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन्।

- प्रदेश किताबखाना स्थापना भई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहकार्यमा PIS Portal हस्तान्तरण भई प्रदेशका कर्मचारीहरूको अभिलेख व्यवस्थापनको कार्य भइरहेको। साथै, कर्मचारी तथा पदाधिकारीहरूको प्रत्येक आ.व. मा पेश गर्नुपर्ने सम्पत्ति विवरणको अभिलेख व्यवस्थापन कार्य भइरहेको छ।
- प्रदेश सुशासन केन्द्रमार्फत प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि आवश्यकतामा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन भइरहेको छ।
- प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ प्रदेश सभाबाट पारित भई प्रदेश र स्थानीय तहका कर्मचारीहरूको सरूवा तथा बढुवाका कार्य निरन्तर भएको।
- मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा बढुवा समितिको सचिवालय स्थापना भई नियमित बढुवामार्फत वृत्ति विकासलाई सुनिश्चित गरिएको छ।
- स्थानीय तहका कर्मचारीहरूको सरूवालाई व्यवस्थित बनाउन अन्तरस्थानीय तह सरूवा व्यवस्थापनको कार्य शुरूवात गरिएको छ।
- प्रदेशका मन्त्रालय र अन्तर्गतका निकाय एवम् स्थानीय तहहरूको संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण तथा व्यवस्थापकीय परीक्षण गर्ने कार्यको थालनी भएको छ।
- प्रदेशका सम्पूर्ण मन्त्रालय र अन्तर्गतका निकायहरू म्यानुअल हाजिरी प्रतिस्थापन गरी विद्युतीय हाजिरी स्थापित गरिएको छ।
- प्रदेशको सार्वजनिक सेवाप्रवाह र कार्यालय व्यवस्थापनका कार्यलाई वैज्ञानिक र सूचना प्रविधिमैत्री बनाउन लागि विद्युतीय गुरूयोजना तयार गरिएको छ।
- सेवाग्राहीहरुको गुनासो सुनुवाई व्यवस्थापन गर्नका लागि मन्त्रालयहरूमा गुनासो सुन्ने अधिकारीसहितको संयन्त्रको व्यवस्थापन भएको। सबै मन्त्रालय तथा कार्यालयहरूमा सूचना अधिकारी तथा प्रवक्ताको व्यवस्था गरिएको छ।सार्वजनिक सुनवाईको अनिवार्य व्यवस्था गरिएको छ।
- सूचना तथा सञ्चार प्रविधिमा प्रदेश सरकारको उपस्थिति वृद्धि गरी प्रदेशले प्रदान गर्ने सेवाहरूलाई विद्युतीय प्रणालीमा क्रमशः आबद्ध गर्दै लगिएको छ। प्रदेशका मन्त्रालय तथा निकायहरूका सूचनाहरु विद्युतीय माध्यम सम्प्रेष्ण गरिँदै आएको छ।
- मन्त्रालयगत आन्तरिक नियन्त्रण प्रणाली निर्माणलाई प्राथमिकता दिइएको छ।

- मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति तथा प्रदेशस्तरीय विकास समस्या समाधान समितिका बैठकहरू नियमितरूपमा सञ्चालन गरि विकास निर्माण तथा सेवा प्रवाहमा देखिएका समस्याहरूको समाधन गर्न प्रयास गरिएको छ।
- पूर्वतयारी, शैक्षिक परामर्श र भाषा शिक्षण गर्ने संस्थाहरूलाई अनलाईन मार्फत दर्ता हुने व्यवस्था मिलाईएको छ।
- संवैधानिक तथा कानूनी  रूपमा गठित अन्तर तहगत समन्वय समितिहरूमा प्रदेशको तर्फबाट प्रतिनिधित्व सहित समस्या तथा सूझावहरू प्रदान गर्ने गरिएको छ।

परिच्छेद ४

## ४.सेवाप्रवाहमा देखिएको समस्या तथा सुधारका उपायहरू

### ४.१ सेवा प्रवाहमा आएका समस्याहरू

#### क) कर्मचारी व्यवस्थापन

- प्रमुख सचिव तथा प्रदेश सचिवस्तर तथा पदमा कार्यरत कर्मचारीहरूको छोटो अवधिमा सरूवा हुँदा नीतिगत तथा प्रशासनिक अस्थिरता,
- समायोजन भई आउने कर्मचारीहरू मध्ये सेवा निवृत्त हुने कर्मचारीको सङ्ख्या उल्लेख्य तथा नयाँ नियूक्ति भई आउने कर्मचारीमा कार्यक्षेत्र, कार्यप्रकृति, सेवा प्रवाहमा नागरिक अपेक्षा लगायतका विषयमा जनाकारीको अभावका कारण सेवाको गुणात्मकता कायम हुन नसकेको
- काठमाडौं उपत्यकाका कार्यालयहरूमा सरूवा भई जान चाहने कर्मचारीहरूको बाहुल्यता रहेको,
- स्थानीय तहमा कार्यरत कर्मचारीको एकीकृत विवरण कायम नहुँदा सरुवा, वृत्ति विकासमा समस्या रहेको,
- स्थानीय तहका कर्मचारीको वैयक्तिक विवरण दर्ता नहुँदा कर्मचारी व्यवस्थापनमा समस्या सिर्जना भएको,
- सरुवा सम्बन्धमा वैज्ञानिक तथा वस्तुनिष्ठ मापदण्डको अभाव भएको,
- प्रदेशमा समायोजन भई प्रदेश वृत्ति विकास लिएका कमर्चारीहरुको पेन्सन लगायतको विषयमा जटिलता सिर्जना भएको
- सङ्घीय निजामती सेवा ऐन समयमा जारी नहुँदा प्रदेश निजामती सेवाको दायरा र अन्तर तह वृत्ति विकास, सेवा, शर्त र सुविधामा अन्योल हुँदा कर्मचारीमा मनोवल कमजोर रहेको,
- सङ्घीय ऐनमार्फत् मापदण्ड, सिद्धान्तहरू तय हुन नसक्दा प्रदेश तथा स्थानीय सेवाको पदमा कार्यरत कर्मचारीहरूको पदस्थापना, सरूवा, तह वृद्धि र बढुवासम्बन्धमा अन्यौलता रहेको।

#### ख) अन्तर तह समन्वय र अन्तरसम्बन्ध

- सार्वजनिक सेवा प्रवाह तथा विकास निमार्णका विषयमा स्थानीय तह तथा जिल्ला समन्वय समिति बिच प्रभावकारी अन्तर सम्बन्ध कायम हुन नसकेको,
- राय प्रतिक्रियामा एकद्वार प्रणाली नहुँदा प्रदेशस्तरमा एकीकृत प्रतिवेदन तयारी तथा तथ्याङ्क सङ्कलनमा समस्या रहेको,
- एकै प्रकृतिको कार्य सम्पादन गर्ने निकायको दोहोरापना रहेको,
- वार्षिक बजेट तथा कार्यक्रम तर्जुमामा तीन तहकै सरकारबाट अन्य तहको एकल अधिकारमा समावेश भएका विषयमा समेत कार्यक्रम छनौट गर्ने प्रवृति
- संविधानबमोजिम साझा क्षेत्राधिकार भएका क्षेत्रमा तीनै तहका सरकारहरूको कार्य सम्पादनमा दोहोरोपना रहेको,
- राजस्व बाँडफाँटमा अन्योलता रहेको (जस्तैः ढुङ्गागिट्टी/बालुवाजस्ता दहत्तर बहत्तर रकमको प्रदेशमा बाँडफाँट)

- संविधान तथा सङ्घीय कानूनबमोजिम गठन भएका अन्तरतहगत समिति/संरचनाहरूको प्रभावकारी सक्रियता नदेखिएको,
- साझा अधिकारका क्षेत्रमा परेका तहगत अधिकार सूचीसम्बन्धमा कार्यविस्तृतीकरण प्रतिवेदनमा विस्तृतरूपमा उल्लेख नगरेको हुँदा स्पष्टताको कमी।

**<u>ग) कानून तर्जुमा तथा कार्यान्वयन</u>**

- प्रदेशस्तरमा आवश्यकता पहिचान भएका सम्पुर्ण कानूनहरूको तर्जुमा हुन नसकेको,
- प्रदेशमा तर्जुमा भएका केही कानूनहरुको कार्यान्वयन अवस्था कमजोर रहेको, जस्तैः अनुसन्धान ब्युरो, प्रदेश प्रहरी, संस्था दर्तासम्बन्धी कानून
- साझा अधिकारका विषयमा सङ्घीय कानून नबन्दा प्रदेशमा सोसम्बन्धी व्यवस्थाहरू कार्यान्वयनमा अन्यौलता कायम रहेको,
  संवैधानिक व्यवस्था अनुरुप सङ्घीयतामा आधारित अधिकार तथा जिम्मेवारीको अधिकतम निक्षेपणमा आधारित कानून निर्माण हुनुपर्नेमा अधिकारको केन्द्रिकृत गर्ने आशयका कानूनको तर्जुमा हुने गरेको।

**<u>घ) आर्थिक योजना तथा कार्यक्रम कार्यान्वयन</u>**

- स्वीकृत बार्षिक कार्यक्रममा मन्त्रालय तथा निकायबिच दोहोरोपना रहेको,
- मन्त्रालयहरुका अधिकतम योजना साना र टुक्रे प्रकृतिका हुने गरेको,
- राजस्वको दायरा सीमित रहेको,
- चालू खर्चमा क्रमशः बढोत्तरी भइरहेको,
- पूँजीगत खर्चको अपेक्षित प्रगति हुन नसकेको,
- आयोजना बैंक कार्यान्वयनमा नहुँदा तयारीबिनाका कार्यक्रम र योजना प्रस्ताव गर्ने परिपाटी रहेको,
- प्रदेशका बहुसङ्ख्यक जनताको जीवनमा सकारात्मक प्रभाव पार्न सक्ने ठूला आयोजना कार्यान्वयन हुन नसकेको,
- वितरणमुखी कार्यक्रम तथा आयोजनामा बजेट विनियोजन हुने गरेको,
- आयोजनाको म्याद थप भई निरन्तर दायित्वको सिर्जना हुने गरेको।

**<u>ङ) साङ्गठनिक सुधार</u>**

- मन्त्रालय तथा निकाय विभाजन तथा गाभ्ने कार्यका कारण संस्थागत संस्मरणको अभाव,
- मन्त्रालय तथा निकायको साङ्गठनिक संरचना र दरबन्दी तेरिजमा बारम्बार परिवर्तन हुँदा पूर्वाधारको निर्माण, कार्यजिम्मेवारी विभाजन र स्रोतसाधनको व्यवस्थापनमा समस्या रहेको,
- सङ्घ, प्रदेश र स्थानीय तहका निकायबीच समन्वय, सहकार्य र साझेदारी प्रभावकारी हुन नसकेको,
- मन्त्रालय तथा निकायको भौतिक संरचनाको अभावका कारण सेवा प्रवाहका कठिनाई भएको,

- निकायहरुविच प्रभावकारी समन्वयको अभाव,
- मन्त्रालय/निकायको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको।

**४.२ समस्या समाधानका लागि सुझावहरूः**

शासकीय सुधार मार्फत सुशासन प्रबर्द्धनप्रणालीलाई मजबुत् बनाइ सुशासन कायम गर्न सेवाप्रवाहमा निम्नबमोजिमको सुधारका सुझावहरू प्रस्तुत गरिएको छः-

- बागमती प्रदेशले जनशक्ति व्यवस्थापनका लागि प्रदेश निजमती सेवा ऐन, २०७९ कार्यान्वयनमा रहेको र प्रदेश लोकसेवा आयोगमार्फत जनशक्ति व्यवस्थापनको कार्यमा सहजीकरण भएको भएता पनि सङ्घीय ऐनको अभावमा यसको कार्यान्वयनमा चुनौति रहेकोले सङ्घीय ऐनको निर्माणका लागि सङ्घीय सरकारसमक्ष अनुरोध गर्ने।
- प्रदेशका स्थानीय दरबन्दीहरूमा अनिवार्यरूपमा प्रदेश लोकसेवा आयोगको वार्षिक कार्यतालिका बमोजिम हुनेगरी समयमा माग आकृति पठाई स्थायी पदपूर्तिको व्यवस्था मिलाउने।
- स्थानीय तहमा कार्यरत तथा प्रदेश लोकसेवा आयोगद्वारा सिफारिस भई नियुक्त भएका स्थानीय तहका कर्मचारीहरूको कर्मचारी सङ्केत नम्बरसहितको वैयक्तिक सूचना व्यवस्थापनका लागि कर्मचारी वैयक्तिक सूचना प्रणाली प्रदेशमा हस्तान्तरण गर्नका लागि सङ्घीय सरकारसँग पहल गर्ने।
- प्रदेश सुशासन केन्द्र मार्फत प्रदेश तथा स्थानीय तहका कर्मचारीको तालिम तथा क्षमता विकास साथै जनप्रतिनिधिहरूको सेवाप्रवाह, कार्यजिम्मेवारी, विद्यमान कानूनहरूको दायित्व तथा जिम्मेवारी सम्बन्धमा प्रशिक्षित गर्नका लागि प्रदेश सुशासन केन्द्रको क्षमता विकास गरी व्यावसायिक बनाउने। यसका लागि व्यावसायिक जनशक्ति दरबन्दी सिर्जना, पाठ्यक्रम विकास तथा प्रशिक्षकहरूको व्यवस्थापनमा ध्यान दिनुपर्ने।
- सङ्घ, प्रदेश बीचका अन्तरसमन्वय गर्नुपर्ने विषयक्षेत्रहरूको सम्बन्धमा संविधान तथा कानूनले निर्दिष्ट गरेका अन्तरतह समन्वयसँग सम्बन्धित परिषद्, समितिहरूको बैठक नियमित रूपमा सञ्चालनका लागि सङ्घीय सरकारसँग पहल गर्ने र सो बैठकहरूमा प्रदेश सरकारको तर्फबाट प्रभावकारी उपस्थितिको सुनिश्चितता गर्ने।
- स्थानीय तह र प्रदेश सरकार बीच साझा अधिकारका सूचीहरू, अन्तर स्थानीय तहगत समन्वय तथा सहजीकरण, प्रदेश र स्थानीय तहहरू बीचका समसामयिक समस्यालगायतका विषयमा प्रदेश समन्वय परिषद्को बैठकबाट साझा नीतिगत धारणा विकास गर्ने।
- निश्चित सूचक र मापदण्डका आधारमा आयोजनाको छनौट तथा प्राथमिकीरण गर्ने व्यवस्था गर्नुपर्ने।प्रदेशका आयोजनाहरूको छनौटका सम्बन्धमा आयोजना बैंकको स्थापना गरी, पूर्व तयारी, जग्गा प्राप्ति, लगत ईस्टिमेट भएका आयोजनाहरूलाई आयोजना बैंकमा सूचीबद्ध गरी सोही आयोजनाहरू मात्र छनौट गर्ने। वित्तीय हस्तान्तरणसँग सम्बन्धित आयोजना छनौटमा स्थानीय तहसँग समन्वय गर्ने, सञ्चालन गर्नैपर्ने साना तथा टुक्रे प्रकृतिका आयोजना छनौट गरी वित्तीय हस्तान्तरण गरी कार्यान्वयन गर्ने, आयोजनाहरूको छनौटका लागि निश्चित बजेट सिमा

निर्धारण गर्ने, जनशक्ति र आयोजना संख्या बीचमा तादम्यता मिलाउने लगायतका विषय समेट्ने गरी योजना छनौट गर्ने पारिपाटीको विकास गर्ने।

- उपभोक्ता समितिको क्षमताभन्दा बाहिरका तथा विशिष्ट प्राविधिक ज्ञान सिपको आवश्यकता पर्ने आयोजना तथा कार्यक्रम उपभोक्ता समितिमार्फत् कार्यान्वयन गर्ने परिपाटीलाई निरूत्साहित गर्दै ठेक्कामार्फत् कार्यान्वयन गर्ने।
- प्रदेशका बहुवर्षीय आयोजना, क्रमागत आयोजना तथा मुख्य-मुख्य आयोजनाहरूको नियमितरुपमा अनुगमन गरी कार्यान्वयनका क्रममा देखिएका समस्याहरूको समाधानका लागि पहल गर्ने तथा समयमा निर्माण सम्पन्न गराउने, सम्पन्न भएका आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्ने। मन्त्रालय तथा निकायहरूले सेवा प्रवाहका सम्बन्धमा नियमित अनुगमन, पृष्ठपोषणको कार्यलाई निरन्तरता दिने तथा सेवा प्रवाहका सम्बन्धमा सेवाग्राहीको गुनासो तथा अपेक्षा सम्बोधन गर्ने संयन्त्रको विकास गर्ने।
- जिल्ला समन्वय समितिमार्फत् तीनै तहका सरकारबाट भएका विकास निर्माण र गैरसरकारी क्षेत्रबाट सञ्चालन भएका कार्यक्रमहरूको जिल्लागत वार्षिक एकीकृत तथ्याङ्कसहितको प्रतिवेदन प्राप्त गर्ने र जिल्ला समन्वय समितिमार्फत् तीनै तहका सरकारबीच समन्वय र सहजीकरणसम्बन्धी कार्य गराउने।
- प्रदेश सरकारका लागि आवश्यक पुर्वाधारको विकास गर्न जग्गा प्राप्ति विषयमा नेपाल सरकार समक्ष अनुरोध गर्ने।
- प्रदेशको एकल अधिकार सूचीसँग सम्बन्धित विषयहरूको पहिचान गरी सोसँग सम्बन्धित कानूनहरूको निर्माण गर्ने।
- अन्तरनिकाय समन्वय तथ सहजीकरणका लागि अन्तरमन्त्रालय सुझाव दिई समन्वयमा प्राथमिकता दिने। नीति, बजेट र कार्यक्रम निर्माण तथा कार्यान्वयका लागि अन्तरनिकायगत समन्वयलाई प्रभावकारी बनाउने।
- प्रदेशस्तरीय मन्त्रालय तथा अन्तर्गतका निकायहरू छुट्टै भवनसहितका एकीकृत पूर्वाधारको विकासमा जोड दिनुपर्ने।
- विकास निर्माण तथा सेवा प्रवाहको कार्यान्वयनमा विद्यमान सङ्घीय तथा प्रादेशिक कानूनहरूको कार्यान्वयनमा जोड दिने तथा संवैधानिक निकायहरूबाट प्राप्त हुने सल्लाह, सुझाव, निर्देशनहरूको परिपालना गर्ने।

## ५. उपसंहार

प्रदेश सुशासन ऐन, २०७७ ले निर्दिष्ट गरेबमोजिम आ.व. २०८०/०८१ को मन्त्रालयगत कार्यक्रम तथा सुशासन तथा शासन सञ्चालनमा देखिएका समस्या तथा समाधानका लागि गरिएका प्रयाससहित यो प्रतिवेदन तयार गरिएको छ।

यस अवधिमा प्रदेशको कर्मचारी व्यवस्थापन, सांगठनिक संरचना विकास तथा सुधार, प्रशासनिक स्थायित्व लगायतका क्षेत्रमा महत्वपूर्ण कार्यहरू भएका छन्। यसबाट प्रदेशको संस्थागत सबलीकरणमार्फत् सङ्घीय प्रणालीको प्रभावकारिता कायम गर्ने प्रयास भएको छ।

नेपालको संविधानले निर्दिष्ट गरेको सहकार्य, सहअस्तित्व तथा समन्वयको शैद्धान्तिक मान्यतालाई आत्मसाथ गर्दै प्रदेशले सङ्घ तथा स्थानीय तहको अन्तरसम्बन्धलाई विशेष जोड दिएको छ। अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँट मार्फत स्थानीय तहसँग वित्तीय तथा कार्यक्रमगत समन्वय एवं सहकार्य कायम हुदै आएको छ।जिल्ला समन्वय समिति सहयोग कार्यक्रमअन्तर्गत बागमती प्रदेश भित्रका १३ वटै जिल्ला समन्वय समितिलाई बजेट तथा कार्यक्रम उपलब्ध गराईएको छ।

सङ्घीयता कार्यान्वयन, अन्तरतह समन्वय र सहकार्यका सम्बन्धमा बागमती प्रदेश निरन्तर क्रियाशिल छ।बागमती प्रदेशको सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहको सुधारका लागि कार्यालयको विस्तार, कर्मचारी व्यवस्थापन, पुर्वाधार संरचनाको निर्माण, प्रविधिको उपयोगमा जोड दिदै आएको छ । प्रदेश सरकारको अधिकार क्षेत्र प्रदेश भित्रको शिक्षा, स्वस्थ्य, खानेपानी तथा अन्य भौतिक पूर्वाधारको विकास तथा विस्तारका लागि विषयगत मन्त्रालयहरुबाट कार्यक्रमहरू निरन्तर रुपमा सञ्चालन भएका छन्।दिगो विकास लक्ष्य हासिल गर्न प्रदेशको आवधिक योजनाले निर्देशित गरे अनुसार स्रोत तथा साधनको परिचालन हुँदै आएको छ । विकास आयोजनाको सञ्चालन तथा व्यवस्थापनमा देखापरेका समस्याहरूको समाधानका लागि प्रदेश स्तरीय विकास समस्या समाधान समितिलाई क्रियाशिल बनाइएको छ भने राष्ट्रिय विषयमा सम्बन्धमा राष्ट्रिय विकास समस्या समाधान समितिमार्फत् समस्या समाधनको लागि पहल गरिएको छ।

बागमती प्रदेशमा रहेका युवा जनशक्तिको क्षमता विकास गरी उद्यम विकासका कार्यक्रममार्फत् युवा सोच र सामर्थ्यलाई आर्थिक विकासमा सम्मिलित गराउन मन्त्रालयहरु मार्फत् विभिन्न कार्यक्रम सञ्चालन गरिदै आएको छ।रोजगारी सिर्जना, गरिबी निवारण तथा सामाजिक सुरक्षाको प्रवर्द्धनमार्फत् यस प्रदेशलाई समृद्ध, समुन्नत बनाउने दिशामा प्रदेश निरन्तर क्रियाशिल रहेको छ।औद्योगिक क्षेत्रमा सुधारका लागि साना तथा घरेलु उद्योगहरूको लागि प्रविधि हस्तान्तरण, सिप विकासमा विशेष जोड दिईएको छ।उपभोक्ताको हकहितको संरक्षण तथा बजार व्यवस्थापनका लागि सामुहिक अनुगमन कार्यलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाईएको छ।

कृषिको व्यवसायीकरण, प्रविधिको आधुनिकीकरण तथा यान्त्रीकरण, बालीको विविधिकरणमार्फत् कृषिको उत्पादन तथा उत्पादकत्वको वृद्धि गर्दै कृषि उपजमा आत्मनिर्भर बन्न कृषिमा उद्यमशीलता, सामुहिक खेती प्रणालीलगायतमा जोड दिदै उत्पादन विशेष कार्यक्रमहरू सञ्चालन गरिएको छ।विभिन्न प्राकृतिक तथा किटजन्य प्रकोपका कारण कृषि उत्पादनमा हुने क्षतिबाट कृषकलाई राहत उपलब्ध गराउने कार्यक्रमहरू सञ्चालन गरिएको छ।कृषि उपजहरूको उत्पादनमा आधारित अनुदान प्रणालीलाई व्यवस्थित बनाउँदै लगिएको छ।

प्रदेशका प्रशासनिक संरचनाहरूलाई संस्थागत गर्दै सुशासनसहितको शासन व्यवस्थाको सबलीकरणमा जोड दिइएको छ। नागरिकका आकाङ्क्षाअनुरूप प्रभावकारी तथा मितव्ययी शासन प्रणालीको विस्तारका लागि नीतिगत तथा संस्थागत विकासतर्फ प्रदेश सरकार प्रतिबद्ध रहेको छ। प्रदेश सरकारको नीति, बजेट तथा कार्यक्रम कार्यान्वयन क्रममा प्राप्त सफलता तथा देखिएका चुनौतिहरूलाई पृष्ठपोषणका रूपमा लिँदै नेपालको संविधानले परिलक्षित गरेको सफलता हासिल गर्ने अग्रसर रहेको छ।

अनुसूची-१

**महत्वपूर्ण क्षेत्रगत सूचकहरु**